लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ बिमर्श

Naya Bimarsha Weekly

वर्ष १४, अंक १५, २०७७ कात्तिक २१ गते शुक्रबार (Nov. 6, 2020) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

नेकपा फुटको संघारमा

☐ नेताहरू पर्ख र हेरमा ☐ ओली पेलेरै जाने पक्षमा

भक्तपुर/ सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विवाद उत्कर्षमा पुगेर फुटको संघारमा पुगेको छ। प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष खड्गप्रसाद शर्मा ओली र अर्का कार्यकारी अध्यक्ष पुष्पकमल दाहालका बीचमा व्यक्तिगत टकराब जस्तो देखिएको समस्या अहिले आएर तल्लो तहसम्म पुगेका कारण फुटलाई रोक्न नेकपामा हम्मे हम्मेको अवस्था आएको छ। प्रदेशस्तरमा मात्र नभएर जिल्ला र स्थानीय तहसम्म पनि नेता कार्यकर्ता एकले अर्को पक्षको खेदो खन्न पुगेका छन्। यता, ओली र दाहाल भने 'पर्ख र हेर' को स्थितिमा रहेका छन्।

प्रधानमन्त्री ओलीको कार्यशैलीका कारण नेकपामा समस्या आइरहेको बुझाइमा ओली इतरका नेता कार्यकर्ता रहेका छन्। उनीहरु ओलीलाई समस्या देखिरहेका छन् किनकि ओलीले दलको कुनै पनि निर्णयहरु नमानी एकलौटी ढंगबाट आफू तथा दललाई चलाउन चाहेको भनी ओलीइतरका नेता कार्यकर्ता आक्रोशित बनेका हुन्। ओलीइतरको समूहमा दाहालका अतिरिक्त माधवकुमार नेपाल, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ, वामदेव गौतम (?) बस् लगायतका नेताहरु देखिएको अवस्था छ। यस्तो अवस्थामा ओली भने पूर्व एमालेलाई एकत्रित बनाउने रणनीतिमा लागी दाहाललाई कुनामा पुऱ्याउने वा उनलाई अर्को दल गठन गर्न बाध्य पार्ने मनसायमा रहेको समाचार स्रोतले दाबी गरेको छ।

जति भन्दा पनि ओलीको कानमा बतास नलागेको बुझाइमा पुगेका दाहाल भने ओलीले चाल्ने कदमपछि आफूले चाल्ने संभावित कदमहरुका बारेमा योजना बनाउन लागि परेको पनि समाचार स्रोतले जानकारी दिएको छ।

लामो समयदेखि नेकपामा विवाद देखिदै आएको छ। त्यसो त नेपाली कांग्रेसलाई हराउन वा आफू जसरी पनि जित्नका लागि तात्कालीन नेकपा (एमाले) र माओवादी (केन्द्र) का बीचमा अप्राकृतिक गठबन्धन बनाउने कार्य गरिएको थियो। त्यसरी बनाइएको चुनावी गठबन्धनलाई चुनावपछि दुई दलका बीचमा एकता गर्ने भनी दुई दलका अध्यक्षहरु ओली र दाहालले हात उठाएको भरमा गरिएको एकतालै निर्वाचन सकिएको करिब तीन वर्ष पुग्न लाग्दा पनि सार्थकता पाउन सकेको छैन। दुई दलका बीचमा एकता गरिएको भनिए पनि धेरै ठाउँमा एकतालै मूर्त रुप पाउन नसकेको मात्र होइन किन अहिले आएर 'पूर्व' दलको 'ह्याङ ओभर'बाट गुज्रिरहेको स्थिति छ। दुवै दलले आवश्यक परेका बेलामा 'पूर्व' पहिचानलाई खोज्न चाहेको स्थिति छ।

कर्णाली प्रदेशमा पूर्वमाओवादीका तर्फबाट सरकारको नेतृत्व भएको कुरालाई ओली पक्षले पचाउन नसकेको अवस्थामा मुख्यमन्त्रीविरुद्ध आफ्नै दलका १८ जना सांसदले अविश्वासको प्रस्ताव दर्ता गराएपछि शुरु भएको विवाद अहिले फेरि दल विभाजनको संघारसम्म आइपुगेको हो। यस्तो अवस्थामा प्रधानमन्त्री ओली पूर्वएमालेलाई समेटेर अगाडि बढ्ने नयाँ रणनीतिमा लागेका छन्। ओली समूहका केही नेताहरुले केही दिन अगाडि नेता प्रदीप नेपाललाई भेटेर पूर्वएमालेहरु एक ठाउँमा आउने गरी माधवकुमार नेपाल समूहलाई मनाई दिन आग्रह गरेका थिए। ओलीले चाहेजस्तो पूर्वएमालेको छुट्टै समूह बनिहाल्ने संभावना भने कमै देखिएको छ।

ओलीले वरिष्ठ नेता माधवकुमार नेपाललाई दुईपटक भेटेर सहकार्यका लागि आग्रह गरे पनि नेता नेपालले ओलीलाई

(बाँकी अन्तिम पृष्ठमा)

सांसद के.सी.को निधनले कांग्रेस दुःखी

पोखरा/ नेपाली कांग्रेसका आमन्त्रित केन्द्रीय सदस्य सूर्यबहादुर के.सी.को निधनप्रति कांग्रेसको संसदीय दलले दुःख व्यक्त गरेको छ। प्रतिनिधिसभा सदस्य रहेका सांसद के.सी.को यहाँस्थित निवासमै ६३ वर्षको उमेरमा निधन भएकाले प्रमुख सचेतक बालकृष्ण खाणले मंगलबार एक विज्ञप्तिमार्फत दुःख व्यक्त गर्दै सोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका हुन्।

वि.सं. २०१४ मा पदमकुमारी देवी र कीर्तिबहादुरको ज्येष्ठ सुपुत्रको रुपमा जन्मिएका के.सी. २०७४ सालमा कांग्रेसको तर्फबाट समानुपातिक प्रणालीबाट प्रतिनिधि सभा सदस्य भएका थिए। नेपालको औद्योगिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका के.सी. औद्योगिक क्षेत्रमा सम्मानित व्यक्तित्वका रुपमा रहँदै आएका थिए।

यसैगरी कांग्रेस केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले के.सी.को निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको कांग्रेसको केन्द्रीय कार्यालयले जनाएको छ। सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकले कार्तिक १८, १९ र २० गते तीन दिनसम्म पार्टीको

(बाँकी अन्तिम पृष्ठमा)

पर्सामा सात सय बढी कांग्रेसमा

वीरगञ्ज/ पर्सा जिल्लामा सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र तत्कालीन संघीय समाजवादी पार्टीका सात सय भन्दा बढी नेता तथा कार्यकर्ताहरू नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। पर्साको पकाहमैनपुर गाउँपालिका-५ मा बुधबार आयोजित कार्यक्रममा उनीहरू कांग्रेसमा प्रवेश गरेका हुन्।

पकाहमैनपुर गाउँपालिका-५ का कांग्रेसका सभापति बलिराम चौरसियाको अध्यक्षतामा आयोजित कार्यक्रममा उनीहरुले स्वःस्फुर्त रुपमा कांग्रेसलाई रोजेको बताइएको छ। नेकपा र तत्कालीन संघीय समाजवादी पार्टी लगायतका विभिन्न पार्टी परित्याग गरी क्षेत्र नम्बर १ देखि ४ सम्मका सात सयभन्दा बढी नेता तथा कार्यकर्ता कांग्रेसमा प्रवेश गर्दा त्यहाँ चारतारे झण्डा जतातै देख्न पाइन्थ्यो। संघीय समाजवादी पार्टीको तर्फबाट प्रदेशसभा सदस्यको उम्मेदवार समेत रहेका व्यक्तिहरूले समेत कांग्रेसमा प्रवेश गरी देश र जनताको सच्चा दल कांग्रेस नै रहेको सन्देश दिएका बताइएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

नि:शुल्क खाना अभियानलाई काँग्रेसको समर्थन

काठमाडौं/ खुलामञ्चमा नि:शुल्क खाना खुवाउने अभियानलाई काठमाडौं महानगरपालिकाले विरोध गरेको हालको अवस्थामा सो अभियानलाई प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले समर्थन गरेको छ।

काँग्रेसका नेताहरुले खुलामञ्च नै पुगेर नि:शुल्क खाना खुवाउने अभियानलाई समर्थन गरेका हुन्। काठमाडौं महानगरपालिकाको अहिलेको नेतृत्वले आम नागरिकको समस्या नबुझेको आरोप लगाउँदै यो अभियानले खान नपाएका मानिसहरुलाई निक्कै नै राहत मिलेको दाबी गरे। महानगरपालिका आफैंले राहत पुऱ्याउनुपर्ने ठाउँमा दाताहरुले सहयोग गरेको अवस्थामा उल्टै रोक्न निर्देशन दिने कुरा कदापि स्वीकार्य नहुने कांग्रेसका नेताहरुले बताएका छन्।

सोही अवसरमा काँग्रेस नेता तथा सांसद भीमसेनदास प्रधानले नि:शुल्क खाना खुवाइरहेको समूहलाई १० हजार नगद सहयोग गर्दै सरकारले विकल्प नदिँदासम्म खुलामञ्चमा खाना खुवाउन रोक्न नहुने बताएका थिए।

विवेकहीन नेतृत्वले काँग्रेसमा संकट

काठमाडौं। नेपाली कांग्रेसमा आन्तरिक शक्तिसंघर्ष सतहमै छातछुल्ल बनेको छ। खासगरी संस्थापन पक्षका र संस्थापनइतर पक्षका नेताहरु समझदारी खोज्नेतिरभन्दा गुट बलियो बनाउनेतिर केन्द्रित हुँदा समस्या देखिएको हो। आगामी १४ औं महाधिवेशनको तिथिमिति तोकिइसकेको अवस्थामा गत असोज १९ गते डाकिएको केन्द्रीय कार्यसमितिको बैठक कोभिड-१९ का कारण स्थगित बन्दै आइरहेको छ। जुन आज (कात्तिक २१ गते) बस्दैछ।

काँग्रेसमा वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका पदाधिकारी र केन्द्रीय सदस्यहरुसमेत गरी २७ जनाले हस्ताक्षर गरी केन्द्रीय कार्यालयमा गत असोज ११ गते दर्ता गरेको ज्ञापनपत्र र क्रियाशील सदस्य वितरणमा देखिएको समस्या तथा विधान, पद्धति र प्रक्रियाका बारेमा पनि व्यापक छलफल हुने बताइएको छ। 'मेरो गोरुको बाह्रै टक्का' भन्ने सभापति शेरबहादुर देउवाको मिचाहा प्रवृत्ति र जेमा पनि भागबण्डा खोज्ने वरिष्ठ नेता पौडेको कचकचे बानीले काँग्रेसमा विवेकहीन नेतृत्वका कारण संगठन धराशयी बन्दै गइरहेको छ।

नेकपा सरकारको ताण्डव नृत्य र ब्रह्मलुट एवं कोभिड-१९ बाट पिल्सिएका जनताको कैयौं समस्याका बारेमा एक शब्द मुखसम्म नखोल्ने प्रतिपक्ष दल काँग्रेसको रबैयाले जनताको मन थप खिन्न पारेको

(बाँकी अन्तिम पृष्ठमा)

कुसाइतमा भारतीय सेनाध्यक्षको भ्रमण

काठमाडौं। नेपाल-भारत सीमालाई लिएर विगत छ महिनादेखि कायम विवाद र सम्बन्धमा देखिएको दरारका बीच भारतीय स्थलसेना प्रमुख मनोज मुकुन्द नरवणे गत कात्तिक १९ गते श्रीमतीसहित चार सदस्यीय टोली काठमाडौं आइपुगेका छन्। भारतीय वायुसेवाको विशेष विमानद्वारा काठमाडौं आइपुगेका नरवणे नेपाली प्रधान सेनापति डा. पूर्णचद्र थापाको औपचारिक निमन्त्रणामा आएको बताइएको छ।

नेपालले लिम्पियाधुरा, लिपुलेक र कालापानी भूमि समेटेर नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेपछि कसैको इशारामा सीमाको मुद्दा उठाएको भन्दै नेपालको राष्ट्रिय अखण्डता र राष्ट्रिय स्वाधीनताको बारेमा विवादास्पद अभिव्यक्ति सेनाध्यक्ष नरवणले दिएका थिए, जसको चौतर्फी आलोचना भएको थियो। नेपालले जारी गरेको नयाँ नक्साका आधारमा संविधानसमेत

संशोधन गऱ्यो। सबै राजनीतिक दलहरु एकजुट भएपछि राजनीतिक तहमा आजसम्म औपचारिक संवाद हुन सकेको छैन। भारतीय सेनाध्यक्ष नरवणेलाई राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली सेनाको मानार्थ महारथिको दर्ज्यानी खड्ग चिह्न र प्रमाणपत्र प्रदान गर्ने कार्यक्रम रहेको स्रोतले जानकारी दिएको छ।

नेपालका प्रधानसेनापति पूर्णचन्द्र थापाले २०७५ पुस २९ मा भारतीय राष्ट्रपति रामनाथ कोविदबाट नयाँ दिल्लीमा भारतीय स्थलसेनाको मानार्थ प्रधानसेनापतिको दर्जा ग्रहण गरेका थिए। विवादास्पद अभिव्यक्ति दिएर नेपालमा राजनीतिक अवस्थासमेत धमिलिएको अवस्थामा काठमाडौं आएका नरवणेको भ्रमणले पारस्परिक सम्बन्धको

(बाँकी अन्तिम पृष्ठमा)

केसीको निधनले पाण्डेलाई चिठ्ठा

काठमाडौं। 'आरए-आरए रारा मिठो भन्छन् सारा' अर्थात् रारा चाउचाउका मालिक सूर्यबहादुर केसीको गत कात्तिक १७ गते निधन भएको छ। दक्षिण एसियामा पहिलो तयारी चाउचाउ भित्र्याउनेलगायत हाउजिङ, हाइड्रो र निर्माण व्यवसायमा संलग्न व्यवसायी केसीलाई राप्रपाबाट गत २०७४ को प्रतिनिधिसभा निर्वाचन अघि काँग्रेसमा प्रवेश गराई समानुपातिकतर्फ सांसद् बनाइएको थियो। काँग्रेसले समानुपातिकतर्फ प्राप्त गरेको कूल सिटमध्ये एउटामा केसीलाई सांसद् बनाइएको थियो।

(बाँकी अन्तिम पृष्ठमा)

अदालत गए ट्रम्पका प्रतिनिधि

एम.पी.भट्टराई

वासिंगटन डिसी/ डेमोक्रेटिकतर्फका प्रत्यासी जो बाइडेनले मिसिगन र विस्कन्सिन राज्यमा विजय हासिल गर्ने प्रोजेक्सन गरिएको तथा अमेरिकाको राष्ट्रपति बन्नका लागि बाइडेनलाई यी राज्यको मत निर्णायक साबित हुने अवस्थामा बहालवाला राष्ट्रपति एवम् रिपब्लिकन पार्टीका उम्मेदवार डोनाल्ट ट्रम्पका प्रतिनिधिहरु अदालतको आदेशको खोजीमा अदालत प्रवेश गरेका छन्।

कुनै एक ब्याटलग्राउन्ड स्टेटमा बाइडेनले विजय हासिल गरे उनी राष्ट्रपति बन्ने अवस्था देखिएपति ट्रम्पका प्रतिनिधिहरु मतगणना प्रक्रियाको विषयलाई लिएर अदालतको ढोका ढक्ढक्याउन पुगेको बताइएको छ। मिसिगन र विस्कन्सिन राज्य डेमोक्रेटिक पार्टीको बाहुल्यता भएका राज्य मानिन्थे। यद्यपी, गत चुनावमा डोनाल्ड ट्रम्प त्यहाँबाट विजयी भएका थिए। त्यसैले यसपटकको चुनावमा यी राज्यहरुलाई ब्याटलग्राउन्ड स्टेट मानिएको छ।

अमेरिकामा मतदान सकिएर मतगणना चलिरहेको अवस्थामा कुनै पनि उम्मेदवारले आवश्यक दुई सय ७० मत ल्याउन सकेका छैनन्। एसोसिएटेड प्रेस (एपी) को प्रोजेक्सन अनुसार इलेक्टोरल संख्या दुई सय ६४ पुऱ्याइसकेका बाइडेनको पक्षमा सात करोड एक लाखभन्दा धेरै लोकप्रिय मत भइसकेको छ। जो अमेरिकी राष्ट्रपतिका लागि अहिलेसम्म प्राप्त सर्वाधिक धेरै मत हो।

यस्तो अवस्थामा पनि मानिसहरुले

(बाँकी अन्तिम पृष्ठमा)

उवासंघमा ढकाल समूहको उम्मेदवारी

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघको आसन्न निर्वाचनका लागि वरिष्ठ उपाध्यक्षका उम्मेदवार चन्द्रप्रसाद ढकालले आफ्नो छुट्टै समूह बनाएर उम्मेदवारी दर्ता गराएका छन्।

ढकाल समूहबाट विभिन्न व्यक्तिले जिल्ला तथा नगर, वस्तुगत र एसोसिएट्सतर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दर्ता गराएका छन्। उनको समूहका तर्फबाट वस्तुगततर्फ केन्द्रीय सदस्यमा हेमराज ढकाल, आकाश अधिकारी, कमला श्रेष्ठ, जय शिवाकोटी, सुवास भण्डारी, प्रकाशसिंह कार्की, भक्त हमाल, सुबोधकुमार गुप्ता, सुमित केडिया, रवीनकुमार श्रेष्ठ र नरेशलाल श्रेष्ठको उम्मेदवारी परेको ढकालले जानकारी दिए।

यसैगरी जिल्ला नगरतर्फबाट अशोक ताम्राकार, तारानाथ घिमिरे, उमेश डामियालगायतले उम्मेदवारी दर्ता गराएको बताइएको छ। यसैगरी राजन श्रेष्ठ, बोधनाथ दुवाडी, कमल श्रेष्ठ, नन्दलाल वैश्य, सुरकृष्ण वैद्यलगायतको उम्मेदवारी दर्ता भएको जानकारी गराइएको छ।

एसोसिएट्सतर्फ अजित बस्नेत, अम्बिकाप्रसाद पौडेल, रामशरण थपलिया, भरत आचार्य, विनोद ढकाल, विराट थापा, गोपाल खनाल, कृष्णलाल महर्जन, बाबुकाजी कार्कीलगायतले उम्मेदवारी दर्ता गराएको ढकाल समूहले जानकारी दिएको छ।

चन्द्रप्रसाद ढकालले आफ्नो समूहको उम्मेदवारी दर्ता गर्दै दातृ निकाय, सरकार र निजी क्षेत्रबीच पुलको काम गर्दै देशमा रोजगारी सिर्जना तथा उद्योग व्यवसायको

(बाँकी अन्तिम पृष्ठमा)

सडकमा मस्ती गर्ने सु.इ. र डि.इ.हरु

काठमाडौं। कोभिड-१९ का कारण सडक विभागका डिजी, सु.इ. र डि.इ.हरुको आयआर्जन तथा रङ्गीला क्षणहरुमाथि ब्रेक लागेको छ। कुनै बेला सडक विभागको महानिर्देशक र भौतिक पूर्वाधार तथा यातायात सचिव देवेन्द्र कार्कीले लमजुङको काउलेपानी रिसोर्टमा बिताएका रङ्गीला रातहरुको चर्चा अहिले पनि चल्ने गरेको छ। सचिव कार्कीलाई उक्त चाँजोपाँजो मिलाउने डि.इ. भानु जोशी हाल अख्तियारको निलम्बनमा परेका छन्।

सडकमा सुइ र कामुसुइ भएर मस्ती गर्नेहरुमा राष्ट्रिय गौरवको आयोजना भनिएका मध्यपहाडी लोकमार्ग आयोजनाका दीपक केसी, मदन भण्डारी राजमार्ग आयोजनाका उमेशबिन्दु श्रेष्ठ र हुलाकी राजमार्ग आयोजनाका रोहित बिसुराल रहेका छन्। वार्षिक ८ अर्ब जतिको बजेट चलखेल गर्न पाइने भएका कारण हुलाकी राजमार्गमा शक्तिकेन्द्रको दबाबमा का.मु. आयोजना प्रमुखबाट अशोक तिवारीलाई हटाएर बिसुरालले उक्त आयोजना हात पारेको सडकका जानकारहरुले बताएका छन्। मध्यपहाडी र मदन भण्डारीमा पनि वार्षिक ६ देखि ८ अर्बको बजेट सरकारले

(बाँकी अन्तिम पृष्ठमा)

मुख्यमन्त्री जोगिए, मन्त्री पनि थामिए

काठमाडौं। नेकपामा अध्यक्षद्वयको विवादको आगो निभेको छैन। दोस्रो तहका नेताहरुको दोडधूप यद्यपि जारी नै रहेको छ। खासगरी गत भदौ २६ गतेपछि अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहालबीच शक्ति बाँडफाँडमा मतान्तर चुलिएको हो। राजदूत सिफारिस, मन्त्रिपरिषद् पुनर्गठन, कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्धको अविश्वासको प्रस्ताव र रअ प्रमुखसँग प्रधानमन्त्रीको भेटघाटले दुई नेताबीच १२ दिनसम्म बोलचाल बन्द भई पार्टी विभाजनसम्मको अवस्था निम्त्याएको थियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री विरुद्ध ओली पक्षकासमेत गरी १८ जनाले अविश्वासको प्रस्ताव ल्याएपछि वरिष्ठ नेता माधवकुमार नेपाल पक्षले अविश्वासको प्रस्ताव फिर्ता लिएपछि मुख्यमन्त्री शाहीको पद जोगिएको थियो। पद जोगिएपछि मन्त्रिमण्डल पुनर्गठन गर्न लागेका थिए तर केन्द्रबाट हस्तक्षेप गरेपछि मन्त्रिमण्डल पुनर्गठन हुनबाट रोकियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीले ओली पक्षका मन्त्रीहरुलाई हटाएको भए भोलिपल्ट संघका मन्त्रीहरु वर्षमान पुन,

(बाँकी अन्तिम पृष्ठमा)

पिआइडीको ठेक्काले सचिवलाई तनाव

काठमाडौं। खानेपानी मन्त्रालयअन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालयमा नयाँ आयोजना प्रमुख भित्रिएका छन्। पुराना आयोजना प्रमुख भोजविक्रम थापाको अनिवार्य अवकाश पछि गत असोज ३० गतेको मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका प्राविधिक सहसचिव कमलराज श्रेष्ठलाई पिआइडीमा पठाइएको मन्त्रालय स्रोतले बताएको छ। श्रेष्ठको ठाउँमा मन्त्रालयका सचिव माधव बेलबासेले खानेपानी विभागअन्तर्गतको सहलगानी आयोजनाका आयोजना प्रमुख प्रदीप मुडबरीलाई पिआइडीमा लैजान गरेको प्रयास असफल भएपछि सचिव

(बाँकी अन्तिम पृष्ठमा)

राष्ट्रियताभित्र हाम्रो वास्तविक देश

प्रसङ्गवश

डिल्ली अम्माई

राज्यको निर्माण र पुरानो धारणा : कबिला राज्यको पालामा उनीहरूका मुखियाले चर्चेको भूभाग नै कालान्तरमा प्रशासकीय गण इकाईको रूपमा विकास भए। मानिस एकै थलोमा बस्न थालेदेखि नै उनीहरूले आफ्नो प्रभाव क्षेत्रको शान्ति-सुरक्षाको लागि वैदिक नीति-नियमहरू बनाएको वृतान्त पुराणहरूमा पाइन्छ। आफ्नो त्यही टेरिटोरी कालान्तरमा कबिला राज्यमा विकास हुन थाल्यो। जनसंख्याको विस्तारसँगै ती प्रशासकीय इकाईहरूको क्षेत्र बिस्तार हुदै गयो। त्यो बेला आफ्ना गण इकाईहरू विस्तार गर्ने क्रममा एक इकाईले अर्कोसँग युद्ध गर्न थाल्यो। कमजोर पक्ष बलियो पक्षको अधीनमा बस्न बाध्य बनाइयो। अन्ततः कबिला राज्यले देशको रुप लियो र बलियो गणराज्यको मुखियाले राजा वा सम्राटको रूपमा आफूलाई रुपान्तरण गरेको वृतान्त इतिहासमा पाइन्छ।

प्रकृतिले संयुक्त उपभोगको लागि उपलब्ध गराएको भूभाग कालान्तरमा विकास भएको मानव सोचले विभक्त गरायो। त्यही बेलादेखि जमिनको भागबण्डाको लागि महायुद्धहरू हुँदै आएको सत्यलाई नकार्न सक्दिनै। त्यसैले देश, राज्य, राष्ट्र, राष्ट्रियता मानव निर्मित सुरक्षाभाव, युद्ध उन्माद, शक्तिको होड, कब्जा र नियन्त्रणका परिणाम नै हुन् भन्न सकिन्छ।

व्युत्पत्ति

पुरानो संस्कृत परिभाषा अनुसार 'राज्' धातुबाट 'ष्ट्रन्' सूत्रले जोडिएर राष्ट्र शब्द बन्दछ। वैदिक वाङ्मयमा देश, जनपद,

(बाँकी अन्तिम पृष्ठमा)

शक्तिसंघर्षको उत्कर्षमा नेकपा, परीक्षामा दोस्रो पुस्ता

नेपालका दुई प्रमुख दलहरु (नेकपा र काँग्रेस) आमरुपमा समान प्रकृतिका समस्याबाट प्रताडीत भइरहेका छन् : विचारशुन्यता, गुटबन्दी र ध्वस्त पार्टी जीवन । यो प्रताडनाको परिणाम पनि एकै प्रकृतिको छ : न रुपान्तरण, न सञ्चालन । यो प्रशव वेदनाले राजनीतिप्रति युवा आकर्षण घटेको मात्र होइन, यो घटाइको मात्रा अब क्रमशः घृणा र आक्रोशमा परिणत हुँदैछ । लाखौं युवाहरुको राजनीतिक भविश्य समाप्त पारिँदैछ र त्यसको प्रत्यक्ष असर मुलुककै आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा परिरहेको छ । गणतन्त्र, संघीयता र बहुदलीय प्रतिस्पर्धासहितको नेपालको संविधान निश्क्रिय र निश्प्रभावी हुँदैछ ।

यस्तो अवस्थामा के यिनको विकल्प छैन त ?

दुईदलीय घेराभन्दा बाहिरको परिदृश्य कल्पना गर्ने हो भने नेपाली राजनीतिमा हस्तक्षेपकारी भूमिका, हैसियत, इतिहास, त्याग र विश्वसनियता अनि प्रभाव भएका अन्य कुनै दल नभएकाले यी दुई दलको तत्काल विकल्प देखिँदैन । त्यसर्थ, यी दलमा आमूल रुपान्तरणबाहेक मुलुकलाई सही दिशाबोध गर्ने अर्को कुनै हतियार पनि नागरिकसँग छैन । राजतन्त्र, हिन्दु राज्य वा एकीकृत राज्य प्रणाली नेपाली जनताले परित्याग गरेका र काम नलाग्ने प्रमाणित भइसकेका भुत्ते हतियार मात्र हुन् । संघीय लोकतन्त्रको विकल्प यसैको सुदृढीकरण र रुपान्तरण नै हो । अब प्रतिगमन न सम्भव छ, न उपयुक्त नै । प्रमुख दुई दल (सत्तारुढ नेकपा र प्रतिपक्षी नेपाली काँग्रेस) को अर्कमण्यताका कारणले परिवर्तन र रुपान्तरणको गाडी टक्क रोकिएको अनुभूति भएको छ । तर, आज यो लेखमा केवल नेकपाको शक्ति संघर्षका बारेमा मात्र चर्चा गरिने छ ।

विगतको झलक

नेकपा विसं. २००६ सालदेखिको इतिहास जोडिएको तर नयाँ दल हो । दुई भिन्न पृष्ठभूमि, परस्पर विरोधी राजनीतिक कार्यदिशा र भिन्न जीवनशैली अवलम्वन गरेका दुई दलको मिलनको प्रमुख उद्देश्य निर्वाचनको माध्यमबाट वैधानिकरुपले सत्ता कब्जा गर्नु थियो । तर, सत्ता कब्जा पश्चातको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको माध्यमबाट देशलाई अग्रगमनतर्फ लैजाने सुस्पष्ट 'ब्लु प्रिन्ट' उसँग थिएन । राजनीतिक कार्यदिशा, रणनीतिक लक्ष्य र पार्टी सञ्चालनका विधि अनि अनुशासनका बन्धनहरु तयार नगरिकनै हतार(हतारमा निर्वाचनको गठबन्धन र त्यति नै हतारका साथ पार्टी एकीकरणको घोषणा गरिएकाले त्यसका परिणाम र प्रभावहरु अब क्रमशः देखा पर्दैछन् । तत्कालीन माओवादी मूलतः फौजी संरचना र चिन्तनवाट निर्देशित थियो भने एमाले पूर्णरुपमा संसदीय पार्टीको चरित्र ग्रहण गरेको वाम पार्टी थियो । यी दुईका वीचमा देखिएको यो भिन्नताले यिनलाई सितिमिति एक हुन अनुमति थिएन । तर, दुई अध्यक्षको हृयाकुलाले पेलेर एकीकरणको घोषणा गरियो ।

मूल जड शक्तिको केन्द्रीकरण

आजको नेकपाभित्रको राजनीतिक र दार्शनिक पक्षलाई छाडेर विश्लेषण गर्दा नेकपाको समस्याको मूल जड शक्तिको अत्यधिक केन्द्रीकरण नै हो । दुई पार्टीका दुई अध्यक्षलाई प्रमुख पात्रका रुपमा अघि सारेर सारा शक्ति उनीहरुमै केन्द्रीकृत गरेर कम्युनिष्ट पार्टीको आदर्श, इतिहास, जीवन पद्दति, संगठनात्मक सिद्धान्त र कार्यशैलीलाई तिलाञ्जली दिएर गरिएको शक्तिको अत्यधिक केन्द्रीकरणले पार्टीको जीवन ध्वस्त गरियो । कमिटी प्रणाली लाज ढाक्ने लगौंटीका रुपमा पनि कायम गरिएन । विधान र अनुशासनको पालना र त्यसको निगरानी गर्ने सयन्त्रलाई निहीत स्वार्थको कोपभाजनमा पारियो । आलोचना र आत्माआलोचनासहितको आलोचनात्मक चेतको सट्टा आरती, धुपधुँवार गर्नेहरुलाई एकपछि अर्को पुरस्कृत गर्दै लगियो । गुटभित्रको पनि सबैभन्दा बढी आरती गाउँनेहरुको समूहलाई सत्ताको स्वाद र अवसरको वितरणमा प्राथमिकता दिइयो ।

शक्तिको विन्यास

पार्टीको सारा शक्ति विधानविपरीत दुई पात्रमा केन्द्रित गरेपछि पद र अवसरमा भागबण्डा मिलुञ्जेल दुई पात्रहरुको मिलन स्वाभाविक रुपमा चल्यो । जब पद र अवसरको भागबण्डामा समस्या देखा पऱ्यो । तब दुई पात्रहरुको स्वार्थमा टकराव उत्पन्न भयो । यो टकरावको बचाउ गर्न दुबैले आफू पछाडिका स्वार्थ समूहका पात्रहरुलाई लामवद्ध गरे । तर, त्यसरी लामवद्ध गरिएका पात्रहरु स्वयंमा पनि आपसी स्वार्थको टकराव आएपछि अब नेकपामा निकै ठूलो संकट उत्पन्न हुनु विल्कुल स्वाभाविक थियो । शक्तिको अत्यधिक केन्द्रीकरणले सृजना गरेको यो टकरावको समाधान भनेको शक्तिको विन्यास नै हो । शक्तिको विन्यास एक हदसम्म पार्टी विधानले गरेकै छ । तर,

टीकाराम भट्टराई

विधानको व्याख्यालाई तोडमोड गरेर दुई अध्यक्ष नै 'त्वमेव माता च पिता त्वमेव' हुन् भन्ने शैलीमा प्रचारित गरियो । यसको प्रचार यसरी गरियो कि दुई अध्यक्ष मिल्दा पार्टी रहने, नमिल्दा पार्टी नै नरहने भन्नेसम्मका तर्कहरु गरेर सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीलाई दुई अध्यक्षको भजनमण्डलीका रुपमा मात्र चित्रित गरियो । विधानअनुसार सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटी हुँदै प्रदेश र जिल्ला तथा स्थानीय तहका कमिटीहरुमा शक्तिको विन्यास गरिएको छ । विधानले गरेको शक्ति विन्यासलाई एक वाक्यमा भन्दा सम्वन्धित कमिटीको बहुमतको संस्थागत निर्णय पार्टी निर्णय मानिने व्यवस्था विधानमा छ । दुई अध्यक्षको व्यवस्था निश्चय पनि विशिष्ट चरणको विशिष्ट अन्तरिम व्यवस्था हो । तर, दुई अध्यक्ष नै सबै थोक हो भन्ने व्याख्या गर्ने हो भने अरु संरचना र पदाधिकारी किन राखेको ? 'बहुमतको निर्णय पार्टी निर्णय हुन्छ' भनेर किन लेखिएको ?

विधानले दुई अध्यक्ष सर्वेसर्वा हुन् भनेकै छैन । स्वार्थ समुहले दुई अध्यक्ष नै सर्वेसर्वा हुन् भनी गरिएको व्याख्यालाई दुबै अध्यक्षहरुले मन मिलुञ्जेल जिब्रो पड्काएर स्वाद लिइरहे । यस्तो व्याख्यालाई उनीहरुले प्राणवायु झैं सम्झन पुगे । कम्तिमा विधानले गरेको शक्तिको विन्यासलाई स्वचालित हुन दिएको भए नेकपा घिची(घिची गर्दै भए पनि आउँदो महाधिवेशनसम्म जान सक्ने र महाधिवेशनले पार्टीमा केही न केही नयाँ उर्जा दिन सक्थ्यो । गत भदौ २६ गते सम्पन्न स्थायी कमिटीको बैठकले सुझाएको युद्धविरामले पनि शक्तिको विन्यास गर्नुको सट्टा शक्तिको केन्द्रीकरणलाई अझ दरिलो बनाएका कारणले त्यो युद्धविराम चिरस्थायी नहुने प्रष्ट नै थियो ।

दुबै अध्यक्षको असफलता

दुई अध्यक्षमा गरिएको शक्तिको अत्यधिक केन्द्रीकरणको परिणामस्वरुप न त सरकार जनअपेक्षाअनुरुप चल्न सक्यो, न त पार्टी नै चलेको छ । न सरकारले गरेका लोकप्रिय र दुरदर्शी कामहरुको जस नै प्रधानमन्त्री वा पार्टीले लिने परिस्थितिको निर्माण भयो, न त कार्यकारी अध्यक्षले पार्टी चलाएको अनुभूति नै गर्न पाए । समग्रमा भन्दा दुई अध्यक्षहरु परिभाषित जिम्मेवारी पूरा गर्न असफल भए । यो निश्कर्षमा जबसम्म दुई अध्यक्ष र सिंगो पार्टी पुग्न सक्दैन, तबसम्म नेकपाको शक्ति संघर्षले निर्णायक मोड लिन सक्दैन । जब दुई अध्यक्ष नै सर्वेसर्वा हुन् भन्ने व्याख्या गरियो, स्वाभाविक छ, जस र अपजसको भागिदार पनि अध्यक्षद्वय नै हुनुपर्ने हुन्छ । तर, निर्वाचनमा गरेका प्रतिवद्धताहरु पनि अध्यक्षद्वयको थाप्लोमा राखेर नेकपा जनताप्रति गैरजिम्वेवार हुन सक्छ ? यो जनमत नेकपाको हो कि अध्यक्षद्वयको हो ? निर्वाचन नेकपाले लडेको हो कि अध्यक्षद्वयले ? यी र यस्ता धेरै प्रश्नहरुको जवाफ आज अध्यक्षद्वय सर्वेसर्वा हुन् भन्ने जमातले दिनुपर्छ । जब व्यक्ति पार्टी अधीनस्थ रहँदैन वा रहन इन्कार गर्छ वा पार्टीले आफ्ना नेता र कार्यकर्तामाथिको नियन्त्रण गुमाउँछ, तब स्वाभाविक छ, त्यो पार्टीमा अराजकता उत्पन्न हुन्छ र अराजकताको परिणामस्वरुप पार्टी विघटनको दिशातर्फ उन्मूख हुन्छ ।

कर्णाली प्रदेशसभाको आन्तरिक विवादबारे दुई अध्यक्षका दुई भिन्न भिन्न निर्देशनहरु अराजकताका चरम नमूनाहरु हुन् । यो अराजकताको चरम विन्दुबाट नेकपालाई जोगाउने र अध्यक्षद्वयलाई पार्टीको नियन्त्रणमा राख्ने सार्मथ्य नेकपामा छ कि छैन ? यदि त्यो सामर्थ्य गुमायो भने अब निश्चित छ, यो पार्टीको भविश्य अन्योलग्रस्त भइसक्यो । यदि यो सार्मथ्य छ भने अब यो सार्मथ्यको प्रयोग गर्नेबेला भइसक्यो । के नेकपामा त्यो सार्मथ्य भएका बाँकी नेताहरु छन् ? यही प्रश्नको उत्तर खोजिरहेका छन् नेकपाका लाखौं लाख कार्यकर्ताहरु । कुन सर्कुलर ठीक वा बेठीक अलगै प्रश्न हो । तर, ती सर्कुलर जारी गर्नुअघि कुन तहको, कुन मितिको, कुन बैठकको निर्णयबमोजिम ती सर्कुलर जारी गरिए, त्योचाँहि महत्वपूर्ण प्रश्न हो । जब कुनै तहको कुनै कमिटीको निर्णयबमोजिम सर्कुलर जारी भएको होइन भने ती दुबै सर्कुलरहरु व्यक्तिगत हैसियतमा जारी गरिएका हुन् भन्ने स्पष्ट नै छ । किनकि नेकपाको विधानमा अवशिष्ठ अधिकारको व्यवस्था नै गरिएको छैन । जब पार्टीमा आफ्नुखुशी सर्कुलर जारी गर्ने अवस्था उत्पन्न हुन्छ, तब स्वभाविक छ, त्यसको पालना सम्भव छैन । अध्यक्षले जारी गरेको सर्कुलर पालना नहुने अवस्थाको सृजना हुनु पार्टी प्रणालीको समाप्ति हुनुको लक्षण नै हो ।

नेकपा कसरी बच्न सक्छ ?

यो चरम अराजकता र बेथितिबाट जोगाउने एउटै मात्र उपाय हो(पार्टीमा संस्थागत निर्णय गर्ने परिपाटीको पुनर्स्थापना । दुई अध्यक्ष दुबै फाँट (सरकार र पार्टी) मा असफल भएको निश्कर्ष निकालेर त्यसलाई प्रस्थानविन्दु मानेर नेकपा अघि बढ्न सक्यो भने अहिले पनि नेकपामा रुपान्तरणको पर्याप्त सम्भावना छ । दुई अध्यक्षको असफलतालाई प्रस्थानविन्दु मानेपछि दुबैलाई बहिर्गमन गर्नुपर्छ भन्ने निश्कर्ष निकाल्नुहुँदैन । आफू असफल भएपछि पार्टीको संस्थागत निर्णयलाई कार्यान्वयन गर्ने प्रतिवद्धताका साथ महाधिवेशनसम्म दुबै अध्यक्षको निरन्तरता स्वभाविकरुपमा रहन्छ । जब निर्णय संस्थागत गरिन्छ, तब त्यसको स्वामित्व सामुहिक हुन्छ र जस(अपजसको दायित्व सिंगो पार्टीले बहन गर्छ । जबसम्म सरकार र पार्टी दुबै फाँटका काम कारवाही र निर्णयको सामुहिक स्वामित्व र जवाफदेहिता सिंगो पार्टीले लिन सक्ने परिस्थितिको निर्माण गर्न सकिँदैन, तबसम्म नेकपाको शक्ति संघर्षले रुपान्तरण र एकता कायम गर्न सक्दैन । तर, दुई अध्यक्षलाई संस्थागत निर्णयबाट दायाँ(वायाँ हुन नदिने सार्मथ्य बाँकी नेतासँग छ कि छैन ? यो अर्को विचरणीय प्रश्न हो । दुई अध्यक्षको असफलताको निश्कर्षले उनकसिहरुमा रुपान्तरणको ढोका खोल्छ । उनीहरुलाई रुपान्तरण गर्ने योजनासहितको एक्सन प्लान बनाउन सक्ने हो भने बाँकी रहेको अवधिमा जनप्रिय काम गरेर अर्को निर्वाचनमा जाने बलियो आधार अझै पनि नेकपाले बनाउन सक्छ । यसका लागि दुई अध्यक्षको पछि लाग्ने दोस्रो वा तेस्रो तहका भनिएका नेता तथा कार्यकर्ताको निर्मम हस्तक्षेप सिंगो नेकपाले माग गरिरहेको छ ।

अर्को अकाट्य तथ्य के पनि हो भने नेकपामा आजको मितिमा तीन बलिया र लगभग समान शक्तिका आन्तरिक धारहरु वडादेखि केन्द्रसम्म क्रियाशील छन् । पार्टी भनेको आन्तरिक शक्ति सन्तुलनको केन्द्रीकृत स्वरुप हो । जब कुनै चिज वा वस्तु वा चेतनाको बलशाली अस्तित्व छ भने त्यसलाई जबरजस्त दबाउने भन्दा पनि त्यसलाई स्वीकार गरेर अघि बढ्नु वैज्ञानिक पद्दति हो । तसर्थ पार्टीभित्र देखिएका तीन प्रमुख शक्तिको सन्तुलन कायम गर्दै दुई अध्यक्षमा निर्भर रहेको र आजसम्मको अभ्यासले फेल भएको कार्यशैलीलाई बदल्नका लागि राजनीतिक इतिहास र योगदान अनि क्षमता भएका सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीका दोस्रो वा तेस्रो पुस्ताका नेताहरुको सामुहिक हस्तक्षेप आज नेकपा बचाउने एकमात्र उपाय हुन सक्छ । मन्त्री वा अन्य कुनै पद र अवसरका लागि होइन, सिंगो पार्टी र आन्दोलनका लागि अब सचिवालय बाहेकका भीम रावल, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, घनश्याम भुसाल, शंकर पोखरेल, प्रदीप ज्ञवाली, योगेश भट्टराई, जनार्दन शर्मा, शक्ति बस्नेत, वर्षमान पुन, हरिबोल गजुरेल, पम्फा भुसाल, गोकर्ण विष्ट लगायत त्यो तहका अन्य नेताहरुको सामूहिक र शक्तिशाली हस्तक्षेपले पार्टीलाई बचाउन सक्ने आधार अझै पनि मरिसकेको छैन । आफ्नो निहीत स्वार्थलाई त्यागेर पार्टीलाई बचाउन के तयार छन् यो तहका नेताहरु ? अब परीक्षा यिनको शुरु भएको छ ।

(अधिवक्ता भट्टराई संवैधानिक कानूनका विज्ञ हुन्)

काँग्रेस सच्चिए देश सुध्रिने सम्भावना

'देश बिग्रदै छ ।' यो कुनै आग्रही वा पूर्वाग्रही भनाइ होइन । लाभ प्राप्त राजनीतिक कार्यकर्ताबाहेक गाउँघरका सामान्य व्यक्तिदेखि देश बुझ्ने सबैले व्यक्त गर्नथालेको चिन्ता हो । देश भनेको मूलतः जनता हुन् । देश बिग्रनु जनताको अवस्था बिग्रनु हो । जनजीवन अहिले र आगामी दिनको समेत कुनै उज्यालोप्रति विश्वस्त हुन नसक्नु नै देश बिग्रनु हो, स्थिति बिथोलिनु हो । किन देश बिग्रियो, स्थिति बिथोलियो ? जनता नभएको देश हुँदैन । देश नहुने जनता हुन्छन् । हिटलरी नाजी व्यवस्थाले मारेर बचेका यहुदी 'इजरायली'ले इजरायल देश बनाए । जनतापछि बल्ल माटो हो, भूखण्ड हो । जनता बिग्रिए असुरक्षित हुन्छन् र असुरक्षित नागरिकमा भूखण्डप्रतिको देशभक्ति बेवास्तामा पर्न थाल्छ । राष्ट्रवादको चर्को नाराले पनि बिथोलिएको देश समाल्न सकिँदैन ।

अहिलेको चिन्ता देश बिग्रदै छ । केही भौतिक संरचना र कथित गौरवका आयोजना बखानेर बिग्रिएको छोपिँदैन । यस्ता संरचना विकासको 'पूर्णाद् पूर्णमिदम्' पनि होइनन् । समयक्रममा क्रमशः हुने काम हुन् । जहानियाँ भनिने राणा शासकले पनि अहिलेको देश बचाए । चन्द्र ज्योति (फर्पिङ्.मा चन्द्र शम्शेरले बनाएको विद्युत् गृह) निकाले । जुद्ध सडक बनेकै हो । त्रिचन्द्र कलेज वा भानु (दरबार) स्कूल बनेकै हुन् । राणाको नाम जोडिएर कैयन् स्कुल, पुस्तकालय बनाइएका थिए । तनहुँ बन्दीपुरको पद्म पुस्तकालयजस्ता । नब्बे सालको विध्वंशक भुइँचालोको बेला उद्धार, सहायता र पुनर्निर्माणमा राणा शासकले देखाएको कौशल अहिले पनि स्मरणीय छ । प्रजातन्त्र मासेर राजा महेन्द्रले ल्याएको निर्विकल्प भनिएको पञ्चायती व्यवस्थामा पनि केही भौतिक पूर्वाधारको काम भए । नेपाली जनता के यिनै पूर्वाधारलाई देखेर सन्तुष्ट भए वा यसलाई नै विकास ठाने ? त्यसो ठान्थे भने सम्भवतः अहिलेसम्म राणा नै शासक रहन्थे वा पञ्चायत फालिने थिएन ।

विकास नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । नागरिक आफ्नो जीवनको प्रभावसँग विकास जाँच्छ । विकास राजनीति, आर्थिक, सामाजिक र सांस्कृतिक न्यायसँग अविच्छिन्न छ । प्रत्येकको भौतिक र बौद्धिक उन्नयनसँग विकास जोडिन्छ । स्वतन्त्रता र सम्मान नागरिकको हक हो । केही भौतिक बनावटले नेपालीको चौतर्फी विकासको तीव्र मागलाई परिपूर्ति गर्न सम्भव छैन । विकासले यतिबेला कुनै छलाङ् मारेको पनि छैन, नयाँ चिन्तन पाएको पनि छैन । बिग्रिएको यस्तो बेला 'आकाशको फल आँखा तरी मर' भन्ने खालको विकासे गफको गुड्डी हाँकेले कि मर्ममा चोट पार्छ कि हाँसो फुट्छ तर विकासको मूल फुट्दैन । नेपालको अहिलेको परिदृश्य यस्तै यस्तै छ ।

यस दुरवस्थाका लागि दोषी नेपाली काँग्रेस हो । यसको नेतृत्व हो । काँग्रेसले बाटो बिराउँथेन भने देश यति धेरै बिग्रने थिएन । चुनावको मुखमा आईजीपी (प्रहरी महानिरीक्षक) नियुक्ति विवाद । प्रधानन्यायाधीशमाथि महाभियोग प्रस्ताव दर्ताजस्ता 'आवेगपूर्ण' निर्णयले काँग्रेस समर्थक स्वतन्त्र जनमत निराश भयो र 'बिगारुहरु'लाई समर्थन गर्न पुगे, झुक्किए । बिगारुहरुको गठजोड मात्रै काँग्रेसको पराजयको कारण होइन । अहिलेको कम्युनिस्ट सरकार बिगारुहरुको झुन्ड साबित भएको छ । कथित युद्धको

कुलचन्द्र वाग्ले

नाममा सत्ता लालसाले मच्चाइएको निहत्थाहरुको हत्या । राजनीतिक स्वतन्त्रतापेक्षीको हत्या वा नयाँसडकका रेलिङ र टेलिफोन बुथले बेहोरेको विध्वंशक व्यथा, वहत्तर सालको भुइँचालो भन्दापनि भयावह थियो । वर्षौं वा पुस्तौंपुस्तासम्म क्षतिपूर्ति हुन असम्भव मानवीय र भौतिक ध्वंश हो यो ।

अहिलेको सरकारलाई बिगारुको झुन्ड भन्दा साम्यवादको गीतमा लोभिएर कम्युनिस्ट समर्थक बनेका इमानदार कार्यकर्तालाई भनिएको होइन । उनीहरुको इमानप्रति कुनै गुनासो गर्नु छैन, सिवाय दुःख व्यक्तमात्र । विवेक बन्धक नभएका इमानदार कम्युनिस्ट कार्यकर्ताले सोचून् के तिनीहरुले देखेको साम्यवादको सपना यस्तै यात्रा थियो त ? देशमा अहिलेको बेथिति । एकपछि अर्को नागरिक स्वतन्त्रता र गोपनीयता हरण गर्ने कानुन, विधेयक बनाउने सरकारी जमर्को । त्यसमाथि संस्थागत भ्रष्टाचार । कठिनाइमा अभिभावकीय दायित्व निर्वाह नगर्ने सरकार । गरिब, दुःखी, निमुखा र पहुँच बाहिरका असहाय नागरिकलाई बाँचे बाँच, मरे मर भन्ने सन्देश दिने सरकार के इमानी कम्युनिस्ट कार्यकर्ताको चाहनाअनुकूल हो ?

नेपालको कूटनीति पहिले भूक नीतिमा गर्ज्यो र अन्ततः झुकनीतिमा रुपान्तरण गरियो । असंलग्नता शब्दमा छ, व्यवहारमा 'पेन्डुलम'जस्तो कहिले यता कहिले उता । न जातीय, क्षेत्रीय न्यायका लागि काम भयो न महिला अधिकार सुरक्षित गरियो, न हिंसा रोक्ने तदारुकता देखियो । न्यायमा समान पहुँच पनि छैन । जनता दुःखेको समयमा समेत सत्ताधारी कम्युनिस्टहरुको भागबन्डे झगडा, तँछाडमछाड, संवेदनहीन अमानवीय निर्लज्जता । के यस्तै सरकार रोजेका हुन् नेपालीले ? यस्तैका लागि इमानी कम्युनिस्ट कार्यकर्ताले भोट मागेका हुन् ? देश बिग्रिएको छ, स्थिति बिथोलिएको छ । बिग्रनुको परिणाम हुन्छ के ? सरकारीले त बिग्रिएको स्वीकार गर्नेछैनन् । सबैतिर सत्ताको चस्माले हरियै देख्छन् । प्रशंसित पहिरनमा कपडा होइन,सम्राट नाङ्गै छन् भन्ने सत्यबोध दिने बाल विवेक चाहिएको छ । दमितको विवेक निमोठिन्छ तर बाल विवेकले दमित हुने समय भोगेकै थिएन र सत्य बोल्यो । कम्युनिस्ट कार्यकर्ताले नै अहिलेको कम्युनिस्ट सरकार नाङ्गै भएको बोल्दा बढी प्रभावदायी हुनसक्ला ।

यसपछि,रह्यो नेपाली काँग्रेस । काँग्रेस नेतृत्वले बाटो बिराउँदा ठूला नारा दिने कम्युनिस्टले राम्रो गर्छन् कि भन्ने शंकाको सुविधाको समेत मृत्यु भइसकेको छ । अन्ततः नेपाली काँग्रेस सच्चिए देश सुध्रिन्छ कि भन्ने भाव अहिले बलियो हुँदैछ । दलीय प्रयोगशालामा केही दुकान खुले पनि ती चल्ने लक्षण छैन । प्रश्न काँग्रेस सच्चिने कसरी ? काँग्रेसको नेतृत्व सरकारजस्तै नाङ्गिएको भन्न नमिल्ने अहिले कुनै कारण छैन । निःसृत विचार वा लेखहरुको सारांश टिप्पणी र बोल यही हो । कोरोना महामारीले रोकिएको वा नेतृत्वको इच्छाशक्तिहीन कारण अनिश्चित भएपनि काँग्रेस चौधौं महाधिवेशनको सम्मुख चाहिँ छ । भातृ संस्थामात्रै होइनन् काँग्रेस केन्द्रीय समितिदेखि नेतृत्व सबै म्याद थप गरिएको तदर्थ अवस्थामा छन् । तोकिएको आगामी फागुनमा हुन नसके पनि पार्टी बचाउन विधि निर्धारित अवधिभित्र काँग्रेसको महाधिवेशन हुनैपर्नेछ ।

चारपटक प्रधानमन्त्री र नेपाली काँग्रेसबाट चोइटिएर बनाइएको काँग्रेस प्रजातान्त्रिकको र अहिले गरी दुईपटक सभापति पदमा आसीन शेरबहादुर देउवाले परीक्षण हुन बाँकी इच्छुक पुस्तालाई सभापति वा नेतृत्वको मैदान खाली गरिदिए सम्मानित निर्णय मानिनेछ । चोइटिएको यस कारण भनियो काँग्रेस प्रजातान्त्रिक अन्ततः नेपाली काँग्रेसमै मिसियो र यसैको तेह्रौं महाधिवेशनबाट देउवा सभापति निर्वाचित भए । चौधौं महाधिवेशनपछि सभापति देउवा सम्मानित वरिष्ठ नेताको अभिभावकीय दायित्वमा वस्दा हुन्छ । आगामी नेतृत्वले पनि नेता देउवालाई सम्मान र सुनुवाइ गर्न कंजुस्याँइ गर्नु हुँदैन । उहाँको अनुभव देश र जनताको लागि उपयोगी हुनसक्छ, उपयोग गर्नुपर्छ । अहिले हेर्दा नेपाली काँग्रेस सच्चिने आशा यही उपायमा छ । सभापति देउवाले आफ्नो नेतृत्वको भरपूर परीक्षण भएकोले बाँकी आकर्षण समाजले ग्रहण गर्न नमानेको बुझ्दा भलो हुन्छ ।

आगामी काँग्रेस नेतृत्व पनि कति सच्चिन्छ ? कसैले 'ग्यारेन्टी' दिन सक्दैन । परीक्षणको कसीमा सक्कली सुन निस्कन्छ कि भन्ने अपेक्षा वा आउने नेतृत्वलाई शंकाको सुविधा चाहिँ छ । पार्टी संगठन प्रयोगशाला पनि त हो । नेपाली काँग्रेसले सच्चिने नेतृत्व पायो भने आगामी दिनमा देश यतिविघ्न बिग्रने शृंखला रोकिने थियो कि ? यतिमात्रै होइन, काँग्रेस नेतृत्वले सच्चिने प्रतिज्ञा गर्नैपर्छ र देशलाई बिग्रनुको जोखिमबाट बचाउनै पर्छ । अन्यथा स्वरुप जस्तो वा जत्रो होस्, अथवा राजनीतिक होस् वा अरू प्रकारको राष्ट्रिय दुर्घटना अवश्यंभावी देखिन्छ ।

प्रधान-सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१-४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

सम्पादकीय

उपचार नि:शुल्क गर

विश्वव्यापी रुपमा सन्त्रासको रुपमा रहेको कोरोना भाइरसको संक्रमणमा परेका नेपाली जनताको उपचारका लागि सरकारले व्यहोर्दै आएको खर्च पछिल्ला दिनमा नव्यहोर्न थालेको भनी सर्वत्रबाट आलोचना हुन थालेको छ। कतिपय सरकारी अस्पतालहरुले समेत उपचारमा आउने संक्रमितहरुलाई पहिले नै उपचार खर्च भराउन वा जम्मा गराउन लगाउने गरेका भनी समाचारहरु आएको अवस्थामा सर्वसाधारण जनता उपचार नै नपाउने अवस्थामा पुगेका छन्। अधिकांश निजी अस्पतालहरुले विरामीको उपचारमा पहिले नै रकम जम्मा गराउने गरेको तथा कतिपयले रकम जम्मा गर्न नसकेको अवस्थामा ज्यान नै गुमाएको भनी समाचारहरु बाहिर आइरहेको अवस्थामा सरकारी अस्पतालमा समेत उपचारबाट बंचित हुनुपर्ने अवस्थाका कारण पैसाको अभावमा उपचारै नपाउने अवस्था सिर्जना भएको देखिन्छ।

परीक्षणको लागि समेत सरकारले घुमाउरो पारामा हात उठाएको अवस्था छ। संविधानमा जनताको स्वास्थ्योपचार पाउने हकको व्यवस्था हुनु तथा सर्वोच्च अदालतले पनि यसलाई कडाइका साथ लागू गर्न सरकारलाई आदेश दिएको अवस्थामा सरकारले जनताको उपचारको व्यवस्थालाई प्रत्यक्ष रुपमा टार्न नसकेको अवस्था छ। उसले घुमाएर आफूले अबका दिनमा खर्च व्यहोर्न नसक्ने भन्ने आशय अघि सारेको अवस्थालाई आधार मान्दै सरकारी निकायले पनि उपचारमा कन्जुस्याइँ गर्न थालेको कुरालाई जनताले बुझेर कतिपयले आफूनै खर्चमा उपचारको प्रबन्ध गर्दै आएका छन्। सरकारमा रहेका तथा सरकारी निकायमा बसेका सबैजसोले कोरोना भाइरसको कुनै पनि समस्या देखिएको अवस्थामा सरकारी सुविधाको प्रयोग गर्दै आएको अवस्थामा सर्वसाधारणले भने उपचार नपाएर बस्नु परेको स्थिति देखिन्छ। सरकारले हात उठाएको अवस्थामा कतिपय मानिस संक्रमण देखिएको कुरालाई पनि उपचार नपाउने अवस्थालाई मध्यनजर गरी लुकाउन बाध्य भएका छन्। सरकारले गरिब जनतालाई झनै हेयको दृष्टिले हेर्ने गरेका कारण रोग लुकाउने समस्या आएको तथा त्यसले समुदायस्तरमै जोखिमको खतरा बढाएको देखिन्छ।

यस्तो अवस्थालाई ख्याल गर्दै सरकारले उपचारको सम्पूर्ण व्यवस्था मिलाएको सार्वजनिक रुपमा घोषणा गर्नु उचित हुन्छ किनकि त्यसो भएको खण्डमा मात्र मानिसहरुले संक्रमणलाई नलुकाउने अवस्था आउने हुन्छ। आफूसँग पनि उचपारको लागि खर्च नहुने तथा सरकारले समेत बेवास्ता गर्ने स्थिति रहिरहेको अवस्थामा सर्वसाधारणले उपचार नपाउने त एकातिर छँदैछ अर्कातिर उनीहरुमा भएको संक्रमण झनै फैलने संभावना पनि उत्तिकै देखिन्छ। सरकारले कन्जुस्याइँ गरेको अवस्थामा संक्रमणको दर तीब्र रुपमा बढ्ने खतरा रहन्छ। त्यसैले सरकारले यो कुरालाई एकदमै ध्यान दिएर जनतालाई उपचार नै नपाउने वा उपचारमै नआउने अवस्थालाई रोक्नु जरुरी देखिन्छ। निजी अस्पतालहरुलाई समेत सरकारले सहयोग दिई उनीहरुको आउने विरामीले समेत फर्किनु नपर्ने स्थितिको वातावरण बनाएको खण्डमा मात्र सरकार जनउत्तरदायी रहेको देखिन्छ। यो कुराको सरकारलाई हेक्का रहनु उचित हुने देखिन्छ।

व्यक्ति भर्सेस कल्याणकारी राज्य

अनिता शर्मा र सरोज गौतम

केही समयअघि यही अनलाइनमा'साझा पार्टी, हामीलाई चाहिएको कल्याणकारी राज्य कि समाज ?' शीर्षकमा एउटा लेख छापिएको थियो। मुराहरि पराजुलीले उक्त लेखको निष्कर्षमा लेखेका छन्:'कल्याणकारी राज्य, साम्यवाद, समाजवादजस्ता सामूहिकतावादी र राज्यवादी दर्शनका कारण जनताले दु:ख पाएका हुन् भन्ने नबिर्सौं।' कल्याणकारी लोकतन्त्र अन्तर्गत कल्याणकारी राज्यको अवधारणा प्रवर्द्धन गर्दै राजनीतिमा होमिएका हामी युवाहरूले त्यसलाई जसरी बुझेका छौं, त्यो पराजुलीको निष्कर्षभन्दा नितान्त भिन्न छ। लोकतन्त्रै नभएको देशको त कुरै नगरौं। तर लोकतान्त्रिक देशका हकमा कल्याणकारी राज्यको अवधारणालाई 'समाजवादजस्ता सामूहिकतावादी र राज्यवादी दर्शन'सँग तुलना गरेर व्याख्या गर्नु र त्यसका कारण जनताले दु:ख पाएका हुन् भन्नु बादल लागेको बेलामा सूर्यको अस्तित्व नै छैन भनेर तर्क गर्नु जत्तिकै आधारहीन हुन्छ।

अब विषय प्रवेश गरौं। उदारवादको विशिष्ट नमूना मानिने अमेरिकामा अहिले इतिहासकै ठूलो आर्थिक विभाजन छ। धनाढ्य सूचीका पहिलो ५ जना अमेरिकीसँग अमेरिकाको ५२ प्रतिशत सम्पत्ति रहेको, पाँच प्रतिशत धनाढ्य अमेरिकीले आर्जन गर्ने सम्पत्ति अमेरिकीको औसत आयभन्दा झन्डै २५० गुणा धेरै भएको प्यु रिसर्च सेन्टरले उल्लेख गरेको छ। सेप्टेम्बर २०१९ मा सोही सेन्टरले गरेको एउटा सर्भेअनुसार करिब ६० प्रतिशतभन्दा बढी अमेरिकी आफ्नो देशमा गहिरो आर्थिक विभाजन भएको कुरा विश्वास गर्छन्। थोमस पिकेटीका सन् २०१९ मा प्रकाशित पुस्तक 'क्यापिटल एन्ड आइडोलोजी' चीनमा बिक्री(वितरण गर्न प्रतिबन्धित छ। अमेरिका, युरोप, ब्राजिल, भारत लगायत चीनमा पनि बढिरहेको आर्थिक असमानतालाई उजागर गरेका कारण चीनले उक्त पुस्तकमाथि प्रतिबन्ध लगाएको हो। आफूलाई गरिबको मुक्तिदाता ठान्ने चीनमा, वर्ल्ड वेल्थ एन्ड इनकम (डब्लु आइडी, वर्ल्ड) का अनुसार, सन् २०१५ मा धनाढ्य सूचीका माथिल्लो १० प्रतिशत जनसंख्याले राज्यको वार्षिक आयको ४० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ। त्यस्तै चीनमा माथिल्लो एक प्रतिशत धनाढ्यको सम्पत्ति झन्डै ९ प्रतिशतले वृद्धि हुँदा तल्लो ५० प्रतिशत जनसंख्याको वार्षिक वृद्धि दर साढे चार प्रतिशत छ। चीनजस्तो कम्युनिस्ट राजनैतिक व्यवस्था भएको देशमा पनि अर्थतन्त्रले आकाश छुँदै गर्दा आर्थिक असमानता पनि बढ्दै गएको देखिन्छ।

माथि उल्लेखित तथ्यांकबाट दुइटा चित्र स्पष्ट हुन्छ। पहिलो, उदार पुँजीवादी अर्थतन्त्र अवलम्बन गर्ने अमेरिकाजस्तो लोकतान्त्रिक देशमा धनी र न्यून आय भएकाबीचको खाडल व्यापक गहिरो छ। त्यसैले नै हो सन् २०११ तिर अमेरिकामा'हामी ९९ प्रतिशत' नारासहित आर्थिक असमानताविरूद्ध'अकुपाई वालस्ट्रिट' आन्दोलन भएको। अर्थात् धनाढ्य एक प्रतिशतले सम्पूर्ण सुख(सुविधा प्राप्त गर्ने र बाँकी ९९ प्रतिशतले त्यसको भार बेहोर्नु पर्ने स्थिति अन्याय हो भन्ने सो आन्दोलनको मर्म थियो। दोस्रो, राजनीतिक प्रणाली साम्यवादी र अर्थतन्त्र पुँजीवादी भएको र संसारकै दोस्रो ठूलो अर्थतन्त्र बनिसकेको चिनजस्तो देशमा पनि अर्थतन्त्रको द्रुत विकास हुँदै गर्दा धनी र गरिबबीचको खाडल बढेकै देखियो। तर, राजनीति प्रणाली पूर्णत: लोकतान्त्री र राज्य प्रणाली पूर्णत: कल्याणकारी भएको नर्डिक देशहरू (नर्वे, फिनल्यान्ड, स्वीडेन, आइसल्यान्ड र डेनमार्क) को कथा फरक छ। सम्पत्ति र वार्षिक आयको आधारमा हुने आर्थिक असमानता साँघुरो छ। तल्लो २० प्रतिशत जनसंख्याको आयभन्दा माथिल्लो २० प्रतिशत जनसंख्याको आय चार गुणा मात्र बढी छ। नर्वेका १५ देखि ६४ वर्षका ७४ प्रतिशत जनता रोजगार छन्। ओइसिडीका अनुसार नर्वे सबभन्दा धेरै जनसंख्या रोजगार भएको देश हो।

आर्थिक समानता मात्र होइन मानव विकास सूचकांकले समेत विकसित देशहरूमा देखिएको आर्थिक असमानताको संकटमोचन उपायका रुपमा नर्वे, डेनमार्क, स्विडेनजस्ता देशले अवलम्बन गरेको कल्याणकारी लोकतन्त्रलाई औंल्याउन थालिएको। नोबेल पुरस्कार विजेता अमेरिकी अर्थशास्त्री जोसेफ स्टिग्लेजले 'वेलफेयर स्टेट इन ट्वान्टी(फस्ट सेन्चुरी' मा सन् १९८० को दशकदेखि अभ्यास गरिएको नवउदारवाद र यसको परिणामको रूपमा देखिएको आर्थिक विभाजन कम गर्न कल्याणकारी राज्यको बहस चलाउँदै राज्य, बजार र नागरिक समाजबीचको सम्बन्ध पुन: परिभाषित गर्नु पर्ने र केही क्षेत्रमा राज्यको हस्तक्षेप बढाउनु पर्ने तर्क राखेका छन्।

कल्याणकारी राज्यको इतिहास र उतार-चढाव

कल्याणकारी लोकतन्त्रको दर्शन सिर्फ अर्थ-राजनीतिसँग मात्र जोडिएको छैन। त्यो समाजको समग्र हीतसँग जोडिएको छ। त्यसरी हेर्दा, कल्याणकारी राज्य आधुनिक समयको मात्रै सुविचारीत अवधारणा होइन। बुद्धत्व प्राप्तिपछि बुद्धले समाजमा व्याप्त जातिगत र वर्णगत विभेदको अन्त्य नहुँदासम्म समाज र राज्य स्थिर हुन नसक्ने विचार व्यक्त गरेका थिए। चरम जातीय, वर्णगत र आर्थिक विभेदले ग्रस्त समाजमा बुद्धले आफ्नो संघमा महिलाहरूलाई सम्मानजनक स्थानमा र दलित मानिएकाहरूलाई सल्लाहकार राखेको विभिन्न सुत्त र पिटकहरूमा भेटिन्छ। बुद्धका देशनाहरूमा भेटिने सामाजिक न्याय, लैंगिक समानता, राज्यको प्रगतिशील धारणा, आत्म निर्भर र सेवामुखी राज्य जस्ता विषय आज कल्याणकारी राज्यको अवधारणाका रुपमा स्थापित भएका छन्। आधुनिक समयमा सन् १८८० को दशकमा सामाजिक विमा कानुन लागू गर्दै जर्मनीका पहिलो चान्सलर बिस्मार्कले पहिलोपटक कल्याणकारी राज्यको प्रयोग गरेका थिए। त्यस्तै सन् १९३० को आर्थिक मन्दीपछि बेलायत र अमेरिकामा समेत यसको प्रयोग भएको थियो। अमेरिकी इतिहासमा सन् १९३७ देखि सन् १९६७ सम्मको समय सबभन्दा कम आर्थिक विभाजन भएको मानिन्छ, जसलाई ग्रेट कम्प्रेसनको नामले चिनिन्छ। दोस्रो विश्वयुद्धलगत्तै सन् १९४८ मा बेलायती प्रधानमन्त्री क्लेमन्ट एटलीले सबैका लागि आवश्यक ठाउँमै नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने चुनावी वाचा पूरा गरेर कल्याणकारी राज्यको सबभन्दा उच्च र सशक्त कार्यान्वयन गरे। तर सन् १९७० पछि बढेको आर्थिक मन्दीको मुख्य कारण सन् १९३० पछि लागू गरिएको कल्याणकारी अर्थ व्यवस्था र त्यसको कारण बढेको राज्यको लगानी र ठूलो दायराको कर हो भन्ने ठहर गरियो। परिणामस्वरूप, राज्यको लगानीमा खोलिएका उद्योगको कटौती गर्दै अर्थतन्त्रलाई सम्पूर्णत: बजारको जिम्मा लगाउने गरी बजारको स्वतन्त्रता र अधिकारलाई अत्यधिक महत्व दिने नवउदारवाद उदय भयो। तर त्यो सोच लामो समय टिकेन।

सन् २००० को दशकबाट नवउदारवादी अर्थ(व्यवस्थाका कारण राज्यमा आर्थिक असमानता बढेसँगै राज्य, बजार र नागरिकको भूमिकालाई पुन: पारिभाषित गर्दै मुखरित आर्थिक(राजनीतिक(सामाजिक समस्याको समाधान गर्न सक्ने व्यवस्थाको खोजी सुरू भयो। त्यो खोजले कल्याणकारी लोकतन्त्रको महत्वलाई अझ प्रगाढ र बलियो तवरले उजागर गरिदियो। सन् २००८ को विश्वव्यापी आर्थिक संकटपछि शिक्षा, स्वास्थ्य, न्यून आय भएकालाई आवास व्यवस्था र सामाजिक सुरक्षाजस्ता क्षेत्र मूलत: राज्यकै दायित्व हुनु पर्नेमा पुन: जोड दिइयो। तर आफ्नो प्रतिभा र क्षमताले स्वतन्त्ररूपमा पखेटा फिँजाउँदै सम्पत्ति आर्जन गर्ने नागरिकको अधिकार कुण्ठित गर्न नहुनेमा समग्रमा सबै लोकतन्त्रवादी र संसारका धेरै विशिष्ट अर्थशास्त्रीको एक मत रह्यो।

व्यक्ति भर्सेस कल्याणकारी राज्य

राजनीतिमा आजसम्म व्यक्तिरबजारप्रधान या राज्यप्रधान भन्ने दुई ध्रुवका अर्थ(राजनैतिक धार बहसमा छन्। यो भाष्यले रुख देख्दा जंगल नदेख्ने या जंगल देख्दा रुख नदेख्ने अपूर्ण व्यवस्थाको वकालत गर्छ। व्यक्तिको भूमिकाको सवलीकरण गर्दा राज्य गौण रहने या राज्यको भूमिका बलियो बनाउँदा व्यक्तिको निजत्व र स्वतन्त्रतामा धावा बोलिने खालको राजनीतिले सही ढंगको निकास दिन सक्दैन। रूख र जंगलको जस्तै अन्योन्याश्रित सम्बन्ध व्यक्ति र राज्यबीच हुन्छ। दुवैलाई बलियो बनाउने राजनीतिक प्रणाली नै पूर्ण र दिगो व्यवस्था हुन्छ। निजत्वले सिर्जनशीलता प्रस्फुटित गराउँछ भने सामूहिकताले त्यसलाई उत्साहित, संरक्षित र विकसित गर्छसि। तसर्थ, निजत्वमा मात्रै जोड दिने राज्य स्वार्थी, लोभी या अन्यायी हुन्छ र सामूहिकतामा मात्रै जोड दिने राज्य सिर्जनाहीन, उदासीन, अदूरदर्शी र उदेक लाग्दो हुन्छ। कल्याणकारी राज्यमा परम्परागत समाजवादमा जस्तो बजारलाई कमजोर या हतोत्साहित बनाइँदैन भने बजारलाई पूर्णत: लगामरहीत पनि छोडिँदैन। कल्याणकारी राज्यले पूर्णत: माग र पूर्तिको नियममा सञ्चालित अर्थतन्त्रले सिर्जना गर्ने कयौं असन्तुलनलाई निरन्तर सन्तुलन गर्ने प्रयत्न गर्छ। कल्याणकारी राज्यले विपन्न र कमजोर वर्गलाई गुणस्तरीय सार्वजनिक शिक्षा, स्वास्थ्य, उत्पादनको साधन र शक्ति संरचनामा पहुँच दिएर धनी र गरिबबीचको खाडल कम गराउँछ। प्रगतिशील कर प्रणाली लागू गरेर हरेक संस्थादेखि नागरिकका आम्दानीको पारदर्शी अभिलेखीकरण गरी औसत आम्दानी नभेट्ने नागरिकलाई कर छुटसहित विभिन्न सेवा तथा सुविधा प्रदान गर्छ।

कल्याणकारी राज्यले योग्यतासहितको व्यावसायिकताको विकासलाई उच्च महत्व दिँदै राष्ट्रलाई चाहिने दक्ष जनशक्ति तयार गर्छ, जसको विकासले समाजको ज्ञान, सीप, क्षमता र आत्मविश्वास बढाउँदै लैजान्छ। यसले मध्यम वर्गको विकासमा योगदान पुऱ्याउँछ र समाजमा धेरैभन्दा धेरै मध्यम वर्गको विकास गर्नु नै कल्याणकारी राज्यको उद्देश्य हो। आर्थिक असमानता कम भएको समाजमा तनाव र विभाजन कम हुन्छ। समावेशीकरणको नीति अवलम्बन गरी राज्यमा पछाडि पारिएका समुदाय, वर्ग, जाति, लिंगलाई राज्य र राजनीतिको मूलधारमा स्थापित गर्नु कल्याणकारी राज्यको विशेषता हो।

कल्याणकारी लोकतन्त्र

'कल्याणकारी लोकतन्त्र' दुई आयाम कल्याणकारी राज्य र लोकतन्त्र को संयुक्त पहिचान हो। यसको पहिलो आयाम कल्याणकारी राज्य व्यवस्थाले राज्यले अवलम्बन गर्ने आर्थिक राजनैतिक व्यवस्थासँग सरोकार राख्छ। कल्याणकारी राज्यले नवउदारवादी नीति र परम्परागत समाजवाद दुवैको रुढीवादी परिभाषालाई परिष्कृत गर्दै निजत्व र सामूहिकताको गतिशील सन्तुलन कायम गर्न सक्ने राज्य व्यवस्थाको पैरवी गर्छ। यस्तो व्यवस्थाले समाजको सबलीकरण गर्ने, केही महत्वपूर्ण क्षेत्रहरुलाई नाफारहित क्षेत्रका रुपमा परिभाषित गर्दै राज्यको लगानी बढाउने र राज्यका सबै नागरिकलाई आर्थिक रूपमा सम्पन्न बनाउन राज्यले संरचनात्मक सुधारका क्षेत्रमा काम गर्ने, उद्यमशीलता मैत्री नीतिहरू लागू गर्ने, जनतालाई उत्पादन र बिक्री(वितरणमा उत्प्रेरित गर्ने, त्यो अनुसारको आवश्यक जनशक्ति उत्पादनमा ध्यान दिने गर्छ। 'कल्याणकारी लोकतन्त्र' को दोश्रो आयाम 'लोकतन्त्र' ले कल्याणकारी राज्य प्रकृयागत तहमा लोकतान्त्रिक हुन्छ भन्ने अर्थ दिन्छ। कल्याणकारी राज्यले निर्वाचित पदाधिकारी, स्वतन्त्र निष्पक्ष र नियमित चुनाव, अभिव्यक्ति स्वतन्त्रता, संगठन स्वतन्त्रता जस्ता आधारभूत औपचारिक लोकतन्त्र मात्र अभ्यास गर्दैन। लोकतन्त्रलाई सबलीकरण गर्दै निर्णय प्रकृयामा जनताको प्रत्यक्ष सहभागीता, योजना निर्माणमा सरोकारवालाहरूको भूमिका, समावेशी राज्य प्रणाली, समानुपातिक प्रतिनिधित्वको व्यवस्था, विशेषाधिकार, सूचनाको हक, फिर्ता बोलाउने हक, नो-भोटको हक, राज्यले लिने महत्वपूर्ण निर्णयमा जनमत संग्रह, डिजिटल डेमोक्रेसी, पारदर्शीता र जवाफदेहिता, बलियो नागरिक समाज, प्रविधिमाथि पहुँच जस्ता विशेषता समेटिएको सहभागीतामूलक लोकतन्त्रको वकालत गरेको हुन्छ।

नेपालको सन्दर्भमा कल्याणकारी राज्य

गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार जनताका आधारभूत आवश्यकता र अधिकार हुन्। शिक्षा, स्वास्थ्य र आवासजस्ता क्षेत्रको जिम्मा निजी क्षेत्रलाई दिँदा यी क्षेत्रको विकास सही तरिकाले हुँदैन र अन्ततः समाजमा असमानता सिर्जना हुन्छ। अल्प विकसितदेखि विकासशील हुँदै विकसित देशको सूचीमा उक्लिने यात्रामा नेपाल जस्तो देशको सबभन्दा ठूलो चुनौती गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा हरेक नागरिकको समान पहुँच सुनिश्चित गर्नु हो। नागरिकले पाउने शिक्षाको गुणस्तरले भविष्यमा उसले प्राप्त गर्ने काम, उसको आर्थिक हैसियत र समाजमा उसको स्थान तय गर्छ। व्यक्तिगत जीवनको सम्वृद्धि र उसको आर्थिक जीवन दर्शाउने शिक्षालाई गुणस्तरीय बनाउन शिक्षामा पूर्णत: राज्यको भूमिका कायम गर्नुपर्छ। समृद्धिको अर्को महत्त्वपूर्ण पाटो स्वास्थ्य हो। जनताले अस्वस्थ हुँदा गुणस्तरीय मात्र नभई सुलभ स्वास्थ्य सेवा पाउने सुनिश्चितता गर्नु राज्यको कर्तव्य हो। बिरामी भएर अस्पताल जाँदा आफ्नो जायजेथा सकिन सक्ने स्थिति रहेमा गुणस्तरीय सेवा उपलब्ध भए पनि त्यो उपयोगी हुँदैन। सेवामुखी स्वास्थ्य क्षेत्र नाफामूखी हुनु भनेको अपराधको आधुनिकीकरण हो।

त्यसैले जनताको सम्मानजनक जीवनका लागि शिक्षा र स्वास्थ्य सेवामा राज्यको मात्र सक्रिय भूमिका हुने व्यवस्था गर्नुपर्छ। मानिसको न्यूनतम आवश्यकता पूर्तिपछि मात्र मानिस रचनात्मक हुने हुँदा हरेक नागरिकको न्यूनतम आयको जिम्मा राज्यले नै लिनुपर्छ। निजी क्षेत्रलाई उद्यमशीलतामा प्रोत्साहन गर्ने राज्य संरचना बनाउनुपर्छ। कर्मचारीतन्त्रको संरचनामा व्यापक सुधार ल्याई यसलाई नतिजामूखी बनाउनुपर्छ। आर्थिक रूपले कमजोर मात्र नभएर विभिन्न जातीय, भाषिक, सांस्कृतिक विभाजन र विभिन्न तहमा असमानताका खाडलहरु भएको हाम्रो जस्तो समाजलाई समतामूलक विकासको बाटोमा लैजान कल्याणकारी लोकतन्त्र अपरिहार्य हुन्छ।

(लेखक सरोज गौतम साझा पार्टीका केन्द्रीय सदस्य र साझा युवा संगठनका महासचिव हुन् र अनिता शर्मा साझा युवा संगठनका केन्द्रीय सदस्य हुन्।)

ब्यापार ब्यवसाय ठप्प, अनि बिस्तारित ऋण कहाँ गइरहेको छ ?

सुमन शर्मा

कोभिड-१९ संक्रमणका कारण देशको अर्थब्यवस्था सबैभन्दा कमजोर अवस्थामा छ । मुद्रा कोष, विश्व बैंक र स्वयं सरकारले पनि यसपाली आर्थिक वृद्धि दर कमजोर हुने जनाइसकेको छ । अर्थतन्त्र कमोजर भएका बेला पनि बैंकहरुको ब्यापार भने बढिरहेको छ । कुनै बैंकले अलिक धेरै ब्यापार गऱ्यो होला, कुनैले तुलनात्मक रूपमा कम, तर सबैले ब्यापार ब्यवसाय ठप्प भएको बेला पनि ऋण बिस्तार गरिरहेका छन् । यस्तो बेलामा पनि ऋण बिस्तार कसरी भयो ? ऋणका रूपमा यति धेरै पैसा कहाँ गयो ? यो साँच्चै गम्भीर प्रश्न हो । अहिले ऋणका रूपमा गएको पैसा पुँजीकृत मात्र (पिटलाइजेसन) भएको छ वा इक्विटी (सेयर पुँजी) क्षयीकरण भएर ऋणका रूपमा गइरहेको छ ? यदि यस्तो हो भने प्रणालीमा ठूलो जोखिम ल्याउने छ ।

अहिले ऋण बिस्तार हुने भनेको(पहिले नै प्रतिबद्धता जनाइएका परियोजनाहरुमा छ । त्यहाँ गएको हो भने यसले खासै असर गर्दैन । अहिले परियोजनाहरु पहिलेकै गतिमा अगाडि नबढे पनि फाट्टफुट्ट अगाडि बढिरहेका छन् । आयातमा खासै कमी आएको छैन । त्यो हिसाबले आयातमा अलिकति पैसा गएको छ । तर त्यसबाहेक पनि पैसा त अहिले गइरहेको छ । विगतमा ३० वा ४० प्रतिशत पुँजी हुँदा ६० देखि ७० प्रतिशत ऋणका रुपमा जान्थ्यो । अहिले त्यो भोल्यूम (अंश) बढेको देखिन्छ । अर्थात २० प्रतिशत पुँजी र ८० प्रतिशत ऋणका रूपमा गइरहेको छ । वर्किङ क्यापिट (चालु पुँजी) ८० प्रतिशतलाई बढाएर ९० प्रतिशत पुऱ्याइदिएको छ । मान्छेहरुले सामान त बेचेका छन, तर उधारोमा । पैसा उठेको छैन । ब्याज तिर्नु पऱ्यो र ब्यापार पनि चलाउनु पऱ्यो । त्यसका लागि ऋणको माग हुन सक्छ । ब्याज तिर्नलाई थप ऋण लिन पाइँदैन । तर त्यहाँनेर सस्तोमा ऋण पाइएकाले अलिकति घुमाउरो माध्यम प्रयोग गरेर तिर्नका लागि पनि ऋण गएको हुन सक्छ । यसरी जाने ऋणमा'लिमिट' बढेको हुन्छ, जसले जोखिम अझ बढाउँछ । वर्किङ क्यापिटलका लागि पनि अहिले ऋण जाने बेला छैन । किनभने, दसैंका लागि अलिकति ऋणको माग हुनु पर्ने हो । त्यो पनि दैनिक उपभोग्य वस्तुका लागि मात्र माग आयो । ब्यवसायीहरुसँग कुरा गर्दा त्यसबाहेक अन्य क्षेत्र अहिले पनि चलाउन सक्ने अवस्था छैन । हाम्रो ब्यापारको तथ्यांकले पनि चामल, तेलको आयात बढेको देखाउँछ । अन्य कुराको आयात बढेको छैन । यसको अर्थ हो वर्किङ क्यापिटलका लागि पनि ऋण गएको छैन । आयात कम हुनु भनेको पनि ऋण उपभोग घट्नु हो । बिस्तार भएको ऋण कामका लागि गइरहेको छैन भने त्यसले पनि कतै जोखिमयुक्त क्षेत्रमा पैसा गइरहेको छैन भनेर शंका जन्माएको छ ।

अर्को पक्ष भनेको, राष्ट्र बैंक आफैंले पनि अहिले निष्क्रिय कर्जा देखाउनु पर्दैन भन्दिएको छ । पर्याप्त प्रोभिजनिङ (नोक्सानी ब्यवस्थापन) नगरी ऋण पुनर्संरचनारपुनर्तालिकीकरण गर्न दिएको छ । पाकेको ब्याजको १० प्रतिशत तिर्दा ऋण पुनर्संरचना हुन्छ । राष्ट्र बैंकको तर्फबाटै पनि अहिले ऋण हरितीकरण (एभर ग्रिनिङ) गर्ने छुट दिइएको छ । अहिलेका बेलामा अलिकति छुटहरु आवश्यक पनि होला, तर खराब ऋण छ भने कहीं न कहीं त देखाउनु पर्छ । यसको असर पुस मसान्तपछि देखिन थाल्छ जस्तो लाग्छ । केन्द्रीय बैंकले ब्यापार, ब्यवसायलाई जोगाउन जुन नीतिहरु ल्यायो, त्यो आवश्यक पनि थियो । तर, यहाँनेर हिसाबकिताब राख्ने र देखाउने कुरामा अलिक बढी लचकता भयो । बिग्रिएको ऋणलाई पनि अहिले निगरानी (वाचलिस्ट) मात्रै गरे हुन्छ, खराब ऋणमा देखाउनु पर्दैन भनिएको छ । यसले भोलिका दिनमा जोखिम ह्वात्तै'एक्सपोज' हुन्छ । आज कोभिडले प्रभावित गरेको उद्योग, ब्यवसायहरु भोलि उठ्नै नसक्ने अवस्थामा पनि पुग्न सक्छन् । यो बीचमा कतिपय साना तथा मझौला ब्यवसायहरु त उठ्नै नसक्ने अवस्थामा पुगिसकेका छन् । अहिले हामीले हिसाब मिलाउन र सहुलियत दिन वाचलिस्टमा मात्रै राखे हुन्छ भनिदिएका छौं । सुन्दैछु(कतिपयले त एउटा बैंकमा वाचलिस्टमा चढेको ऋण आफ्नोमा'गुड लोन' (असल कर्जा) मा लिएर ब्यापार बढाइरहेका छन् । तर, भोलि त्यो ब्यापार उठ्न नसक्दा खराब ऋणको स्तर (एनपीए लेभल) जति हुन्छ, त्यो हाम्रो अनुमान र क्षमताभन्दा माथि हुन सक्छ । सामान्य अवस्थामा पनि खराब ऋण बढ्छ । त्यसलाई बैंकहरुले आफ्नो आम्दानीबाट नोक्सानी ब्यवस्थापन गर्दै आइरहेका छन् । अहिले भने खराब ऋण पहिलेभन्दा बढ्ने तर आम्दानीबाट नोक्सानी ब्यवस्थापन गर्नु पर्दैन । अहिले वर्षको ५० करोड नोक्सानी ब्यवस्थापन गर्दा पुग्छ भने भोलि एकैचोटी २०० करोड गर्नु पऱ्यो भने बैंकहरुको अवस्था के होला ? अहिले नदेखिएको वा लुकाइएको खराब ऋण दुई वर्षपछि त देखिन्छ । त्यसबेला झन् ठूलो प्रणालिगत जोखिम निम्तिन सक्छ ।

अहिलेका बेला ऋणीलाई सहुलियत दिनु पर्छ, सहुलियत दिने जुन नीति छ त्यो ठीक हो । ऋणीको पक्षबाट लिइएको नीति ठीक भए पनि बैंकको पक्षबाट अहिलेजतिको लचकता अपनाउनु भोलिका लागि नराम्रो हुन सक्ला कि । त्यसैले राष्ट्र बैंकले प्रोभिजनिङमा छुट दिनु हुँदैन । कुनै ब्यापार उठ्नै सक्दैन भन्ने खालको छ भने त्यसमा त अहिले नै प्रोभिजनिङ गरेर राख्नु पर्छ । आज त्यहाँ छुट दिँदा भोलि समस्या आउँछ । भोलि एकै पटक बबल आउनुभन्दा बिस्तारै अहिलेबाटै प्रोभिजनिङ गर्दै जाँदा वास्तविक स्वास्थ्य थाहा हुन्छ र त्यसलाई ब्यवस्थापन गर्न पनि सहज हुन्छ । त्यसै अनुसार उपचार पनि गर्न सकिन्छ । अहिलेबाटै प्रोभिजनिङ गर्दै गयो भने बैंकहरुको वित्तीय स्वास्थ्य (फाइनान्सियल हेल्थ) राम्रो हुन्छ । ऋण पूर्वभक्तानी (प्रिपेमेन्ट) मा लिइएको नीतिले ग्राहकलाई सहुलियत दिन खोजिएको छ । तर यसले विकृति ल्यायो । एभरग्रिनिङको माध्यम बन्न थाल्यो । ग्राहकलाई राम्रो गर्न ल्याएको कुराले प्रणालीको स्वास्थ्य बिगार्नेजस्तो देखियो । फाइनान्सियल हेल्थ भनेको कुनै पनि देशका लागि सबैभन्दा महत्वपूर्ण कुरा हो । यो बिग्रियो भने समग्र क्षेत्र नै बिग्रिन्छ । केन्द्रीय बैंकले लाभांशमा अंकुश लगाएको छ भनिएको छ । तर, अहिलेका बेला पनि लाभांश बाँड्न दिनु भनेको उदारता नै हो । प्रोभिजनिङमा कडाइ गरेको भए अहिले लाभांश वितरण गर्ने अवस्था रहँदैन थियो । अहिले बैंकलाई धेरैभन्दा धेरै पुँजी चाहिएको छ । भोलिको दिनमा बैंक राम्रो भयो भने सेयरधनीले जुनसुकै बेला पैसा लान सकिहाल्छन् । त्यसैले अहिलेबाट बिस्तारै एनपीए एक्सपोज गर्नु पर्छ, आवश्यक मात्रामा प्रोभिजनिङ गर्दै जानु पर्छ ।

राष्ट्र बैंकले एक पटका लागि यो सुविधा दिएकाले समस्या नियन्त्रणबाहिर पुगिहाल्छ भन्ने अवस्था छैन । तर, कोभिडको असर कहिलेसम्म रहने हो कसैलाई थाहा छैन । भोलि पनि यसैगरी फेरि रिल्याक्सेसन दिँदै जाने हो भने प्रणालीलाई ठूलो क्षति पुग्ने छ । अहिले ब्यापार बिग्रिएर ठप्प भइसकेको छ । तर वाचलिस्टमा राखेर संरक्षण गरियो भने धान्नै नसक्ने जोखिम निम्तिन सक्छ । ब्यापार बन्द छ भने वासलातमा त्यो देखिनु पर्छ ।

(शर्मा, माछापुच्छे बैंकका पूर्व प्रमुख कार्यकारी अधिकृत हुन् ।)

जेब्रा क्रसिङबाट मात्र बाटो काटौं ।

फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस् । हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं ।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ ।
- सोफा सेट, टेबल, कुर्ची, पलंग आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन् । उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं ।

फर्निचर महल प्रा.लि.

काठमाडौं, सम्पर्क नं.९८६०२८१६९९ (पुष्पाजी)

नागरिकलाई सीडीओहरूले कहिलेसम्म बचाउलान् ?

प्रितम सुवेदी

झन्डै ३ महिना अगाडि 'इनफ इज इनफ' अभियानले बालुवाटारमा शान्तिपूर्ण प्रदर्शन आयोजना गरेको थियो । म पनि सोही प्रदर्शनमा सहभागी बन्न तोकिएकै समयमा त्यहाँ जानलाई घरबाट निस्किएको थिएँ । त्यहाँ नजिकै पुग्नासाथ प्रहरीको ठूलो संख्या देखेँ तर प्रदर्शनकारी कोही पनि देखिनँ । सायद म समयभन्दा अलि चाँडै पुगेछु कि जस्तो लाग्यो । म छेउमै बसेर साथीहरुको प्रतीक्षा गर्दै थिएँ । केही समयपछि पो थाहा पाएँ, त्यहाँ प्रदर्शन गर्न आएका सबै साथीहरुलाई पक्राउ गरिसकिएको रहेछ । म एकछिन त्यहाँ बसेर रमिता हेरिरहेको थिएँ । त्यहाँ हामी जस्ता युवाहरुलाई देख्न साथ पक्राउ गरिहालिने रहेछ । म नजिकै एक प्रहरी आएर यहाँ किन आएको भनी प्रश्न गर्न थाले । मैले यहाँ भाटभटेनीमा किनमेल गर्न आएको भनेर जवाफ दिएँ । त्यति भनी त्यहाँबाट भाटभटेनीतिर लागेँ ।

त्यो दिन अभियन्ताहरूलाई धरपकड गरिएकाले भोलि पटक समेत सोही प्रकृतिको विरोध कार्यक्रम राखिएको थियो बालुवाटारमा । अनि भोलिपल्ट समेत प्रहरीको धरपकड शैली पनि सोही प्रकृतिको थियो । माथिको आदेश भनेर पक्राउ गर्ने, साँझ परेपछि त्यहाँबाट बाहिर निकाल्ने । धेरैपटक यो रीत चल्दै गयो । त्यसको केही समय पछि डा. गोविन्द केसीको १९ औं सत्याग्रह जुम्लाबाट सुरु भयो । डा. केसी अन्यत्र सत्याग्रहमा बसे पनि उहाँको समर्थनमा हामी काठमाडौंमा प्रदर्शन गर्ने गर्छौं । सधैं झैं काठमाडौंमा प्रदर्शन भन्नासाथ माइतीघर मण्डलमा प्रदर्शनको कार्यकम राखियो । डा. केसीको अनसनको सुरूवाती समय देखि नै अभियन्ताहरूले यही ठाउँमा प्रदर्शन गर्दै आइरहेका छन् । हामीले कार्यक्रम आयोजना गऱ्यौं । सेन्ट जेभियर्स कलेज जाने बाटोमा भेला भएर प्रदर्शनका लागि माइतीघरको त्यो त्रिकोणाकार चौरमा जान लाग्दै थियौं । त्यतिकैमा प्रहरीले हामीलाई त्यहाँ जान बाट रोक्न खोज्यो । हामी अचम्ममा पऱ्यौं । किन रोकेको भनी प्रश्न गर्दा त्यो क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको छ भने ।

झन्डै २ वर्ष अगाडि गृह मन्त्रालयको निर्देशनमा जिल्ला प्रशासन कार्यालयले सोही प्रकृतिको निषेधित क्षेत्र घोषणा गरेको थियो । हामीले त्यस बेला पनि नागरिकको स्वतन्त्रता खोस्न दिने छैनौं भनी पटक पटक शान्तिपूर्ण तरिकाले त्यो निर्णयको अवज्ञा गरेका थियौं । पछि सम्मानित सर्वोच्च अदालतले त्यो निर्णय कार्यान्वयन नगर्नु भनी आदेश जारी गऱ्यो र हामीले निर्वाध रूपले त्यहाँ प्रदर्शन गर्दै आएका थियौं । तर अहिले आएर हामीलाई पुनः त्यस क्षेत्रमा जान बञ्चित गरियो । प्रहरीसँग हाम्रो त्यसदिन सामान्य भनाभन पऱ्यो । उनीहरुले हामीलाई त्यहाँ जान दिएनन् । भोलिपल्ट हामीले सर्वोच्च अदालतले दुई वर्ष अगाडि जारी गरेको आदेश त्यहाँ देखायौं तर पनि हामीलाई त्यहाँ जानबाट रोकियो । हामीले जान खोज्दा थुप्रै प्रहरी उपस्थित गराएर निषेध गरियो । त्यसकै भोलिपल्ट डा. केसीले आफ्नो सत्याग्रहलाई काठमाडौंबाट निरन्तरता दिने भन्दै त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा आउन लागेको जानकारी दिनुभयो । म उहाँलाई सहयोग गर्न भनी त्रिवि शिक्षण अस्पताल पुगेँ ।

त्रिभुवन विमानस्थलमा उत्रिसकेपछि डा. केसीले आफूलाई जबरजस्ती ट्रमा सेन्टर लगेको भनी सम्पर्क गर्नुभयो । म र एकजना अभियन्ता तुरुन्तै ट्रमा सेन्टर पुग्यौं । हामी त्यहाँ पुग्दा डा. केसीलाई उहाँको इच्छा विपरीत जबरजस्ती अस्पताल भित्र लगिँदै थियो । हामी त्यहाँ पुग्न साथ त्यहाँ खटिएका एक डीएसपीले हामी तिर औला देखाएर ''यहाँबाट तिनीहरुलाई निकाल'' भन्ने आदेश दिए । प्रहरीले हामीलाई घिसारेर बाटोको छेउमा पुऱ्याइदियो । र 'यहाँ बाट यता आए ठीक हुने छैन' भन्दै धम्क्यायो । म डा. केसीलाई भेट्न पुगेको मान्छे, उहाँको सहयोगी भन्नासाथ मलाई झनै दुर्व्यवहार गरियो । केही दिनपछि माइतीघर मण्डलामा एउटा सांकेतिक विरोध कार्यक्रम राख्यौ जसमा "डा. केसीको समर्थनमा केपी ओली माइतीघर मण्डलमा" भनी आयोजना गरेका थियौं ।

त्यस दिन हामी समर्थक त्यहाँ जम्मा भएर प्रमको अनुहार अंकित फेस मास्क लगाई जनताले चुनेर पठाएका सच्चा ओलीहरु सडकमा छन्, नक्कली ओली बालुवाटरमा राज गरिरहेका छन भन्ने सन्देशसहित सो कार्यक्रम शान्तिपूर्ण रूपले आयोजना गर्न लागदै थियौं । त्यस कार्यक्रममा साथीहरु सडकमा फेस मास्क मात्रै लगाउन के लाग्नु भएको थियो, हामीलाई जबरजस्ती गाडीमा हालियो । हामीले किन पक्राउ गरेको भनी प्रश्न सोध्यौ तर चूपचाप केही नबोली गाडीमा हालेर नेपाल पुलिस क्लब लगियो । बिना कारण पक्राउ गरिने, पक्राउ गरिसकेपछि गाडीमा राख्दा कुनै पनि स्वास्थ प्रोटोकलको पालना नगर्ने, दिनभरि प्रहरी चौकीमा बन्धक बनाउने, अनि बेलुका भएपछि जबरजस्ती सयौंको संख्यामा प्रहरी उपस्थित गराएर जबरजस्ती प्रहरी चौकीबाट बाहिर निकाल्ने चक्र फेरि दोहोरियो ।

यो ३ महिनामा मैले सडकमा आउँदा प्रत्यक्ष देखेको भोगेको घटनाक्रम हुन् यी । निश्चय पनि अहिलेको यो अवस्था भनेको भीडभाड नगरी सकेसम्म अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्किने समय हो । तर जनतालाई घरभित्र थुन्न बाहेक सरकारले महामारी नियन्त्रणका लागि आफैं के गऱ्यो त ? उत्तर नकारात्मक र निराशाजनक छ । ३ महिनासम्म घरभित्रै बसेर १ छाक खाएरै भए पनि नागरिकले सरकारलाई सहयोग गरेकै हुन् । तर सरकारले रेकर्ड राख्ने गरी भ्रष्टाचार र पदको राजनीति बाहेक केही गरेन । उल्टै प्रमका हरेक सम्बोधनले हावादारी गफ, गैरजिम्मेवार अभिव्यक्ति र गलत तथ्य दिएर जनतालाई भ्रम मात्र छरे ।

सरकारका यस्तै रवैयाबाट अजित भएरै नागरिकहरु सडकमा निस्कन बाध्य भएका हुन् । त्यो पनि यस्तो महामारीको बेला आफ्नो जीवन जोखिममा पारेर सरकार ढाल्न हैन बरु सरकारलाई जिम्मेवार र जवाफदेहि बनाउन । आज काठमाडौं लगायतका जिल्लाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) हरु नागरिक अधिकार खोस्न उद्यत छन् । उनीहरुले पटक पटक मानव अधिकार उल्लंघन समेत गरेका छन् । सर्वोच्च अदालतको आदेश लत्याउदै महामारीको बहाना बनाएर उनीहरुले पुनः काठमाडौंका विभिन्न क्षेत्रहरुमा गैरकानूनी तरिकाले निषेधित क्षेत्र घोषणा गरिरहेका छन् । शान्तिपूर्ण रूपमा स्वास्थ्य प्रोटोकल पालना गरी गरेको प्रदर्शनमा पटक पटक गैरकानूनी तरिकाले हस्तक्षेप गरेका छन् । पटक पटक पक्राउ गर्ने आदेश दिएका छन् । भद्रगोल र जोखिमपूर्ण तरिकाले पक्राउ गरेर थुनामा राखिरहेका छन् ।

आज संघीयताको मर्म विपरीत सिडिओलाई अगाडि सारेर सरकार संविधानले सुरक्षित गरेको नागरिकको अधिकार कुल्चँदै शान्तिपूर्ण आन्दोलन दबाउन उद्यत छ । हिजो जन आन्दोलनमा राजाका तस्विर कुकुरमा टाँसेर हिड्ने राजनीतिक दल आज केवल सांकेतिक विरोध स्वरूप उनीहरुको तस्विर प्रयोग गर्दा असत्य व्यवहार देखाइरहेका छन् । इतिहासको पाठ के हो भने, जनताको आवाज जति दबाइन्छ त्यो त्यति नै ठूलो आवाजले बिस्फोट हुन्छ । आज लोकतान्त्रिक अधिकार खोस्न जसरी सिडिओतन्त्र सक्रिय भइरहेको छ यो तन्त्र पनि नागरिक प्रतिरोधका अगाडि टिक्ने छैन । सरकारले यो कुरा जति छिटो बुझ्न सक्यो, उति राम्रो ।

@pritamsubedi

यथास्थितिमा असारमा हिउँद पुग्न सक्छ

जयन्त आचार्य
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ

विगत केही वर्षदेखि नेपालमा चाडपर्वको समय नमिलेको, तिथिमिति फरक परेको, महिना नै घटाउन खोजेको चर्चा(परिचर्चा चलिरहेको छ। अधिकमास परेका वर्षमा यस्तो चर्चा प्रबल रूपमा हुने गरेको छ। यस विषयमा थाहा पाउन नेपाली कालगणना पद्धति बुझ्नु आवश्यक हुन्छ। कालगणना नेपालमा पञ्चाङ्गमार्फत् गरिन्छ। नेपालमा प्रचलित पञ्चाङ्गहरू मुख्यतया सूर्य तथा चन्द्रमाको गतिका आधारमा बनेका छन्। सूर्यले विभिन्न ऋतु तथा याम परिवर्तनमा ठूलो भूमिका खेलेको हुन्छ भने चन्द्रमाले मासगणना देखाउँछ। नेपालमा चाडपर्वहरू तिथि र मिति दुवैका आधारमा मनाइने गरिन्छ। नयाँ वर्ष, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्तिजस्ता चाडहरू मितिअनुसार मनाइन्छ भने दशैँ(तिहार जस्ता चाडपर्वहरू तिथिका आधारमा निर्धारित हुन्छन्। तिथि र मितिको अन्तर धेरै नपरोस् भनेर झन्डै तीन वर्षमा एउटा अधिकमास राख्ने गणना पद्धति चलेको देखिन्छ। साउने सङ्क्रान्तिमा सूर्य दक्षिणतिर लाग्ने भएकाले दक्षिणायन प्रारम्भ विन्दु भन्ने गरिएको थियो तर हिजोआज सूर्य दक्षिणतिर असार को ६(७ गतेबाट नै लाग्ने गर्छ। त्यस्तै पहिले सूर्य माघ १ गते उत्तरतिर लाग्ने गर्थ्यो तर हिजोआज पुष ६(७ गते नै सूर्य उत्तरतिर लागेको प्रत्यक्ष देख्न सकिन्छ।

त्यस्तै वर्षमा दुई पटक दिन र रात बराबर हुने गर्छन्। तिनलाई'विषुवत् दिन' भनिन्छ। अहिले ती दिन पनि २४(२५ दिनअगाडि नै पर्न थालिसकेका छन्। झन्डै ७२ वर्षमा एक दिनका दरले यसरी दिन बिग्रिने क्रम चलिरहेको छ।

शास्त्रमा के छ ?

अयन विन्दुको (उत्तरायण हुने दिन र दक्षिणायन हुने दिनको विन्दु) विषयमा अथर्ववेदमा "भानुराश्लेशा अयनं मघा मे" भनेर अयनको चर्चा गरिएको छ। यसले मघा नक्षत्रमा सूर्य हुँदा दक्षिणायन हुन्छ भन्ने सङ्केत गर्छ। त्यसपछि बौधायनश्रौतसूत्रमा र वेदाङ्गज्योतिषकालमा मघामा दक्षिणायन हुनेकुरा नमिलेको थाहा भयो। त्यसलाई मघाबाट सोरेर अश्लेषार्धमा लगियो। त्यसैले बौधायनादि र लगधले अश्लेषाको अर्धमा सूर्य हुँदा दक्षिणायन हुन्छ भन्ने कुरा लेखे। त्यसपछि वराहमिहिरले पञ्चसिद्धान्तिकामा यसबारे थप चर्चा गरे।

आश्लेषार्धादासीधदा निवृत्तिः किलोष्णकिरणस्य।

युक्तमयनं तदासीत् साम्प्रतमयनं पुनर्वसुतः।।

अर्थात् अश्लेषा नक्षत्रको आधामा सूर्य पुग्दा दक्षिणायन हुन्छ भन्ने कुरा प्राचीनकालमा सत्य थियो तर अहिले त पुनर्वसु नक्षत्रमा अर्थात् कर्कट राशिमा सूर्य पुग्दा (श्रावण १ गते) दक्षिणायन आरम्भ हुन्छ। यसरी आफ्नो पालामा दक्षिणायन हुने नक्षत्र फेरिएको कुरा स्पष्ट रूपमा उल्लेख गरेका छन्। अहिले

दक्षिणायन परिवर्तन भइसकेको स्पष्ट देखिन्छ। तर आजसम्म पनि श्रावण १ लाई नै दक्षिणायन विन्दु मान्दै आइएको छ। यस्तै उत्तरायण विन्दुबारे तैत्तिरीय ब्राह्मणमा "पुण्यं नक्षत्रमभिसंविशामः" लेखिएको छ। अर्थात् उत्तरायण विन्दु धनिष्ठा नक्षत्रको अन्त्यमा भएको कुरा स्पष्ट नै छ। त्यसपछि उत्तरायण विन्दु धनिष्ठा नक्षत्रको मध्यमा 'मैत्रायण्युपनिषद्मा मघाद्यं श्रविष्ठार्धमाग्नेयम्' भनिएको छ। धनिष्ठार्धमा रहेको उत्तरायण विन्दु वेदाङ्गज्योतिषकालमा धनिष्ठाको पहिलो विन्दुमा सारिएको कुरा लगधले 'प्रपद्येते श्रविष्ठादौ' भनेर र बौधायनले 'माघमासे धनिष्ठाभिरुत्तरेणैति भानुमान्' भनेर उत्तरायण बिन्दु सरेको र सारिएको उदाहरण तथा प्रमाण भेटिन्छ।

अयन विन्दु नमिलाउँदा के फरक पर्छ ?

प्राचीन विद्वान् र ज्योतिषीहरूले त दक्षिणायन विन्दुलाई मघाबाट अश्लेषार्धमा र अश्लेषार्धबाट पुनर्वसुको अन्तिम पाउमा अर्थात् कर्कटादिमा सारेको प्रमाण पाइएको छ। अहिले पनि अयन विन्दुलाई सार्दा शास्त्रको मर्यादा नै कायम हुने बरु नसार्दा शास्त्रको मर्यादा भङ्ग हुने देखिन आएको छ। तसर्थ हालसम्म पनि दक्षिणायन विन्दु कर्कटादिमा नै छ भनेर मान्नु शास्त्रको मर्यादाविपरीत हुन्छ। अतः वास्तविक रूपमा दक्षिणायन विन्दु जहाँ छ त्यहींबाट निरन्तरता पाउँदै आएको छ। आवश्यक संशोधन नहुँदा २४(२५ दिनको फरक परिसकेको स्पष्ट देखिन्छ। यसले गर्दा आषाढको ६(७ गतेपछि सायन सूर्य दक्षिणायनमा गइसक्दा पनि हाम्रा पञ्चाङ्गमा दक्षिणायनमा गर्न नहुने भनिएका व्रतबन्ध र विवाहका साइतहरू दिने र पौष ६(७ गते नै सूर्य उत्तरायणमा गइसक्दा पनि उत्तरायणमा गरिने विवाह व्रतबन्ध आदिको साइत नदिने गल्ती भइरहेको देखिन्छ।

साथै आषाढ ६(७ पछि र श्रावण १ गतेअघि मृत्यु हुनेहरूको उत्तरायणमा मृत्यु भएको ठानिए पनि वास्तवमा दक्षिणायन लागि सकेको हुन्छ। त्यस्तै पौषको ६(७ गतेपछि माघ १ गतेअघि मृत्यु हुँदा दक्षिणायन ठानिए पनि वास्तवमा उत्तरायण लागिसकेको हुन्छ। समाज र लोकव्यवहारमा जन्म र मृत्युको समयको सांस्कृतिक महत्त्व देखिन्छ। तर प्रचलित पञ्चाङ्ग अनुसरण कालगणना अवास्तविक भई अनर्थ भएको देखिन्छ। सनातन हिन्दू धर्मशास्त्रको ग्रन्थ हेमाद्रीमा "सङ्क्रान्तेद्वादशभिर्दिनैरर्वाक् पुण्यकालो भवति तस्मिन् सङ्क्रान्तिर्निमित्तं दानादिकर्तव्यमिति। एवं न्यूनातिरिक्तेऽपि बोद्धयम्" भनिएको छ। अर्थात् सबै महिनाको राशि सङ्क्रान्तिभन्दा १२ दिनअगाडि नै सायन सङ्क्रान्ति हुने र त्यसैमा सङ्क्रान्तिको सकलकर्म गर्नुपर्छ भन्ने यसको तात्पर्य हो। त्यो समयमा अयनांश १२ मात्रै थियो तर अहिले यो बढ्दै गएर २४ पुगिसकेको छ। यसरी प्राचीनकालमा अयन विन्दुहरू सार्ने प्रचलन रहेको प्रमाण देखिन्छ। अहिले चलेको चर्चा पनि अयन विन्दु सार्ने र सँगसँगै चाडपर्वको समय पनि मिलाउने भन्ने हो।

मिलाउँदा कस्ता समस्या उत्पन्न हुन सक्छन् ?

आधुनिक समाजमा पञ्चाङ्ग अर्थात् पात्राहरू एक ठाउँबाट मात्र प्रकाशित हुँदैनन्। मुख्यतया भारत र नेपालका पात्रामा एकरूपता हुनुपर्ने भएकाले दुवै देशका विद्वान्हरूले संयुक्त रूपमा यसलाई मिलाउनुपर्ने देखिन्छ। नेपालमा मात्र परिवर्तन गरियो भने शिवरात्रि र विवाहपञ्चमी पर्व एक महिनापहिले नै नेपालमा मनाइने तर भारतीय तीर्थालुहरू ती पर्वका लागि महिनापछि आउने हुनसक्छ। वराहमिहिरले जस्तो सबैतिर एकै पटक मिलाउन कठिन पर्ने देखिन्छ। नमिलाउँदा ऋतुअनुसार मनाउनुपर्ने चाडपर्व भिन्न ऋतुमा पर्न जाने, मिलाउँदा विभिन्न खालका समस्या आइपर्ने देखिएको छ। तसर्थ यसलाई ढिलोचाँडो जसरी पनि मिलाउनुपर्छ र मिलाउने वर्ष अधिकमास परेको वर्ष हुनुपर्ने भनिएको हो। यदि यसलाई यथास्थितिमा छोडियो भने कालान्तरमा श्रावणमा हुने वर्षा पुषमा पुग्ने र पुष(माघमा हुने जाडो असार(श्रावणमा हुन पुग्छ।

मिलाउन खोज्दा एक महिना नै लोप हुने हो त ?

होइन। कुनै पनि महिना लोप हुँदैन। यसलाई एउटा उदाहरणबाट बुझौं। मान्नुहोस् तपाईंको घडी केही दिनदेखि एक घण्टा ढिलो चलिरहेको थियो। थाहा पाएपछि तपाईंले घडीको समय मिलाउनुभयो। त्यसो गर्दा तपाईंका लागि त्यो दिन २३ घण्टाको हुन्छ कि २४ घण्टाको ?

घडी मिलाउँदा दिनको समय घट्ने हैन

तर एक घण्टा मिलाउँदा गणनामा फरक परे जस्तो देखिए पनि समय फेरिँदैन। त्यसरी नै पञ्चाङ्ग मिलाउँदा झट्ट सुन्दा एक महीना लोप भए जस्तो लागे पनि महिला लोप हुने हैन र हुन सक्दैन पनि।

(लेखक वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालयका सहप्राध्यापक हुन्।)

Martin Luther

Maybe you are asking yourself how did Martin Luther turn the Western World upside down? How did his Theses cause so much turmoil and revolutionize the world?

Firstly his theses was copied and sent throughout Germany causing people throughout the country to debate and talk about his ideas. One of the principal objections of Luther was of the church selling indulgences. These were documents prepared by the church and bought by individuals either for themselves or on behalf of the dead that they believed would release them from the punishment due to their sins. However, can a person really buy forgiveness? The book of Romans 1 verse 17 says "the just shall live by faith". Ephesians 2 verses 8,9 say "For by grace are ye saved through faith; and that not of yourselves: *it is* the gift of God: Not of works, lest any man should boast." The idea that someone can buy forgiveness is against the teaching of Holy Scripture as God says that salvation is a gift from him. Gifts or presents are free, no one has to pay for them; they are given freely by the giver.

The objections of Luther quickly drew attention not just on indulgences but to the authority of the church, that is did the pope or a church have the right to issue indulgences? Obviously, the church wasn't happy having its authority questioned because it could see that it was losing power and control over the nation. Events quickly accelerated and only two years later at a public debate in Leipzig Germany in 1519, Luther declared that "a simple layman armed with the Scriptures" was superior to both pope and councils without them. Luther was clearly stating that the Bible was the ultimate authority for the salvation of man, not a church or a man.

In 1521 Luther was called to an assembly of leaders at Worms, Germany, to appear before Charles V, the Holy Roman Emperor. The room was packed with people from all parts of Germany and the Roman Empire. Some of them believed that Luther was a "demon in the appearance of a man," others, who first questioned Luther's theology later declared, "He alone is right!" Luther arrived prepared for another debate on his theses but quickly discovered it was a trial he had been brought to, at which he was expected to recant his views. When asked to recant his beliefs Luther replied that unless they could prove from scripture that what he taught was wrong he could not, nor would not recant because he couldn't act against his conscience. Then he added, Here I stand. I can do no other. The Emperor was furious and branded Luther a heretic and ordered that his books and teachings be banned throughout the churches and burned in the streets. Eventually Luther was excommunicated from the Roman Catholic Church. However, the division had already started, many of the Germany princes agreed with Luther and gave him and his followers protection in their lands. These people protested against the teaching of the Catholic church and started their own church called the Protestant church. Europe was now divided half with Luther and half staying with the Roman church. But this was only the beginning, Luther's reforms unleashed forces that ended the Middle ages, also called the Dark ages and ushered in the Modern era or Enlightened age. People were encouraged to search out the facts and not to simply believe what one person had said. Schools were promoted and learning was encouraged for all people no matter of their status. Luther translated the Bible into the vernacular tongue of the German people which created the bases for the German language that is spoken today. This encouraged other scholars to follow suit and suddenly Bibles and other books were being printed in every European language and the intellect of the people was improved.

The reformation of Luther and the man himself were assuredly one of the most influential occurrences in Western civilization during the last millennium. The freedom and liberty it brought spread throughout Christendom and changed the course of history.

P. Pilgrim, pilgrimway101@yahoo.com

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरुः

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं।

कोभिड-१९ बाट आफू बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
संचारग्राम, काठमाडौं

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
काठमाडौं - ११, काठमाडौं

बीपी, समाजवाद र नेपाली काँग्रेस–२

डा. रामशरण महत

कृषि क्षेत्रका अन्य सुधारहरुमा उत्पादकलाई मोहियानी हकको सुनिश्चितता गरियो । जमिन्दारले मोहीबाट उत्पादनको आधाभन्दा बढी हिस्सा प्राप्त गर्न नपाउने र साहुकारहरुले १० प्रतिशतभन्दा बढी ब्याज ऋणीबाट लिन नपाइने व्यवस्था गरियो । सरकारी उच्च पद तथा सैनिक उच्च पदहरुमा राणाहरुको एकाधिकारलाई अन्त्य गरियो । सरकारी तथा सरकारी सहयोगमा खुलेका विद्यालयहरुमा अछुत समुदायका बालबालिकाहरुलाई समेत भर्ना गर्नुपर्ने सूचना जारी गरिएको थियो । निजामती सेवालाई आधुनिकीकरण गरी मन्त्रालय तथा विभागहरु समेत रहनेगरी पुनर्संरचना गरियो र निजामती सेवामा प्रवेशका लागि परीक्षा प्रणालीको शुरुवात गरियो । राणाहरुले निजी प्रयोग गर्दै आएका प्रधानमन्त्री निवास सिंहदरबार लगायत अन्य दरबारहरुलाई विभिन्न सचिवालय, मन्त्रालय तथा विभागहरुमा रुपान्तरण गरियो ।

राणा शासनकालमा सरकारी आय-व्यय सम्बन्धी वार्षिक बजेट प्रणालीको व्यवस्था थिएन । राज्यको सम्पूर्णजसो कोष राणाहरुको आदेश र निजी प्रयोगमा सकिन्थ्यो । राज्यको अधिकांश ढुकुटी राणाहरुको निजी समृद्धिका लागि उपयोग हुन्थ्यो । सरकारी खर्चबाट बचेको रकम प्रधानमन्त्रीसँग रहन्थ्यो । सरकारको वार्षिक आय-व्ययको कुनै पारदर्शिता थिएन । राणा प्रधानमन्त्रीको आदेशमा मालपोत, काठको बिक्री, भन्सार आदिको आम्दानी तय हुन्थ्यो । राणाशासनको अन्त्यसँगै नेपालमा वार्षिक बजेट प्रणालीको शुरुवात गरिएको थियो । नेपालका पहिलो अर्थमन्त्री सुवर्णशम्शेर राणाले राणा शासनको अन्त्यसँगै राज्यको सम्पत्ति तथा दायित्वको यथार्थ विवरणसहित २००८ सालमा वार्षिक बजेटको घोषणा गर्नुभएको थियो । त्यसबेला राणाहरुले बाँकी छोडेको कुल सम्पत्ति सुन, चाँदी, सिक्का र विदेशी मुद्रा गरी ८ करोड रुपैयाँ बराबर थियो । अर्थमन्त्री राणाले प्रस्तुत गरेको रु ५ करोड २५ लाखको बजेटमा रु २ करोड २० लाख न्यून थियो र त्यो रकम राणाशासकले छोडेको सञ्चित रकमबाट व्यहोर्ने उल्लेख थियो । उक्त पहिलो बजेटले सडक तथा विमानस्थल निर्माण, हुलाक सेवाको विकास, रेडियो स्थापना, शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासलाई प्रमुख प्राथमिकतामा राखेको थियो । सरकारले निजी उद्यमलाई समेत स्थान दिएको र शोषणरहित मिश्रित अर्थतन्त्रको नीति अलवम्वन गरेको थियो ।

राणाशासनको अन्त्य भएपछिको दशकमा नेपालले विदेशी सहायता प्राप्त गर्न थालेको थियो । अमेरिकाले सबैभन्दा पहिला कृषि, ग्रामीण विकास, शिक्षा तथा स्वास्थ्य, मलेरिया निवारण र महत्वाकांक्षी राप्ती उपत्यका परियोजनामा प्राविधिक सहायता उपलब्ध गराएको थियो । राप्ती परियोजना अन्तर्गत चितवन उपत्यकालाई पहाडी क्षेत्रबाट बसाई सराईको लागि खुला गरियो ।

त्यसैगरी भारतले गौचर एयरपोर्ट र



काठमाडौं रक्सौल सडक निर्माणमा सहयोग उपलब्ध गराएको थियो । भारतले सिंचाई, खानेपानी तथा भारतीय विश्वविद्यालयमा जनशक्ति विकास तथा तालिम दिएर सहयोगलाई थप विस्तार गरेको थियो । अन्य सहायता उपलब्ध गराउने अन्तर्राष्ट्रिय संस्था तथा मुलुकहरुमा संयुक्त राष्ट्र संघ, फोर्ड फाउण्डेसन, जनवादी गणतन्त्र चीन, सोभियत संघ, र स्वीट्जरल्याण्ड रहेका थिए । संयुक्त राष्ट्र संघको प्राविधिक सहायता विशेषगरी मलेरिया उन्मूलन, दुग्ध विकास, नर्स तालिम तथा भौगर्भिक सर्भेक्षणका लागि रहेको थियो । त्यसैगरी फोर्ड फाउण्डेसनले साना तथा घरेलु उद्योग, हस्तकला तालिम, स्वीसले दुग्ध विकास तथा चीनले नगद तथा मालवस्तु सहयोग उपलब्ध गराएको थियो । सोभियत संघले ५० शैयाको अस्पताल निर्माणमा सहयोग पुऱ्याएको थियो ।

सामन्ती प्रथा विरुद्धका कदम

वि.सं.२०१५ सालमा सम्पन्न आमचुनावमा संसदको दुईतिहाई बहुमत ल्याएपछि प्रभावशाली नेता बी.पी. कोइरालाको नेतृत्वमा मन्त्रिपरिषद गठन भयो । पार्टीको महाधिवेशनबाट पारित प्रजातान्त्रिक समाजवादी दर्शनलाई कार्यान्वयनमा ल्याउनका लागि सर्वप्रथम जमिन्दारी प्रथाको अन्त्य गर्नु जरुरी थियो । किनकि जमिन वास्तविक कृषक तथा उत्पादकको स्वामित्वमा नभै काम नगर्ने केही सीमित व्यक्तिको हातमा थियो । पार्टीको चुनावी घोषणापत्रमा जमिन भूमिहीन र किसानलाई वितरण गर्न क्रान्तिकारी नीति ल्याउने प्रतिबद्धता व्यक्त गरिएको थियो । बिर्ता प्रणाली अन्त्य गर्ने र भूमिमा हदबन्दी लगाउने बाचा गरिएको थियो । त्यसैगरी अन्य कार्यक्रमहरुमा विशेषगरी पश्चिमी भेगतिर अस्तित्वमा रहेका राजारजौटाहरुको उन्मूलन, वन जंगलको राष्ट्रियकरण, औद्योगिकीकरण तथा सहकारी खेतीको प्रवर्द्धन प्रमुख रहेका थिए । घोषणापत्रमा प्रचलनमा रहेको द्वैध मुद्राप्रणाली हटाउने र मौद्रिक स्थायित्व कायम गर्ने प्रतिबद्धता जनाइएको थियो । अर्थमन्त्री सुवर्णशम्शेरले वि.सं.२०१५ सालको अगस्तमा प्रस्तुत आफ्नो वार्षिक बजेट वक्तव्यलाई अझ समाजवादी शैलीमा ढाल्नुभएको थियो । बजेटमा राष्ट्रिय आय बढाउने, कृषिमा आधारभूत परिवर्तन गर्ने, सम्पत्तिको पुनर्वितरण गरी आय असमानता हटाउने, बेरोजगारीको समस्या समाधान गर्ने तथा अन्य कल्याणकारी कार्यहरु गर्ने बजेटका उद्देश्यहरु रहेका थिए । अर्थतन्त्रलाई आधुनिकीकरण गर्न तथा कृषिमा रहेको जमिन्दारी संरचना अन्त गरी प्रगतिशील समाज निर्माण गर्नका लागि सरकारले बजेटमार्फत आमूल परिवर्तनको खाका प्रस्तुत गरेको थियो । वि.सं. २०१३ मा शुरु भएको प्रथम योजना अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु र नयाँ योजना निर्माणको तयारी गर्नु सरकारको मुख्य प्राथमिकताको कार्य रहेको थियो । योजना तथा विकासमन्त्री समेत रहेका अर्थमन्त्रीको अध्यक्षतामा योजना बोर्ड गठन गरिएको थियो । केही अधिकारका विवादका वावजूद योजनाहरुको कार्यान्वयनले तीव्रतर गति लिएको थियो । योजना निर्माण तथा कार्यान्वयनमा मुलुकको कमजोर प्राविधिक क्षमता भएकोले फोर्ड फाउण्डेसनसँग सम्झौता गरी योजना बोर्डलाई विज्ञहरुको प्राविधिक सल्लाह प्राप्त गर्न एउटा समूह ल्याउने सम्झौता भयो । यही बेला मुलुकको दोस्रो योजना निर्माणको काम पनि हुँदै थियो । अर्थतन्त्रमा क्रान्तिकारी सुधार ल्याउने महत्वाकांक्षी उद्देश्यबाट २०१८ को साउन १ गतेदेखि लागू गर्ने गरी दोस्रो पञ्चवर्षीय योजना प्रस्तावित गरिएको थियो र यसले १ अर्ब ९६ करोड कुल खर्च लक्ष्य राखेको थियो । यसको लक्ष्य राष्ट्रिय आय ३० प्रतिशतले बढाउने र ५ लाख रोजगारी सिर्जना गर्ने थियो । औद्योगिक परियोजना, सडक निर्माण तथा कृषि उत्पादन यसका प्राथमिकता थिए । प्रस्तावित आवधिक योजना कार्यान्वयनका लागि आर्थिक स्रोत जुटाउने क्रममा विभिन्न मित्रराष्ट्र तथा संस्थाहरुसँग विकास सहायता उपलब्ध गर्नेबारे वार्ता पनि भैरहेको थियो । अमेरिका, भारत, सोभियत संघ, बेलायत, स्वीट्जरल्याण्ड, अस्ट्रेलिया, न्युजिल्याण्ड तथा संयुक्त राष्ट्रसंघसँग विकास सहायताका लागि वार्ता गरिएको थियो ।

सन् १९६० सालको दोस्रो बजेट पेश गर्दा विदेशी सहायता तथा लगानी प्राप्त गर्ने उद्देश्य राखिएको थियो । सन १९६० को मे १८ मा अर्थमन्त्री सुवर्ण शम्शेरले नेपालमा अमेरिकी निजी लगानीलाई प्रोत्साहित गर्ने गरी एउटा सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो । अक्टुबर २७ मा प्रधानमन्त्री कोइरालाले नेपालमा लगानी गर्न भारतीय लगानीकर्ता उद्यमी व्यवसायीहरुलाई आह्वान गर्नुभएको थियो । मुम्बाईमा आयोजित एक समारोहमा उहाँले उनीहरुको लगानीको सुरक्षाको आश्वासन दिदै आगामी १० वर्ष औद्योगिक शान्तिको पूर्ण प्रत्याभूति दिनुभएको थियो । राजनीतिक परिवर्तनपछि जनताका उर्लदो चाहना र मागहरु पूरा गर्ने उद्देश्यले सरकारले शिक्षा, स्वास्थ्य,यातायात, सञ्चार सेवा जस्ता क्षेत्रको विकासमा प्राथमिकता दिएको थियो । स्थानीय जनचाहना पूरा गर्न छुट्टै मन्त्रालय गठन गरिएको थियो । राणा शासनकालमा जनता शिक्षाको उज्यालोबाट बञ्चित रहनुपरेकोले सरकारले एक मतदान केन्द्रमा न्यूनतम एउटा विद्यालय रहनेगरी देशैभर २२ सय प्राथमिक विद्यालय खोल्ने कार्यक्रमको घोषणा गरेको थियो । यसमध्ये एकैवर्षमा १६ सय विद्यालयहरु स्थापना गरिएको थियो । यसरी एकैवर्षमा यति धेरै विद्यालय खोलिएको इतिहासमै पहिलोपल्ट थियो । त्यसैगरी स्वास्थ्य क्षेत्रमा एक निर्वाचन क्षेत्रमा कम्तीमा एउटाका दरले १ सय ९ वटा अस्पताल(स्वास्थ्य केन्द्र निर्माण गर्ने अर्को यस्तै महत्वाकांक्षी कार्यक्रम घोषणा गरिएको थियो । विकास निर्माणका कार्यक्रमहरुलाई तिव्रता दिन जिल्ला विकास अधिकृतको नेतृत्वमा जिल्ला विकास बोर्ड गठन गरिएको थियो । बनेपा-सिन्धुली राजमार्ग, काठमाडौंलाई हेटौंडासँग जोड्ने कान्ति राजपथ तथा अन्य कतिपय सडकहरुको निर्माण त्यसबेला शुरु गरिएको थियो ।

विदेशी सहायता परिचालनका अतिरिक्त नेपाली काँग्रेसको सरकारले आन्तरिक स्रोत परिचालन गर्न करको दायरा बढाउने गरी नयाँ करनीति लागू गरियो । आयकर, शहरी सम्पत्ति कर, विदेशी लगानी, व्यापारिक लाभ तथा बिर्ता भूमि जस्ता करका क्षेत्रहरु तोकिएको थियो । पानीको धारा तथा रेडियो रिसिभरलाई पनि करको दायरामा ल्याइएको थियो । करका दरहरु अत्यन्तै न्यून थिए । कुल राजस्वको लक्ष्य रु २५ लाख मात्र रहेको थियो । आन्तरिक स्रोत परिचालन गर्नका लागि नेपालको वित्तीय इतिहासमै पहिलोपल्ट सरकारी ऋणपत्र जारी गर्ने घोषणा गरिएको थियो । त्यसबेला जम्मा रु दुई करोडको लागि पाँचबर्षे सरकारी ऋणपत्र जारी गरिएको थियो । वि.सं.२०१६ सालमा नेपाली काँग्रेसको सरकारको अर्को उल्लेखनीय काम थियो, नेपालमा प्रचलनमा रहेको द्वैध मुद्रा प्रणालीको अन्त्य र भारुसँग नेरुको मुद्राको विनिमय दरको स्थायित्व । भारुसँग गृहकार्यका साथ सावधानीपूर्वक गरिएको स्थिर विनिमय दरको व्यवस्थाले वि.सं.२०२२ सम्म निरन्तरता पाएको थियो । पछि भारु अन्य मुद्राहरुसँग ठूलो मात्रामा अवमूल्यित भएपछिस्थिर विनिमय दरमा पुनर्विचार गर्नुपर्ने भयो । वि.सं.२०१६ सालको विदेशी विनिमय सम्बन्धी कानूनले आधिकारिक डिलरबाहेक अन्यलाई नेपाली रुपैयाँबाहेक अन्य मुद्राको कारोबार गर्न बन्देज लगाएको थियो । नेपाल राष्ट्र बैंकले यसमा कडा शर्त राखेको थियो र कडा अनुगमन गर्ने व्यवस्था मिलाइएको थियो ।

साहसिक कार्य र राजाद्वारा सत्ता कब्जा

राणाविरोधी क्रान्ति सफल हुनासाथ नेपाली काँग्रेसको दबाबमा राणा(काँग्रेस संयुक्त सरकारले नै वि.सं. २००८ सालमा बिर्ता उन्मुलनको सैद्धान्तिक सहमति गरेको थियो । मुलुकको कुल खेतीयोग्य जमिनको झण्डै एकतिहाई खण्ड बिर्ता प्रथा अन्तर्गत थियो । त्यसमध्ये पनि अधिकांश जमिन राणा र तिनका नातेदारहरुको नियन्त्रणमा राखिएको थियो । यस्ता सामन्तवादी भूस्वामित्वको अन्तका लागि साहसिक निर्णय गर्नसक्ने आधार भनेको काँग्रेस सरकारलाई प्राप्त लोकप्रिय जनमत नै थियो । त्यसैले सरकारले चुनाव जितेर सरकार गठन गर्नासाथ यस्तो जमिनलाई रैकरमा परिणत गर्न र सूचीकृत बिर्ता जमिनमा जोताहाहरुलाई स्वामित्व हस्तान्तरण गर्नका लागि संसदमा विधेयक प्रस्तुत गऱ्यो । वि.सं.२०१५ सालमा उक्त विधेयक कानून बन्यो । अर्कोवर्ष फेरि पश्चिमी भेगमा अस्तित्वमा रहेका राजारजौटाहरुका राज्य अदालतहरुको अन्त्य गरी नियमित अदालतको रुपमा काम गराउन अर्को विधेयक पनि पारित गरियो । तिनलाई नवनिर्मित कानूनको कार्यान्वयन गर्ने र न्याय दिलाउने आंशिक स्वायत्तता दिइयो । त्यहीबेला निजी स्वामित्वमा रहेका सम्पूर्ण वनजंगललाई पनि राष्ट्रियकरण गरियो । काँग्रेसले गरेका यस्ता साहसिक निर्णयका विरुद्ध परम्परागत सत्तासुख भोग गरिरहेका हरुबाट प्रचूर अवरोधहरु छँदै थिए । यस्ता साहसिक कामहरुबाट प्रभावशाली नेता प्रधानमन्त्री कोइरालाको थप लोकप्रियता फैलिरहेका बेला यी नीतिका विरुद्ध प्रत्यक्ष शासनसत्ताको महत्वाकांक्षा बोकेका तत्कालीन राजाले प्रतिपक्षीलाई उक्साइरहेका थिए । यहीक्रममा जनहित संघ जस्ता संस्थाले सरकारको कर नीति तथा भूमिसुधारसम्बन्धी नीतिका विरुद्ध रातारात काठमाडौंमा आमहड्ताल आह्वान गरेका थिए । संघले दिएको निवेदनउपर सुनवाई गरी राजदरबार सचिवालयले उनीहरुको आन्दोलनलाई खुलमखुल्ला समर्थन गरेको थियो । राजाको समर्थन गर्ने योगी नरहरिनाथको नेतृत्वमा रहेको धार्मिक दल कर्मबीर महामण्डलले बिर्ता खारेजीको विरुद्धमा गोरखा जिल्लाका कतिपय ठाउँमा आन्दोलन मच्चाएको थियो ।

क्रमशः ....

संकटका बेला निर्लज्ज सरकार र निरीह प्रतिपक्ष

जगदीश दाहाल

लोक कल्याणकारी राज्य प्रणालीमा राज्य वा सरकार जनताको अभिभावक हो । हामी नेपालीहरुले लोक कल्याणकारी राज्यव्यवस्था अबलम्बन गरेका छौं र हामीकहाँ राज्य हाम्रो अभिभावक हुनुपर्छ भन्ने हाम्रो चाहना हो । यो व्यवस्थाको आधारभूत सिद्धान्त पनि यही हो । लोक कल्याणकारी राज्यमा मुलुक हाँक्ने ड्राभइर सरकार स्वेच्छाचारी र निर्दयी हुनु हुँदैन । सरकार जिम्मेवार हुनुपर्छ र नागरिकप्रति उत्तरदायी हुनुपर्छ । सरकार र सरकारका संचालक नागरिकप्रति उत्तरदायी हुन्छन् भन्ने मनसायले नै नागरिकले आवधिक मतदानमार्फत आफ्नो सरकार चुन्ने हुन् र सरकारलाई जिम्मेवारी दिने हुन् । जनताले निर्वाचन जिताउनुको अर्थ अधिकार मात्र होइन जिम्मेवारी दिएका हुन् भन्ने हो । यस्तो राज्य व्यवस्थाका संचालकहरु लोक कल्याणकारी राज्य प्रणाली विपरित हिँड्नु र चल्नु हुँदैन ।

संसारका धेरै जसो मुलुक लोक कल्याणकारी राज्य पद्धति अनुसार संचालित छन् । यो पद्धतिमा राज्य भनेको जनतको अभिभावक पनि हो । जनतालाई परेका हरेक दुःख कष्टमा सरकारले जिम्मेवारी लिन सक्नुपर्छ । लोक कल्याणकारी राज्यका आधारभूत विषय भनेको नागरिकको स्वास्थ्य, शिक्षा, सुरक्षा र न्याय जस्ता आधारभूत सेवा र सुविधासम्म नागरिकको सहज पहुँच हुनु हो । आधारभूत आवश्यकता, सेवा वा सुविधासम्म नागरिकको सहज पहुँच हुनुपर्छ र त्यसको व्यवस्था राज्यले गर्नुपर्छ । यो राज्यको जिम्मेवारी हो र यसरी नागरिकले राज्यबाट पाउनु पर्ने कुरालाई सरकारले अन्देखा गर्न मिल्दैन । बरु, स्वास्थ्य शिक्षा र सुरक्षाको उचित व्यवस्थापन र सहज पुहँचमा पुर्याइ दिने र न्याय दिने काम राज्यले गर्नुपर्छ । साथै सामाजिक सुरक्षा, बच्चाका लागि पोषणयुक्त खाद्यको व्यावस्था, वृद्धलाई निःशुल्क उपचार र जीवन जिउने भत्ता जस्ता सामाजिक सुरक्षाका कुराबाट राज्य विमुख हुन मिल्दैन ।

तर, हाम्रो देशमा त्यस्तो हुन सकेन । हालै देखिएको विश्वव्यापी महामारी कोभिड १९ का कारण लामो लकडाउन र चरम आर्थिक अभावले त्रसित र उकुस मुकुस भएका नागरिकलाई राज्यले स्वास्थ्यमा पहुँच दिन सक्दिन भन्नु तिमीहरु नै जे गर्छौं गर भनेर नागरिकलाई भन्नु यो निकै अनुत्तरदायी कुरा हो । राज्यले यसो भन्न कुनै हालतमा पाउँदैन । संसारमा के भइरहेको छ, अन्तर्राष्ट्रिय संघ सस्था युएन, डब्ल्यूएचओले हेरिरहेका छन्, शक्ति राष्ट्रले पनि हेरिरहेका छन् । सरकार गैर जिम्मेवार हुन र जनविरोधी बाटोमा हिँड्न मिल्दैन । त्यसमा पनि सरकारले राजनीति गर्ने राजनीतिकर्मीलाई विभिन्न बहानामा भत्ता उपलब्ध गराउने संघीयताका टुलहरु प्रादेशिक सरकार र तीनका निकायहरुमा रहेका व्यक्तिगत विवादलाई समेत सरकारी भत्तामा केन्द्रमा बोलाउने, दशौं दिनसम्म केन्द्रमा होल्ड गराएर राख्ने जस्ता क्रियकलाप अनावश्यक खर्च बढाउने मात्रै भए । सत्ताधारी दलभित्रको राजनीतिक किचलोले नाटक मात्रै जनतलाई देखाएन, राष्ट्रको ढुकुटीको अनावश्यक खर्च बढाएर दुरुपयोग पनि भयो । यी सब कुरालाई नेपाली जनता र संसारले हेरिरहेका छन् । यी विषयमा किन लाज मान्दैनन् हाम्रा प्रधानमन्त्री र मन्त्रीहरु ?

हिन्दुहरुको महान भनिएका चाडहरु नेपाली जनताले मान्न सक्ने र खुशीयाली मनाउन सक्ने अवस्थामा छैनन् । न दशैं, न तिहार न छठ । चाड मान्ने र भेला हुने भन्ने कुरै छैन । जनता कोभिडका कारणले आत्तिएका र उसिस निसिस भएका छन् । यस्तो बेलामा सरकार आफैं भन्दैछ-हस्पिटल छैन, बेड छैन, आइसियू भेन्टिलेटर केही पनि छैन । सरकारले केही गर्न सक्दैन । राज्यले केही गर्दैन ।' नागरिक आफैं गर भनेर हात उठाएको अवस्था छ । यो कस्तो नालायक, लाचारी र निकम्मा सरकार हो ? र, कस्तो प्रतिपक्ष हो संभावना र सहयोग औल्याउन नसक्ने ? विरोध पनि गर्न नसक्ने ?

नागरिकहरुको जीवन पद्धतिमा लोक कल्याणकारी राज्य पद्धति र आफ्नो दिनचर्या रहन नसक्नु साथै नागरिकहरुले आफ्ना सामाजिक धार्मिक र वैवाहिक क्रियाकलाप गर्न समेत नसक्ने अवस्था सृजना भइरहेका बेला राज्य र सत्ताधारी दलका क्रियाकलाप विवाद, विवादको नाटक, र यसले मुलुकको अर्थतन्त्रमा पारिरहेको असरसमेतलाई विचार गर्दा भनाइ लोक कल्याणकारी राज्य भनिए पनि सरकार त्यो अनुसारको बाटो नहिँड्दा लोक कल्याणकारी राज्य पद्धति रहेन । बरु असफल मुलुक हुने संभावना देखियो । संघीय प्रणाली र गणतन्त्रात्मक लोक कल्याणकारी राज्य व्यवस्थित गर्ने संविधान नै असफल हुन सक्ने खतरा बढ्यो । कुनै दिन जनता यी सब चाहिएन भनेर सडकमा उत्रिन सक्ने संभावनालाई नकार्न नसकिने देखियो । सरकारले गएको चैत्रदेखि सरकारले लगाएका नियम मान्दै आएका हुन् । सरकारले महामारी नियन्त्रणका लागि काम गर्दैछ भनेर महिनौंसम्म काम, व्यवसाय सबै ठप्प पारेर बसेका हुन् । बन्दाबन्दी, सिल वा अन्य कुनै नाममा लगाइएका प्रतिबन्ध पनि मानेकै हुन् । आफूलाई ठूलो क्षति भएका बेला, आम्दानी नभएर भोकभोकै परेका बेला पनि सरकारले ल्याएका नियम पालना गरेकै हुन् । सरकारले ल्याएका नियम नमानेको नाममा कारवाहीस्वरुप घण्टौं सडकमा उभिएका हुन्, हिरासतमा समेत गएकै हुन् । तर, महामारीका नाममा नयाँ नियम वा प्रतिबन्ध लगाउने सरकारले महामारी नियन्त्रणको लागि हात उठाउनु र जनतालाई 'भर्सेला परोस्' भन्नु के निर्लज्ज विषय होइन ?

लोकतन्त्रको मूल मर्म जनताले शासन गर्ने हो । तर, महामारी सुरु भएपछि नेपालमा जनताले होइन जनतामाथि शासन गरियो । राज्यले जनतालाई चरम दमन मात्रै गर्यो । अहिले त्यसको उत्कर्ष देखिएको छ । देशमा महामारी उच्चतम विन्दूमा छ र सरकारले केही पनि गर्न नसक्ने भनेर बसेको छ । केही समयअघि सरकारले कसैले जानीजानी कोरोनाभाइरस सारेको पाइएमा कारवाही गर्ने नियम ल्याएको थियो । अहिले संक्रमित र मृतकका संख्या मात्रै गनेर बस्छु भन्ने सरकारले कुन नैतिकताले त्यो कारवाही गर्न सक्छ । कोभिड-१९ कै कारण मरेको बिरामीको शव समेत आफैं व्यवस्थापन गर भन्ने सरकारले आफैं महामारी सार्ने प्रशस्त आधार तयार पारेको प्रस्ट हुन्छ । के यही आधारमा नियतवश महामारी फैलाएको अभियोग नागरिकमाथि लगाएर कारवाही गर्न मिल्ला ?

होटलका लागि हामीलाई सम्झनु होस्

काठमाडौंको पवित्र पशुपतिनाथको मन्दिर नजिकै सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं ।

हाम्रा सुविधा तथा विशेषताहरु :

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- गौशालाबाट नजिकै रहेकाले सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने ।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने ।

न्यु होटल पशुपति दर्शन

रातोपुल, गौशाला, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ४४९५४०४

इमेल lamasanu732@gmail.com,

hotelpashupatidarshan@gmail.com

असान्दर्भिक बन्दै गएका नेताहरुको सत्ता दौड

युवराज घिमिरे

नेपालको राजनीति अब केही दिन भारतीय जासुसी संस्था 'रअ' प्रमुख सामन्तकुमार गोयल यात्राको 'ह्याङ्ग ओभर'मा रहनेछ । आरोप प्रत्यारोप अनि आफूखुसी र आफ्ना फाइदाका लागि गरिने व्याख्याका केन्द्रीय खलनायक प्रधानमन्त्री केपी शर्मा ओली नै रहने छन् । नेपाली राजनीतिमा देखापरेको सामूहिक हीनभावना र परिचालित तथा परचालित प्रवृतिका कारण ओलीले जनतालाई स्पष्टीकरण दिनुभन्दा पनि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र र बाहिरका आलोचकहरुलाई नङ्ग्याउने अभियानमा लाग्नेछन्, सम्भवतः । प्रधानमन्त्री र सरकारका तर्फबाट गोयलसँगको भेटबारे स्पष्ट र चित्तबुझ्दो जवाफ नआए पनि त्यसको पृष्ठभूमि र केही पूर्वाभ्यास बुझ्नु जरुरी छ । विभागीय मन्त्री प्रदीप ज्ञवाली या गृहमन्त्री रामबहादुर थापा बादल या सम्बन्धित मन्त्रालयका कुनै वरिष्ठ अधिकारीलाई नराखी सार्वजनिक आलोचनाका पात्र बनेपछि त्यो बैठकमा ओलीसँग उपस्थित पररा्ष्ट्र मामिला सल्लाहकारमार्फत 'नोट' पठाइएको तथ्यलाई सरकारको उपल्लो तहले यो पंक्तिकारसँग स्वीकार गरेका छन् ।

ओलीको यो जमिन्दारी शैलीलाई उपप्रधानमन्त्री, पररा्ष्ट्रमन्त्री, लुम्बिनी प्रदेशका मुख्यमन्त्री र पररा्ष्ट्र मामिला सल्लाहकारले 'कूटनीतिक' चरित्रका रुपमा प्रस्तुत गरे पनि यो अचानक घटित एउटा घटना मात्र थियो भनी स्वीकार्न मिल्दैन । मन्त्री प्रदीप ज्ञवालीले भनेजस्तै यो संयम नभएर सत्ता बचाउने अभ्यास देखिन्छ । अगष्टको मध्यतिर अर्थात ओली र नरेन्द्र मोदीबीचको चर्चित टेलिफोन वार्ताभन्दा पहिले नै ओलीले एक वरिष्ठ भारतीय कूटनीतिज्ञमार्फत दिल्ली सन्देश पठाएको र त्यसै सिलसिलालाई निरन्तरता दिँदै लिपुलेक, कालापानी, लिम्पियाधुरा समेटिएको नक्सासहितका पाठ्यपुस्तकको वितरण रोकेको स्पष्ट बुझ्न सकिन्छ ।

गोयलको तामझामसहितको यात्रा र उनीसँग प्रधानमन्त्रीले त्यति समय एक्लै अर्थात सरकारका प्रतिनिधिहरुलाई बाहिर राखेर कुरा गर्न हुन्थेन, गोयल 'रअ'को हैसियत बाहिर राखेर प्रधानमन्त्री मोदीका विशेष दूतका रुपमा मात्र आएका हुन् ? ओलीका तर्फबाट जे-जस्ता स्पष्टीकरण आएपनि एउटा तथ्य यसमा रोचक र प्रासङ्गिक हुनेछ । गोयल आउँदा भारतीय राजदूत विनय मोहन क्वात्रा नेपालमा थिएनन् । रहन चाहेनन् । उनी दिल्लीमा थिए । भारतीय प्रधानमन्त्रीका विशेष दूत नेपालमा छँदा भारतीय राजदूत बाहिर रहन्थे होला ? त्योभन्दा महत्वपूर्ण कुरा के हो भने कूटनीतिमा परम्परा, शैली, 'प्रोटोकोल'लाई समय, परिस्थिति तथा विषयको गाम्भीर्यअनुसार खुकुलो पार्न सकिन्छ, भएका छन्, तर नेपालका अधिकांश नेताहरुको राष्ट्रप्रतिको बफादारीबारे जनस्तरमा पटक-पटक प्रश्न उठेका छन् । ओलीले यो बुझेका छन् पक्कै पनि । तर उनले के पनि बुझेका छन् भने 'कूटनीतिक ढाँचा' भित्रबाट हेर्दा कोही नेता चोखा छैनन् । गोयलले नभेटेका नेताहरुमा कति कुण्ठाभाव थियो होला ? उनले नभेट्दा आफ्नो हैसियतलाई भारतले नस्वीकारेको सन्देश जाने भएर नै होला गोयल-ओली भेट विवाद उत्कर्षमा पुगेपछि मात्र 'खण्डन' आउन थाले ।

अहिले राजनीतिक संकटमा जेलिएका ओलीले मुलुकको राजनीतिमा निर्णायक वर्चस्व स्थापित गरेका बाह्य शक्तिको अर्थात भारत र पश्चिममा (खासगरी अमेरिका) शक्तिको मुख ताक्ने रणनीति अपनाएको बुझ्न कठीन छैन । ०७२ या संविधान जारी भए पश्चातको आर्थिक नाकाबन्दीका कारण भारतसँगको बढ्दो अविश्वासपछि चीनसँग महत्वपूर्ण सन्धि, सहमति र निकटता बढाएका ओलीले अर्को सन्देश दिएका थिए । त्यो मुलुकको हितमा भन्दा बढी राजनीति र रणनीतिको एउटा पाटो थियो । चीनसँगको निकटतामा उनले कूटनीतिक विचलन प्रस्तुत गरे । नेकपाभित्र मुलुकको कूटनीतिक इतिहास र विश्लेषणभन्दा बढी राष्ट्रपति सी जिनपीङको दर्शन र व्यक्तित्वलाई पढाउन थालियो । राष्ट्रपति र प्रधानमन्त्री कार्यालयले चीन सरकारसँग भन्दा चीनमा कम्युनिष्ट पार्टीसँगको विस्तारित हिस्साका रुपमा आफूलाई प्रस्तुत गर्न थाल्यो । सत्ता बचाउन ओलीले उत्तरको संलग्नता स्वीकार गरे । अप्रिल १ मा सम्भवतः केन्द्रीय सचिवालयमा ओली औपचारिक रुपमा अल्पमतमा पर्थे र उनको राजनीतिक हैसियत फरक हुन जान्थ्यो, यदि राजदूत होउ याङ्छीले त्यति टाढा नजान माधव नेपाल र प्रचण्डलाई आश्वस्त नगरेको भए । नेपाली नेताहरुको राष्ट्रवाद र चारित्रिक दरिद्रतालाई चीनले पक्कै पनि बुझेको छ । सामाजिक हित र कूटनीतिका लागि उसले नेपाललाई सम्मान देखाउँदै आएपनि मुलुक हाँकेका नेपाली नेताहरु कति सम्मानलायक छन्- त्यो चीनले बुझेको छ ।

गोयलको नेपाल आगमन र उनको ओलीसँगको भेटघाटको अर्थले चीनलाई आश्चर्यचकित शायद पारेको छैन होला, किनकि नेपाली नेताहरुबारे उनीहरुको अध्ययन र विश्लेषण भारतको तुलनामा निकै वस्तुनिष्ठ छ ।

यो प्रकरणपछि चिनियाँ कूटनीतिको उपल्लो तहले राष्ट्रपति विद्यादेवी भण्डारीसँग यो भेटघाटको अर्थ र तात्पर्य बुझ्न खोजेको भए त्यसमा आश्चर्य मान्नुपर्ने कुरा देखिँदैन । विदेशी शक्तिको आडमा राजनीतिक एजेन्डा लाद्ने र सत्ता सुरक्षित गर्न खोज्दाका स्वभाविक परिणिति छन् । केही वर्ष अघिको एउटा प्रसंगले अझ यसलाई पुष्टि गर्नेछ । लोकमानसिंह कार्कीको नियुक्ति र न्यायालयद्वारा मुक्तिको शैली विवादास्पद विषय रहिरहने छन् नेपालको 'संवैधानिक इतिहास'मा । उनलाई हटाउन सडक आन्दोलनमा गएका 'नागरिक समाज'ले भारतको हस्तक्षेपमा भएको नियुक्ति मान्य नहुने र बदर हुनुपर्ने माग उठायो, नारा लगायो । तर उनलाई नियुक्ति गर्न सिफारिस र जोडबल लगाउने तत्कालीन प्रधानन्यायाधीश तथा प्रधानमन्त्री खिलराज रेग्मी, त्यसका लागि जोडबल लगाउने नेपाली काँग्रेस, एमाले र माओवादी नेतृत्व तह र एकाबिहानै षडयन्त्रको घेरामा शपथ गराउने राष्ट्रपति रामवरण यादवलाई भारतको दवाबमा उक्त नियुक्ति गरेको आरोप लगाउने हिम्मत उक्त नागरिक समाजले गरेन ।

अर्थात यो एउटा घटना १२ बुँदे परस्त राजनीति, राजनीतिक दल र त्योसँग जोडिएको नागरिक समाजको वास्तविक स्वरुप हो । आफ्नो व्यक्तिगत र समूहगत स्वार्थपूर्तिका बाह्य हस्तक्षेप स्वीकार्य र त्यो विपरीत हुँदा अस्वीकार्य हुने परिपाटी अनुरुप नै गोयल यात्रा, त्यसको शैली र परिणामबारे बहस हुनेछन् । त्यस अर्थमा ओली असाध्य कमजोर सबित हुनेछन् । किनकि 'म अरुभन्दा फरक हुँ' भन्ने विगत चार वर्षको उनको अडान अर्थहीन बन्न पुगेको छ अहिले । सत्ता र आफ्नो स्वार्थको राजनीतिका लागि उनी र कृष्ण सिटौला या सुवास नेम्वाङबीच कुनै अन्तर छैन भन्ने सन्देश गोयल यात्रा र त्योसँग जोडिएका गतिविधिले दिएका छन् । भोलिका दिनमा ओलीले गोयल प्रकरण मात्र हैन, भ्रष्टाचार र अनियमितता सम्बन्धी संगठित विरोध खेप्नुपर्दा उनको २०७२ देखि २०७५ सम्मको फरक र सकारात्मक खालको अतीतले मात्र उनको बचाउ गर्ने छैन । त्यो अब उनका गल्ती र सम्झौताहरुको भारमा थिचिएको छ । विरोधीहरुलाई तह लगाउने बाध्यतासँग नेकपाभित्रका आफ्नै पक्षलाई व्यवस्थापन गर्नु उनको अर्को टड्कारो चुनौती हो । प्रचण्डविरुद्ध महाधिवेशनमा पार्टी अध्यक्षको उम्मेदवार हुने सम्भावनाकै कारण रक्षा छाडी विनाविभागीय बन्दा समेत हिजो राष्ट्रिय सेनाका प्रमुखको आलोचना गर्ने ईश्वर पोखरेल आज गोयलको बचाउमा लागेका छन् । राजनीतिमा स्वार्थको प्रधानतालै व्यक्तिको छवि गिर्ने गरेको छ ।

नेपालका अधिकांश राजनीतिज्ञहरुको नियति यही बनेको छ । तर आफू अनकूल समीकरण निर्माणमा अहिलेसम्म अब्बल सावित भएका ओली शंकर पोखरेललाई पार्टी अध्यक्षमा खडा गरेर आफ्नो समकालीन पुस्ता अर्थात झलनाथ खनाल, वामदेव गौतम, प्रचण्ड, ईश्वर पोखरेल र माधव नेपाल लगायतलाई आफ्नो प्रधानमन्त्रीत्वकालमै भविष्यविहीन बनाउनतर्फ नलाग्लान् र ? राष्ट्रिय राजनीतिमा जनताको विश्वास गुमाउँदै जाँदा र त्यही अनुपातमा असान्दर्भिक बन्दै जाँदा पनि पद प्राप्तिको अभ्यासमा नेताहरु लागि नै रहन्छन्, त्यो राजनीतिको वास्तविक स्वरुप हो । तर सत्ताप्रधान र राष्ट्रियता विमुख बन्न पुगेको नेपाली राजनीतिमा 'राष्ट्रियता'को एजेण्डालाई गोयल यात्राले एकाएक केन्द्रविन्दुमा ल्याइदिएको छ । यतिसम्म कि हिजो १२-बुँदे र त्यसबाट निर्देशित राजनीतिका कट्टर पक्षधर राजनीतिज्ञ, दल, सञ्चार र नागरिक समाज पनि गोयल-ओली भेटघाटबाट रुष्ट छन् । नेपाली राजनीतिले अब लिने यात्राले फरक र सम्मानित दिशा खोज्ने सम्भावना बढ्ला या नबढ्ला त्यो दुई कुराबाट निर्देशित हुनेछ । पहिलो गोयल-ओली भेट १४ वर्षअघिको हर्मिज-प्रचण्ड-बाबुराम-गिरिजा 'डिल'कै अर्को रुप हो । नेपालमा 'सुदृढ लोकतन्त्र'लाई 'अझ सुदृढ' बनाउने दिशातर्फ र पूर्व राजा ज्ञानेन्द्र शाहले 'मुलुकले अभिभावक खोजेको' अभिव्यक्ति र त्यसको आशयलाई पराजित गर्न या भेटघाट भएको दावी यदि १२-बुँदे पक्षले गऱ्यो भने त्यसले यथास्थितिको निरन्तरता खोजेको अर्थ लाग्नेछ ।

दोस्रो, १४ वर्षमा बाह्य षड्यन्त्रप्रति नेपाली राजनीतिक दल तथा नागरिक समाजले समर्पण गरेको निर्णयसाथ समीक्षा र सुधारको अवसरका रुपमा त्यसलाई हेरियो भने त्यसले एउटा सुखद, सुरक्षित राष्ट्रिय स्वतन्त्रता, सम्मान, सार्वभौम र जनमुखी राजनीतितर्फ नेपाललाई डोऱ्याउने छ । बाह्य हित र दवाबमा निर्देशित राजनीति जनमुखी र राष्ट्रिय सार्वभौमसत्ताको पक्षमा हुँदैन । ०६३ को परिवर्तनले सावित गरेको तथ्य हो यो । र अब त्यो दवाबका सबै अवशेषलाई त्याग्ने उपयुक्त समय आएको छ ।

सौर्यमण्डल बाहिरका दर्जन ग्रहहरुमा जीवनको सम्भावना

सयौं वर्षदेखि मानिसहरुको मस्तिष्कलाई खल्बलाउँदै आएको एउटा जब्बर प्रश्न हो- के जीवन पृथ्वीमा मात्रै सम्भव हो र ? के पृथ्वीभन्दा बाहिरका अनन्त ब्रम्हाण्डमा जीवन छैन र ? यो कुराको उत्तर खोज्ने क्रममा लामो समयदेखि वैज्ञानिक अध्ययन अनुसन्धान हुँदै आएका छन् । र, अहिलेको विज्ञानको सीमाले पृथ्वीबाहिर ब्रम्हाण्डको कुनै पनि कुनामा जीवनको अस्तित्व फेला परिसकेको छैन । तर, जीवनका सम्भावना रहेका थुप्रै स्थानहरु भने पहिचान गरिसकेको छ । यहीक्रममा हाम्रो सौर्यमण्डलभन्दा बाहिर, जीवनका लागि पृथ्वीभन्दा पनि योग्य र सम्भावना भएका करिब दुई दर्जन ग्रहहरुको पहिचान भइसकेका छन् । एस्ट्रोबायोलोजीको सेप्टेम्बर १८ मा प्रकाशित एक अध्ययन रिपोर्टमा अनुसन्धानकर्ताहरुले ती ग्रहहरु पृथ्वीभन्दा पनि केही पुरानो, अझै बढी पानी भएको, तापमान केही बढी रहको र आकारमा पनि केही ठूला रहेको उल्लेख गरेका छन् । ती सबै पक्षहरुको आधारमा भन्दा सम्भवतः ती ग्रहहरुमध्ये केही ग्रहहरु पृथ्वीबाहिर जीवनको खोजी गर्नका लागि उत्तम स्थान हुन सक्छन् । 'हामीले जटील खालको जीवनचक्रको सम्भावना बोकेका केही निश्चि ग्रहहहरुमा ध्यान केन्द्रीत गरेका छौं । यद्यपि, जीवनका लागि पृथ्वीभन्दा पनि योग्य ग्रहहरु हुन सक्ने स्थितिमा हामीले अर्को पृथ्वी खोज्ने कुरामा अड्किनु हुँदैन भन्ने कुरामा पनि हामी सतर्क हुनैपर्छ,' युनिभर्सिटी अफ वाशिङ्गटनका एस्टोवायोलोजिस्ट डिर्क स्कुलजे-माकाउचले एक वक्तव्यमा भनेका छन् ।

पृथ्वीभन्दा पनि जीवनयोग्य ग्रहहरुको खोज

अहिलेसम्म अन्तरिक्ष वैज्ञानिकहरुले हाम्रो सौर्यमण्डलभन्दा बाहिर करिब ४ हजारवटा ग्रहहरु पत्ता लगाइसकेका छन् । तीमध्ये धेरैजसो अहिलेको पृथ्वीको हिसाबले कुरा गर्दा जीवनयोग्य छैन । उदाहरणको लागि केल्ट-नाइनबी (प्भीतढद) नाम दिइएको ग्रह यति तातो छ कि त्यहाँको वातावरण लगातार पग्लिरहेको अवस्थामा छ । अहिलेसम्म पत्ता लागेका सबैभन्दा अँध्यारो ग्रह ट्रेस-टुबी (त्चभ्क दृद) को वातावरणको तापक्रम १८०० डिग्री फरेनहाइट -९८० डिग्री सेल्सियस) छ । अर्कोतिर, जीवनको लागि सबैभन्दा अयोग्य अर्को ग्रह जीजे ४३३ डी ९० हो, जुन अहिलेसम्म पत्ता लागेकै सबैभन्दा चिसा ग्रह हो । तर, थुप्रै ग्रहहरु यस्ता पनि फेला परेका छन्, जुन आफ्नो ताराबाट जीवनका लागि योग्य (जबदष्तबदभि शयलभ) दूरी मा छन् । यो भनेको ती ग्रहहरु आफ्नो ताराबाट न त धेरै तातो, न त धेरै चिसो, अर्थात् पृथ्वीको हिसाबले जीवन सम्भव हुनका लागि आवश्यक ठिक्कको दूरी छन् । स्कुलजे-माकाउच र उनका सहकर्मीहरु त्यस्तो ग्रहको खोजीमा छन्, जुन पृथ्वीभन्दा पनि अझ विशिष्ट रुपमा जीवनयोग्य स्थान (कगउभचजबदष्तबदभि) मा रहोस्, जहाँ जीवन फल्ने फुल्ने पर्याप्त सम्भावना रहेको होस् । अनुसन्धानकर्ताहरुले जीवनका सम्भावना खोज्ने क्रममा ग्रहको हुनुपर्ने विशेषतामा पनि उल्लेख गरेका छन् । उनीहरुका अनुसार- यो भनेको त्यस्तो विशिष्टता हो जसमा ताराको जीवन र आकार जीवनको लागि उपयुक्त खालको होस् । खासगरी, पृथ्वीमा जटील किसिमको जीवन उत्पन्न हुनका लागि ३.५ अरब वर्ष लागेको र मानिस जस्तो प्रबुद्ध जीव देखापर्न करिब ४ अरब वर्ष लागेको कुरालाई पनि विशेष ख्याल गरिनुपर्छ्ठ । त्यसै गरी, ग्रहको आकार ठूलो हुनुको अर्थ त्यहाँ बसोबासका लागि पर्याप्त जमीनहरु हुन्छन्, त्यसको गुरुत्वाकर्षण पनि अलि बढी नै हुने गर्छ, जसले त्यहाँको वातावरणलाई झनै बाक्लो बनाउन तथा उड्ने खालका जीवहरुका लागि अनुकूलन हुने गर्छ ।

त्यसैगरी, पृथ्वीभन्दा अझ केही बढी तापमान भएको ग्रह झनै बढी जीवनयोग्य हुन सक्छ । अनुत्पादनशील ठूलो ध्रुवीय क्षेत्रहरु नरहेको ग्रह होस्, जसमा पृथ्वीभन्दा केही तातो तर अझ बढी पानी भएको होस् जसले गर्दा मरुभूमिले जमीनको ठूलो हिस्सा नओगोटोस् । यस हिसाबले जीवनयोग्य ग्रहको अवस्था आजभन्दा करिब ३५ करोड ९० लाख वर्षअघिको पृथ्वीको जस्तो होस्, जुन बेला पृथ्वीको जमीनमा वातावरण ट्रपिकल रेनफरेस्टको जस्तो थियो ।

त्यसैगरी, अनुसन्धानकर्ताहरुले आफ्नो रिपोर्टमा अहिलेको पृथ्वीभन्दा अझै राम्रो ग्रहको चन्द्रमा पनि पृथ्वीको चन्द्रमाभन्दा केही ठूलो र ग्रहको नजिक रहेको होस्, जसले ग्रहको घुम्ने गतिलाई नियन्त्रित राख्न र जीवनको सम्भावनालाई अन्त्य गरिदिने अनावश्यक हलचलहरुलाई रोकोस् भन्ने पनि उल्लेख गरेका छन् ।

माथि उल्लिखित मापदण्डहरुका आधारमा अनुसन्धानकर्ताहरुको ध्यान एउटा त्यस्तो ग्रहले तानेको छ, जुन ग्रहले के ड्वार्फ तारालाई परिक्रमा गर्ने गर्छ । उक्त तारा एउटा सानो खालको तारा हो, जुन हाम्रा सूर्यभन्दा केही कम तातो छ र त्यसको आयु ५ अरबदेखि ८ अरब वर्ष मानिएको छ । त्यसलाई घुम्ने उक्त ग्रह पृथ्वीभन्दा १० प्रतिशत ठूलो, ९ फरेनहाइट तातो रहेको विश्वास गरिएको छ । त्यसको वातावरण पनि पृथ्वीभन्दा नमी भएको र त्यहाँको वातावारणमा २५ देखि ३० प्रतिशतसम्म अक्सिजन रहेको तथा जल र जमीनमा विभाजित भएको मानिसएको छ । उक्त ग्रहमा पनि प्लेट टेक्टोनिक वा त्यस्तै किसिमको प्रक्रिया भएको र त्यसले त्यहाँका खनिज वा मिनरलहरुलाई निरन्तर पुननवीकरण गरेर विविधतायुक्त वसोबासयोग्य क्षेत्रहरु निर्माण गरिरहेको छ । सो ग्रहको आफ्नै आकारको १ देखि १० प्रतिशतसम्म आकार भएको एउटा उपग्रह (चन्द्रमा)ले त्यसलाई उपयुक्त स्थानमा रहेर परिक्रमा गररहेको विश्वास गरिन्छ । त्यसो त यी सबै तथ्यहरु वैज्ञानिक गणनाका आधारमा तय गरिएका कुरा हुन् । यी मापदण्डहरुका आधारमा सुदुर अन्तरिक्षमा रहेका ती ग्रहहरुको बारेमा सही ढंगले मूल्यांकन गर्न सम्भव छैन । ती ग्रहहरुको जमीनी क्षेत्र कस्तो छ भन्ने बारेमा गणना गर्न पनि अहिलेको विज्ञानले यति परबाट सम्भव नै छैन । तथापि, सो ग्रहको व्यास, त्यसले परिक्रमा गर्ने ताराको किसिम जस्ता कुराहरुका आधारमा अनुसन्धानकर्ताहरुले त्यस्ता ग्रह वा अन्तरिक्षीय पिण्डहरुमा नजर राख्ने गरेका छन् । यसै सिलसिलामा केपलर टेलिस्कोपले २४ वटा त्यस्ता पिण्डहरु पत्ता लगाएका छन्, जुन ग्रह हुन पनि र नहुन पनि सक्छन् । तीमध्ये २ वटा पेपलर ११२६ बी र पेपलर ६९ सी चाहिँ ग्रह नै रहेको सुनिश्चित भइसकेका छन् । बाँकी अरुको सही पहिचान हुन बाँकी नै छन् र ग्रह जस्ता देखिएका ती पिण्डहरु ग्रह नहुन पनि सक्छन् । ती २४ वटामध्ये नौवटाले सही किसिमका तारालाई परिक्रमा गरिहेको पाइएका छन्, १६ वटा सही उमेरका छन् र पाँच वटा सही तापमानको दूरीमा छन् । तमिध्ये एउटा पिण्ड केओआइ ५७१५.०१ चाहिँ त्यसले घुम्ने तारा, उमेर र तापमान- तीनवटै मापदण्डमा खरो उत्रिएका छन् । तर उक्त ग्रहको सतहको तापक्रम चाहिँ त्यसको वातावरणमा रहेको ग्रिनहाउस असरमा निर्भर हुने कुरा अनुसन्धानकर्ताहरुले उल्लेख गरेका छन् । वैज्ञानिक हिसाबले यो कुरा उत्साहजनक भइहाले पनि व्यवहारमा चाहिँ उत्साहित भइहाल्नुपर्ने कारण छैन । जीवनका सम्भावना बोकेका ती २४ वटै सम्भाव्य ग्रहहरु पृथ्वीबाट १०० प्रकाश वर्ष टाढा छन् भने केही त त्यसभन्दा पनि अझै टाढा र हालका शक्तिशाली दूरवीनहरुले पनि अध्ययन गर्न कठिन हुने दूरीमा छन् । उदाहरणको लागि, केपरल-६९सी नाम दिइएको ग्रह २ हजार प्रकाश वर्ष टाढा छ । यो भनेको अन्तरिक्ष वैज्ञानिकहरुले त्यहाँ जीवनको सम्भावना छ कि छैन भनेर अध्ययन गर्न अहिलेको विज्ञानको सीमामा असम्भव जस्तै छ ।

स्रोत : लाइभसाइन्स

दैवी विपत्तिमा परेकालाई दिल खोलेर सहयोग गरौं ।

निर्माण कार्यका लागि तयार छौं

काठमाडौं उपत्यका तथा काभ्रेपलाञ्चोक जिल्लामा कुनै पनि किसिमका निर्माण कार्य गर्नुपरेमा हामी सेवाका लागि हाजिर छौं ।

सानातिना निर्माण, मर्मतदेखि हाउजिंग, पुल, बाटो, निजी घरहरुको निर्माणका लागि हामी तपाईको सही छनौटमा पर्ने विश्वासमा छौं ।

जलपरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

काठमाडौं-१०, गौशाला

सांसद्....

केन्द्रीय कार्यालय र सबै जिल्ला कार्यालयहरुमा पार्टीको झण्डा आधा झुकाउने निर्णय गरेको थियो।

उनको स्वर्गारोहणको १३ औं दिनसम्म केन्द्रीय कार्यालय र सबै जिल्ला कार्यालयहरुमा शोक पुस्तिका राख्ने निर्णय समेत गरेको जनाइएको छ। के.सी.को कार्तिक १७ गते राति १० बजे पोखरा महानगरपालिका वडा नं. ७ मुस्ताङचोकस्थित आफ्नै निवासमा निधन भएको हो।

नेकपा.....

विश्वास गरिहाल्ने संभावना नरहेको बुझाइमा छन्। अहिले दाहालको साथ पाउँदै आएका नेता नेपालले ओलीलाई समर्थन गरेको खण्डमा आफू 'घर न घाट' को अवस्थामा पुग्ने ठानेरै दाहालको कित्ताबाट बाहिर आउन नचाहेको अवस्था छ। आफूलाई अप्ठेरो पर्दा साथ खोज्ने तर समस्याको समाधान भएपछि फेरि कुनामा पार्ने काम विगतमा ओलीबाट भएका कारण नेता नेपालले तत्कालै ओलीलाई समर्थन गरिहाल्ने संभावना पनि कमै रहेको नेता नेपाल निकटको स्रोतले जानकारी दिएको छ।

उता, कात्तिक ११ गते दाहालले लामो संवादहीनताको स्थिति अन्त्य गर्दै ओलीसँग कुरा गर्न बालुवाटारमा पुगेका ओली लत्रेर कुरा गर्ने दाहालको अपेक्षा विपरित ओली देखिएका थिए। दाहालले दलभित्रका सबै समस्याका विषयमा छलफल गर्न सचिवालय बैठक बोलाउनु पर्ने बताएको अवस्थामा ओलीले रुखो स्वभाव देखाउँदै आफूले कुनै पनि बैठक नबोलाउने तथा कसैले बैठक बोलाएर कुनै निर्णय गरेमा त्यसलाई नमान्ने चेतावनी दिएका थिए। उनले दाहाललाई अब एउटै बाटोमा हिंड्न संभव नभएको बताउँदै सल्लाहमै दल विभाजन गरी आआफ्नो बाटो हिंड्नु उचित हुने भनेपछि दाहाल छाँगाबाट खसेजस्तो भएका थिए।

प्रधानमन्त्रीको उक्त प्रस्ताव राखेपछि दाहालले सचिवालय सदस्यहरुलाई बोलाएर प्रधानमन्त्री ओलीले दल विभाजन गर्ने प्रस्ताव गरेको जानकारी गराएपछि अरु नेताहरु पनि ओलीको बोली र व्यवहारबाट दिक्क भएका छन्। उनीहरुले नेकपा ठूलो दल भएको अवस्थामा मात्र सत्ता र विभिन्न अवसरको प्राप्ती गर्न सकिने कुरालाई ख्याल गरेर दल विभाजनलाई भने मान्न तयार नरहेको अवस्था छ। राजनीतिक विषयमा कलम चलाउँदै आएका अधिवक्ता नारायण पौडेल, 'नेकपा विभाजनको तहमा नै पुगिसकेको छ, यस्तो अवस्थामा ओलीले भनेजस्तै विधिवत रुपमा विभाजन गरी आफ्नो मार्ग पहिल्याउनु नै उनीहरु तथा देशका लागि हितकर हुने अवस्था देखिन्छ।' पौडेल भन्छन्, 'यसरी सधैं लडाइँ गरेर एकै ठाउँमा बसिरहँदा न सरकारले जनहितका लागि केही गरेको छ न त नेकपाले नै।'

अहिले ओली आफूले सहानुभूति पाउन सकियोस् भनी विभिन्न किसिमका कुरा गर्न थालेका छन्। बुधबार एक गैरराजनीतिक कार्यक्रममा उनले आफूसँग राजीनामा मागिएको तर आफूले राजीनामा नगर्ने भनी सार्वजनिक रुपमा भने। उनले आफूसँग कसले किन राजीनामा मागेको भनी नखुलाए पनि आफूलाई राजीनामाका लागि दबाब दिंइदै आएको तर आफूले राजीनामा गरेका खण्डमा देश झनै बर्बादीतर्फ जाने भन्दै राजीनामा नगर्ने बताएका हुन्। ओलीको यो प्रसंगलाई नेकपाका अधिकांश नेताहरु अप्रासंगिक मान्दै छन्। पहिले ओलीलाई प्रधानमन्त्री र दलको अध्यक्षमध्ये कुनै एक पद छाड्नका लागि भनिए पनि अहिले पदको विषयमा कुनै कुरा नभएको तर दलका निर्णयलाई मानेर संस्थागत रुपमा चल्न भने दबाब दिंइदै आएको एक केन्द्रीय सदस्यले बताए।

ओली पछिल्लो चरण झनै पेलेर जाने मुडमा रहेको बताइन्छ। दल विभाजनको कुरा ल्याउनासाथ अन्य नेताहरु त्यसका लागि तयार नहुने कमजोरी बुझेका ओलीले आवश्यकता अनुसार विभिन्न हतकण्डाहरुको प्रयोग गर्दै जाने नीति लिएका छन्। कहिले वामदेव गौतमलाई उचाल्ने तथा कहिले थचार्ने, कहिले माधवकुमार नेपालसँग नजिकिने त कहिले दाहालसँग नजिकिने व्यवहार देखाउँदै आएका छन्। उनी 'फुटाऊ र राज गर' भन्ने मान्यतालाई पालना गर्न तल्लीन रहेको बुझाइमा समाचार स्रोत रहेको छ।

राष्ट्रियताभित्र....

भूमि आदि शब्दलाई मुलुकको पर्यायवाची शब्दका रुपमा प्रयोग गरिएको पाइन्छ। यसरी शाब्दिक दृष्टिले सुसंस्कृत र सुशाशित देश नै राष्ट्रका रुपमा परिभाषित गरिएको हो। सामान्यतया राष्ट्र भन्नाले जनसमुदायसहितको थलो वा देशलाई बुझिन्छ। यसरी हेर्दा व्यक्तिको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक र राजनीति आदि विविध उन्नतिहरूको आधारशिला राष्ट्र हो भन्ने बुझिन्छ।

त्यस्तै पश्चिममा सभ्यताले विकास गरेको शब्द ब्युत्पत्ति अनुसार अङ्ग्रेजी शब्द 'नेसन' को ब्युत्पत्ति 'लेटिन' भाषाको 'एनएटिआईओ' शब्दबाट भएको हो, जसको अर्थ 'जन्मको आधारमा' वा 'कुन जराबाट पलाएको हो' भन्ने हुन्छ। विभिन्न शब्दकोषहरूले अर्थ्याए अनुसार- 'कुनै जनसमुदायले भूमिसँगको पुर्ख्यौली सम्बन्ध, भाषा-धर्म, इतिहास, सांस्कृतिक जीवन-दृष्टि (दर्शन) आदिका आधारमा अन्य समुदायभन्दा आफ्नो समूहलाई फरक मान्छन् भने त्यो समुदाय एउटा राष्ट्र हो।

'राष्ट्र' मा भाषिक, धार्मिक, जातीय, पुर्ख्यौली परम्परा र समुदायहरूको इतिहासका विभिन्न विरासतहरूको सांस्कृतिक सार समाहित हुन्छ।

राष्ट्रिय एकता, जनता वा जातीय एकताले राष्ट्रियता बन्दछ। राष्ट्रियतासँग अभिन्न रूपमा जोडिएको अर्को पाटो राष्ट्रिय स्वाधीनता, जहाँको हरेक जाति वा जनता आन्तरिक सीमाभित्र संस्थागत, सुरक्षित र स्वतन्त्र हुन्छ। जनता, राष्ट्र वा जाति बन्नका लागि ऊसँग स्वतन्त्र भाषा, संस्कृति, भेषभुषा र ओगटेको सघन भूगोल हुनु पर्दछ। तिनै भाषा, भेषभूषा, संस्कृति र जोडिएको भूगोल, प्राकृतिक स्रोत साधनमाथिको अधिकार, स्वायत्तता तथा स्वतन्त्रताले मात्र राष्ट्रिय स्वाधीनता हासिल गर्दछ वा बन्दछ। राष्ट्रियता भनेको पहिचान हो, पहिचान सामूहिक भूगोलसहितको हुन्छ भने अर्को व्यक्तिगत पनि हुन्छ। व्यक्तिगत पहिचान भनेको उसको आर्थिक वर्ग, पेशामा आधारित आदि हुन्छ। जस्तै साहुजी, महाजनजी, जमिन्दारजी, सामान्तजी आदि।

सामुहिक पहिचान भूमिको विविधता सहित सांस्कृतिक, भाषिक, भेषभूषा र भौगोलिक संरचना अनुसार हुन्छ। जस्तो जनजाति, मगर, बाहुन, क्षेत्री, यादव, थारु, पहाडे, मधेशी, गैह्रे, डाँडाघरे आदि सामूहिक र त्यसले ओगटेको भूगोलसँग सम्बन्धित हुन्छ तर त्यही व्यक्ति शिक्षक, पदाधिकारी, किसान आदि उसका पेशा अनुसारका व्यक्तिगत पहिचानहरू हुन्छन्। लैंगिक पहिचान सार्वभौम हो। त्यसैगरी 'पहिचान र अस्तित्व विन्यासका लागि राष्ट्रियताको पहिचान आवश्यकता हुन्छ, जसले मात्र राष्ट्रिय राज्य निर्माण गर्दछ।' (कृष्ण गुरुङ)

स्वाधीन युगदेखि अहिलेसम्मको अवस्थामा भन्नुपर्दा राष्ट्रियता भनेको सामूहिक स्वत्वसँग जोडिएको अहम् हो। हामीले महाकाली र मेचीबीचका कयौं मानिसलाई देखेका हुँदैनौं तर नेपाली भनेर अपनत्व अनुभूति गर्छौं। नेपालको भूभागलाई आफ्नो भन्दै प्रेमभाव दर्शाउँछौं। अनि नेपाल र नेपालीका लागि ज्यान दिन र अरु कसैको ज्यान लिन तयार हुन्छौं। अन्य राष्ट्रका नागरिक पनि यसै भावनाबाट प्रेरित हुने गर्दछन्। यही हो राष्ट्रियताको भावना।

बेनेडिक एन्डरसन नदेखी पोखिने स्नेह वा भातृत्वलाई आत्मिय तर काल्पनिक समुदाय भन्छन्। राष्ट्रियता मानिसको दिमागमा सीमाबद्ध, सार्वभौम र आत्मीय समुदायप्रतिको झुकावको रुपमा सिर्जना हुन्छ। फिजी, म्यान्मार, थाइल्याण्ड, भारत, भुटान लगायत प्रवासमा बस्ने नेपाली भन्ने वित्तिकै हामीमा अथाह प्रेमभाव जागृत हुन्छ। त्यही हो हाम्रो सीमारहित राष्ट्रियताको स्वत्वसँग जोडिएको अहम्। राष्ट्र कहिले माथि (नेतृत्व) बाट त कहिले तल (जनता) बाट बन्छ। जर्मनी विस्मार्कको नेतृत्वमा माथिबाट गठन भएको थियो भने इटाली गैरिवाल्डीको नेतृत्वमा तलबाट चलेको संघर्षद्वारा निर्माण भयो। त्यस्तै जर्जिया, चेचेनिया, बेलारुस लगायत राज्यहरू तलबाट बने तर सोभियत संघ माथिबाट संघीय राज्य बन्यो।

हामीले इतिहास पल्टायौं भने थाहा हुन्छ, राष्ट्र, राज्य र राजनीतिका इतिहास क्रुरताले भरिएका छन्। राज्य निर्माणको सभ्य दृष्टान्त खासै पाइन्न। युद्ध, छलकपट, जितको अहंकार र हारका पीडा सँगसँगै राज्य बने। सार्वभौम भनिएको भूमि सट्टापट्टा भएका छन्, इजरायल र सिक्किममा जस्तै किनबेच भएका छन्। त्यसैले अन्तर्राष्ट्रियतावादीहरूको यो आरोप छ कि 'फगत अरूमाथि शासन गर्नका लागि बाहेक यसको प्रयोग र प्रयोजन नै छैन। त्यसैले मेरो देश भन्ने भ्रामक अवधारणा हो। पृथ्वी मात्र सार्वभौम छ, अरु मानव निर्मित राज्यहरु अस्थायी शिविर जस्तै हुन्।'

त्यस्तै, मार्क्सवादीहरूले राष्ट्रवादलाई वर्गसंघर्षभन्दा माथि राख्ने कार्यलाई गलत मान्दछन्। राज्यको संघमा र संघको महासंघमा रुपान्तरण गर्दै लैजाने सोच राख्छन् समाजवादीहरू। लेनिनले भनेका छन्, 'मार्क्सवादलाई राष्ट्रवादसँग गाँस्न सकिँदैन, चाहे त्यो राष्ट्रवाद सबभन्दा सही, पवित्र, परिमार्जित र सभ्य प्रकारकै किन नहोस्।' भारतका समाजवादी नेता आर.के. नारायणन र नेपालका बी.पी. कोइराला समेतले राज्यलाई आफ्नो बन्धुहरुको प्रिय सुरक्षा इकाई भनेका छन्। विश्व समाजवादी अभ्यासमा गयो भने राज्यका स्वरुप महासंघको इकाइका रुपमा फेरिन सक्छन्।"

राज्यहरू कसरी बने ?

यस सन्दर्भमा कुरा गर्दा, कुनै पनि राष्ट्रको निर्माणमा असीमित रगतको खोला बगेको इतिहास हाम्रो सामु साक्षी छ। नेपाल राज्यको निर्माण क्रममा कति रगत बगे होला हामी केवल कल्पना गर्न सक्छौं। देश बलपूर्वक बनेको छ भने त्यो समयक्रममा विघटन पनि हुन्छ। यदि आवश्यकता अनुसार बनेको हो भने त्यो अझै वृहद पनि हुन सक्छ। राष्ट्र राज्यमा, राज्य संघमा र संघ महासंघमा रुपान्तरण हुँदै जाने प्रक्रियालाई मानझव चेतनाको स्तरले निर्देशित गर्दछ। त्यतिबेलाको चेतनाको स्तर अनुकुल नयाँ सभ्यता, नयाँ संस्कार र नयाँ संस्कृतिको निर्माण हुने तर्कलाई अहिलेसम्म कसैले खण्डन गर्न सकेको छैन। सोभियत संघ, युरोपियन संघ लगायत अन्य क्षेत्रीय संघहरू र अन्तमा संयुक्त राष्ट्र संघ त्यही प्रक्रियाका भ्रुण हुन पनि सक्छन्।

अचेल पत्रपत्रिका र सामुहिक, राजनीतिक तथा साहित्यिक वृत्तमा राष्ट्र, राष्ट्रियता, राज्य र देश सम्बन्धी हचुँवा र काल्पनिक बहस चलेको देख्दा अचम्म लाग्छ। राष्ट्र, राष्ट्रियता, राज्य र देश जस्तो गहन विषयमा चर्चा गर्न र लेख्न यसको विविध ऐतिहासिक विकासक्रमलाई बुझ्नु आवश्यक हुन्छ। विगतदेखि अहिलेसम्म राज्यहरू कसरी बने भन्ने कुरा नबुझेसम्म राज्यको स्थायित्वबारे बहस गर्न गाह्रो पर्छ र देश, राज्य र राष्ट्रको फरक छुट्याउन त झनै मुस्किल हुन्छ।

आधुनिक तात्पर्यमा देश र राष्ट्र भन्नाले उस्तै कुरा बुझिने भए पनि राष्ट्र र राज्यको अवधारणा चाहिँ अलिक भिन्न छ। अहिले एउटा 'राष्ट्र' भित्र अनेकौं 'राज्य' हुन सक्छन् भन्ने बुझ्नु जरुरी छ तर वैदिक अवधारणामा चाहिँ राष्ट्र र राज्यबीच कुनै भिन्नता रहेको पाइँदैन। वैदिक राष्ट्रहरू आधुनिक गणराज्य जस्तै हुन्, त्यो बेला राजा वा राष्ट्रप्रमुख कतिपय अबस्थामा जनताद्वारा चुनिन्थे अथवा शक्तिको भरमा स्थापित हुन्थे।

'राष्ट्र' बन्नका लागि त्यहाँ बस्ने जनताको भाषा, धर्म, इतिहास, संस्कृति, नैतिक आचार वा मूल उद्गममध्ये केही कुरा मिल्नुपर्छ। यही साझा मिलनबिन्दुले उनीहरूलाई आपसमा जोडेर राख्छ र उनीहरू एउटै राष्ट्रका नागरिक बन्छन्। यसरी 'राष्ट्र' लाई बुझिने गरी एउटा त्यस्तो जनसमूहका रुपमा परिभाषित गर्न सकिन्छ, जो निश्चित क्षेत्रीय सीमाभित्रको एउटै भूगोलमा बस्छ, समान परम्परा, समान हित र समान भावनाले बाँधिएको हुन्छ। जसमा एकताबद्ध हुने उत्सुकता एवं समान राजनीतिक महत्वाकांक्षा समेत जरुरी हुन्छ।

राष्ट्र र राष्ट्रियता

राष्ट्रियता भनेको एक विश्वास वा भावना हो, जसको माध्यमबाट व्यक्तिले आफ्नो राष्ट्रसँग आफूलाई गाँसेर हेर्छ, आफ्नो परिचय प्रस्तुत गर्छ र एक प्रकारको भावनात्मक लगाव प्रकट गर्छ। राष्ट्रियता स्वभावैले आत्मिक र आन्तरिक हुन्छ। राष्ट्रवाद त्यस्तो आस्था वा प्रेमपूर्ण बन्धनको नाम हो, जसअन्तर्गत आफ्नो साझा इतिहास, परम्परा, भाषा, जातीयता र संस्कृतिका आधारमा मानिसहरू एकजुट हुन पुग्छन्। बस्तुत: राष्ट्रप्रतिको अपनत्व र प्रेमको शाब्दिक रुप नै राष्ट्रवाद हो। परस्परमा अनेकौं समानताहरू भए पनि राष्ट्रियता र देशभक्तिबीच केही भिन्नताहरू छन्। राष्ट्रियता राष्ट्रवासी बीचको कुनै कार्यक्रम वा योजनासँग गाँसिएको हुन्छ भने देशभक्ति वैयक्तिक अनुभूति वा उत्तेजनामा निहित रहन्छ। त्यो उत्तेजनाले आवश्यकता पर्दा राष्ट्रको लागि आफूलाई उत्सर्गित समेत गर्दछ। भावना र त्यागको माध्यामबाट देशभक्ति जन्मिन्छ। देशभक्तिले राष्ट्रियतालाई बढाउँछ।

विभिन्न देशमा बाध्यताले बसिरहेका नेपालीहरूको भावना यहीँनेर जोडिन आइपुग्छ। त्यो मिलनबिन्दुले नै उनीहरूलाई उठाएर आफ्नो पुर्खाको थातथलो खोज्दै समीपमा बस्न आकर्षित गर्छ। हामीले एन.आर.एन.लाई (चाहे ती फिजीका हुन् या अन्यत्रका) यहीँनेर जोड्न सक्नुपर्छ। आफ्नो भूगोलमा स्थायी बसोबास गरेका नेपालीहरूलाई के-केसरी राष्ट्रियतासंग जोड्न सकिन्छ ? यो एन.आर.एन.हरूको पहिलो तथा नगरी नहुने कर्म हो।

यहीँनेर हाम्रो बहस केन्द्रित हुनुपर्ने हो तर अहिलेसम्म यो बहस गैह्र आवासिय नेपाली संघको नेतृत्वहरूले गहन रुपमा चलाउनु पर्ने देखिन्छ। चर्चा हुदै नभएको हैन तर चर्चा गर्नु र बहस चलाएर निचोडमा पुगी कामको आरम्भ गर्नु फरक कुरा हुन् भन्ने कुरा हामीहरुले बुझ्नु जरुरी छ। भारतको एन.आर.आइ.ले विश्वभर छरिएका भारतीयहरूलाई बीसौं वर्षको अभियान चलाएर आफ्नो राष्ट्र र राष्ट्रियतासँग जोडिसकेको छ।

विश्वको जुन कुनामा रहे पनि राष्ट्रियताको भावनाले ओतप्रोत व्यक्ति आफ्नो र राष्ट्रको एकसाथ उन्नतिको कामना गर्छ। राष्ट्रियताकै भावनाबाट राष्ट्रवाद विकसित हुन्छ। राष्ट्रवाद जनसमूहमा विद्यमान एकताको नाम हो, जसले समुदायलाई सँगै बस्न र बाहिरी आक्रमणको सामूहिक प्रतिरोध गर्न प्रेरित गर्छ। सदस्यहरूमा आत्मीयता, सहचर्य, सहयोग र समझदारी राष्ट्रको प्रमुख लक्षण हो। राष्ट्रको सवलताको रक्षाका लागि नागरिकहरूमा अदम्य साहस, अटुट देशप्रेम र आत्मोत्सर्ग आदि गुणहरूको आवश्यकता हुन्छ।

संस्कृति

संस्कृति, भेषभूषा, रहनसहन, धर्म, भाषा, साहित्य, कला, दर्शन, खानपान, वास्तुशैली आदिका माध्यमले प्रकट हुने कुनै जाति सम्प्रदाय विशेषको पहिचान हो। हाम्रा ज्ञान, कर्म र रचनालाई भावी संस्कृतिको रुपमा रुपान्तरणका निमित्त पुस्ता हस्तान्तरण गर्नु आवश्यक छ। धर्म र नीतिको उदात्त प्रेरणा, चलन तथा सभ्यताले जन्माएको बौद्धिक विरासतलाई नै संस्कृति भनिन्छ। दर्शन, धर्म, साहित्य, चालचलन, जीवन र कलाका क्षेत्रमा मान्छेले गरेका समस्त सुकृति नै उसको संस्कृति हो। भौतिक अलंकारले र आध्यात्मिक चिन्तनले मात्रै संस्कृति निर्मित हुँदैन। जसरी पाँच तत्व मिसाएर पञ्चामृत बनाइन्छ त्यसरी नै अनेक भौतिक, सनातन, आध्यात्मिक, नैतिक, मिथक, साहित्य, दर्शन, कर्म, पैत्रिक सम्पदा, चालचलन, संस्कार तत्वको योग नै संस्कृति हो।

नामले हैन, पहिचानले राष्ट्र समेट्छ

कुनै पनि देशको नामले उसले ओगटेको भूगोलको चारै किल्ला समेट्नु जरुरी छैन र त्यस्तो प्राय: पाइँदैन पनि। केही प्रतिनिधि उदाहरण हेरौं। संयुक्त अधिराज्य बेलायत जसको औपचारिक नाम हो 'युनाइटेड किङ्डम अफ ब्रिटेन एण्ड नर्दन आयरल्यान्ड'। यो नामले ब्रिटिश र आइरिस जातिको मात्र प्रतिनिधित्व गर्छ, स्कटल्यान्ड र वेल्सलाई प्रतिनिधित्व गर्दैन। त्यहाँ संविधान नामको कुनै सिङ्गो लिखत पनि छैन, जसले उसको क्षेत्र र रूपको परिभाषालाई परिभाषित गरोस्।

संयुक्त राज्य अमेरिकाको साँध-सीमाना अमेरिकी गोलार्द्धभन्दा बाहिरसम्म पुगेको छ। त्यहाँको भूगोल संस्कृतिसँग कुनै साइनो नराख्ने हवाई टापु संयुक्त राज्य अमेरिकाको सबैभन्दा कान्छो अर्थात् पचासौँ राज्य (प्रान्त) हो। चीन पनि आजको समग्र चीनको भूभागलाई प्रतिनिधित्व गर्ने न नाम हो, न सभ्यता। भारत 'भरत' राजाका नामबाट बन्यो। 'हिन्दुस्तान' वा 'इन्डिया' पनि सिन्धु वा इन्डज् नदीबाट तानिएको हो, जसको मुख्य धार अहिले पाकिस्तानमा पर्छ। पाकिस्तानको नामकरणको प्रसङ्ग भने बेग्लै छ। छुट्टै देश स्थापनाको आन्दोलनमा सक्रिय एउटा विद्यार्थीको पर्चाबाट जन्मिएको नाम हो यो। सन् १९३३ अघि यो नामको कतै अस्तित्व नै थिएन। यो शब्दमा पर्ने अंग्रेजीको अक्षर 'ए' ले अफगानी जाति र भूमिलाई जनाउँछ जुन पाकिस्तानभन्दा भिन्न स्वतन्त्र एवं सार्वभौम मुलुक हो तथापि अहिले अस्तित्वमा भएका देशमध्ये पाकिस्तान सर्वाधिक रूपमा आफ्नो प्रमुख भूभाग (पन्जाब, सिन्ध, कस्मीर, बलुचिस्तान) को संयोजनबाट बनेको बताउँछ।

देशको नाम र नक्सा नमिलेका अरू धेरै उदाहरण छन्। देशका नामले त्यो देशको सभ्यता, संस्कृति र राष्ट्रियता समेट्नुपर्छ भन्ने प्राय: देखिँदैन। जुन बेला जे नाम दियो, स्थापित भयो, त्यो त्यही नाम प्रख्यात बन्यो र दिइएको नामले नयाँ परिभाषालाई जन्म दिन बाध्य पार्‍यो।

अर्को तर्फ, कुनै पनि देशको नाम विशेषले मात्र त्यहाँको समग्र भूगोल, आवादी, सभ्यताको परिचय वा पहिचान दिँदैन। नामको जातीय सांस्कृतिक सापेक्षता हुन्छ। तसर्थ प्रयुक्त अक्षर वा नामले दिने समावेशिता आंशिक हुन्छ। राष्ट्र र राज्यको इतिहास र यथार्थ एकाकार गर्न निकै कठिन छ। मान्छेको नामजस्तै हो यो पनि। थुप्रै धनबहादुरहरू गरिबी र विपन्नतामा बाँचिराखेका छन्। वीरबहादुरहरू दासत्वमा बाँधिएर मालिकको सेवा गरिरहेका छन्। जस्तो कुनै मान्छेको नामले उसको शरीरका समग्र अङ्गप्रत्यङ्ग, मन वा मस्तिष्कको प्रतिनिधित्व गर्दैन, त्यस्तै देशको नाम शब्दले सबैको प्रतिनिधित्व गर्दैन।

हाम्रै देशको इतिहास हेर्दा त्यस्तो देखिँदैन। जुन बेला पृथ्वीनारायण शाहले गोर्खा राज्यलाई भौगोलिक विस्तार गरेका थिए, त्यतिबेला नेवार बस्ती भएको उपत्यकालाई मात्र नेपाल भनिन्थ्यो। नेवारहरूले बोल्ने भाषालाई नेपाल भाषा भनिन्थ्यो। गोर्खालीले बोल्ने भाषालाई खस भाषा नै भनिन्थ्यो। सन् १८८७ मा दार्जिलिङमा बस्ने अंग्रेज रिभरेन्ड टर्नबुलले पहिलो पटक खस भाषालाई 'नेपाली भाषा' र गोर्खा राज्यको सट्टा 'नेपाल' भन्ने शब्द प्रयोग गरेका थिए। त्यसै कुरालाई भारतमा रहेका ब्रिटिश शासकले मान्यता दिँदै यहाँको राजालाई 'नेपालका राजा' भन्न थाले। सन् १८३० भन्दा अगाडि नेपालका शासक आफूलाई गोर्खाको राजा भनेर चिनाउँथे। यो कुरालाई लिएर चन्द्रशमशेरले आपत्ति पनि जनाएका थिए। पछि यही नाम दोस्रो विश्वयुद्धपछि कायम भयो। सुगौली सन्धिपछि नेपालको नक्सासमेत ब्रिटिशहरूले नै बनाइदिएका हुन्। यथार्थ तर पिरो कुरा यत्ति हो।

इतिहास, वर्तमान र भविष्य

इतिहास एकै ठाउँमा कहिल्यै रोकिन्न, रोकिएको पनि छैन। वर्तमान र भविष्यको कुरा पनि त्यही हो। राज्य, राष्ट्र, देश र राष्ट्रियता सबैका परिभाषाहरू फेरिन्छन्। सोच्ने तरिकाहरूको भिन्नता, रुपान्तरणको क्रमिक प्रक्रियाले अहिलेका कुरा सुदुर भविष्यमा जस्ताको तस्तै रहलान् भनेर अनुमान गर्न सकिँदैन।

वैज्ञानिक युगको उत्तरार्धमा सीमारहित समाजवादी नागरिक समाज र त्यसको वैज्ञानिक व्यवस्थापन एउटा विकल्प हुन सक्छ तर यसले अझै संगतिपूर्ण कल्पनाको रूप पनि लिन सकेको छैन। यो अहिलेको लागि फगत कल्पना हो र भविष्यमा त्यो बहसलाई समाजसास्त्रीहरूले क्रमश: अगाडि बढाउदै लैजाने छन्।

यथार्थ कुरा यो पनि हो कि, मान्छे कुनै देश वा जाति रोजेर जन्मेको हुँदैन। यी त जन्मेपछिको सापेक्षिक अपनत्वका कुरा हुन्। हिजो के भयो, त्यो इतिहास भइसक्यो। इतिहासको उत्खनन सत्यतथ्य जान्नका लागि उपयोगी हुन्छ तर त्यो नै समाधान भने होइन। समाधान तत् समयको उपयुक्त निरुपण हो। भोलिको भविष्यले पक्कै पनि अरु कुनै नयाँ कुराको, आविष्कारको साथै नयाँ युगको माग गर्ने छ। त्यो बेला देशको सिमाभित्र राष्ट्रियता अल्मलिएर नबस्न पनि सक्छ। समय गतिशील छ र भोलिको संसार कस्तो हुन्छ अहिल्यै अनुमान गर्न सजिलो छैन।

अहिले नेपाली नै १८२ राष्ट्रमा पुगिसके। केही वर्षमा त्यो ठाउँमा स्थायी बसोबास गर्न थाल्ने छन् (कतिपय देशमा ४-५ पुस्ता भैसक्यो भने कतिपय देशमा केही दशक मात्र भएको छ) र गृहयुद्ध वा त्यस्तै अन्य असहजतामा आफ्नो राष्ट्र खोज्ने दिन नआउला भन्न सकिन्न। बर्मा र मेघालयका नेपालीहरूले त्यो समस्या भोगिसकेका छन्। यदि समय अनुकुल नै रह्यो भने समयक्रमसँगै अन्तरदेशीय पहिचानको अन्तरघुलनले नयाँ पहिचानको जन्म दिने पक्का छ। त्यसले अघिल्लो अवस्था क्रमश: कमजोर र पछिल्लो अवस्था क्रमश: बलियो बनाउदै लैजाने छ।

सुगौली सन्धि पछाडि नेपालको नक्सा फेरिए जस्तै नक्सा क्रमश: साँघुरिँदै जान पनि सक्छ। सुन्दा तीतो लागे पनि भन्नै पर्ने हुन्छ कुनै दिन नेपाल देश मेटिन पनि सक्छ तर राष्ट्रियता समुदायको मनभित्र सदैव जीवित रहन्छ। देशहरू सदैव जीवित रहन सक्छन् भन्नु कल्पना मात्र हो।

भूगोलसँग नेपाली जोडिने देश रहन्जेल मात्र हो, देश मेटिएपछि जोडिने आफ्नो समुदायसँग हो। त्यो समुदाय नै त्यो बेला अदृश्य राष्ट्र बन्दछ जुन भावनामा मात्र सीमाङ्कित हुन्छ। हामी एन.आर.एन.हरूले यो कुरा महशुस गर्न थालिसकेका छौं। हामी सीमारहित देशमा फिजीका नेपाली मात्र हैन हाम्रो पहिचानसँग सम्बन्धित संसारको कुनाकुनामा बाध्यताले च्यापिएर बसेका सबै ज्ञात-अज्ञात नेपालीहरूलाई जोड्ने प्रयत्न गरौं। कसले कति कमायौं, त्यसको हिसाबले हाम्रो बन्धु प्रेमको सोचलाई प्रभाव पार्नु हुँदैन। राष्ट्र र पहिचान दबाएर बसेका हाम्रा आफन्त जोड्न के गर्दै छौं त्यसले इतिहासमा गहन महत्व राख्ने छ। गुलाब जहाँ फुले पनि गुलाब भएरै फुल्दछ। जानी-नजानी फिजी लगायत संसारभर छरिएर रहेका हाम्रा दाजुभाइ चौथो पुस्तामा समेत नेपाली भएर फुल्ने साहस गर्दैछन्। प्रेमले परिवार, भातृत्वले नेपाली र मानवताले विश्व जोडौं। सिमा पारी हाम्रा बन्धुहरुले बास गर्न थालेकोले उनीहरुको हृदयभित्र कोरिएको नेपालले हामीलाई अपनत्व बोध गराउँछ। त्यसैले डायस्पोराका ती हिरा जस्तै उज्याला छातीभित्र चम्केको राष्ट्रियताभित्र हाम्रो वास्तविक देश छ। (हाल बेल्जियममा बस्ने अम्माईका लेखहरु पठनीय हुन्छन्-सं.)

केसीको....

काँग्रेसले केसीको निधनपछि बाँकी कार्यकालका लागि उक्त ठाउँमा स्याङ्जाका पूर्वसांसद् मोहन पाण्डेलाई ल्याउने बताइएको छ। पाण्डे स्याङ्जा क्षेत्र नं. ३ बाट २०६४ सालमा काँग्रेसबाट चुनाव जिती संविधानसभाका सदस्य बनेका थिए। २०७४ को निर्वाचनमा पाण्डे पनि समानुपातिकतर्फका उम्मेदवार थिए। दुर्गम क्षेत्रबाट अछामका रामबहादुर बिष्टलाई ल्याइएपछि सांसद् बन्नबाट वञ्चित भएका पाण्डे काँग्रेसले निर्वाचन आयोगमा बुझाएको बन्द सूचीको आधारमा बाँकी कार्यकालका लागि सांसद् बन्ने छन्। यसरी पाण्डेलाई चिठ्ठा परेको चर्चा काँग्रेस वृत्तिमा चलेको छ।

मुख्यमन्त्री....

गिरिराजमणि पोखरेल र बिना मगरको पद चट् हुने अवस्थामा पुगेको थियो। नेकपाका अध्यक्षद्वयको विवादले हाललाई यो संकट टरे पनि एउटा दापभित्र दुईवटा खुकुरी नअट्ने चर्चा राजनीतिक वृत्तमा चलेको छ।

अदालत....

इमेल तथा हुलाकमार्फत पठाएका मतहरुलाई गणनामा ल्याउन नसकिएको अवस्थामा अझै पनि बाइडेनको विजय सुनिश्चित भने भइसकेको छैन। जर्जिया, पेन्सिलभेनिया, उत्तरी कारोलिना र नेभादाको नतिजा आउन बाँकी नै छ। नेभादाबाहेक अन्यमा ट्रम्प अघि छन्। यी सबै राज्य जित्न सके ट्रम्पले आफ्नो कार्यकाललाई निरन्तरता दिन पाउने देखिन्छ तर हुलाकमार्फत मतदानको दिनपछि प्राप्त भएका मतपत्रलाई वैध नस्विकार्ने भन्दै ट्रम्पले अदालतको ढोका ढक्कक्याएका छन्। राष्ट्रपति ट्रम्पको अभियनले मिसिगन र पेन्सिलभेनियामा मतगणना रोक्न माग गर्दै अदालतमा मुद्दा दर्ता गराएको हो।

ट्रम्पले मतदान सकिएपछि पनि मानिसहरुले मत खसालिरहेको आरोप लगाएका थिए। उनले धाँधली भएको भन्दै मतगणना रोकिनुपर्ने माग गरेका थिए। निष्पक्ष रुपमा जनताले आफूलाई नै जिताएको उनको दाबी थियो। अमेरिकामा यसपटक झन्डै १० करोड मतदाताले निर्वाचनअघि नै मत खसालेका छन्। त्यसमध्ये अधिकांश मत ईमेल र हुलाकमार्फत प्राप्त भएका छन्। ३ नोभेम्बरअघि नै मत गरेर पठाइएका केही मतपत्र अहिले पनि प्राप्त भइरहेको छ।

पेन्सिलभेनियाले शुक्रबारसम्म आउने मतपत्रहरुलाई मान्यता दिने जनाएको छ। यद्यपी, ट्रम्पले यस्ता मतपत्रलाई अवैध भन्दै न्यायिक खोजीमा अदालत गएका हुन्।

इमेल र हुलाकमार्फत प्राप्त हुने मतले नै निर्वाचन परिणाम ढिलो आउने अवस्थामा अदालती प्रक्रिया पनि शुरु भएका खण्डमा यस पटकको निर्वाचन परिणाम झनै ढिलो प्राप्त हुने देखिएको छ।

विवेकहीन....

काँग्रेसीहरुले बताएका छन्। आफूले गल्ती गर्दै जाने र त्यसको दोष वरिष्ठ नेता पौडेललाई देखाउने तथा भित्रभित्रै सरकारबाट स्वार्थपूर्ति गर्ने गरेका देउवाले महाधिवेशन फागुनबाट छ महिना धकेल्ने गरेको प्रयासमा केन्द्रीय सदस्य बन्न पनि अक्षम व्यक्तिहरुले १४ औं महाधिवेशनमा सभापतिमा उठ्ने बताएर जग हसाएका छन्।

पर्सामा....

नवप्रवेशीहरूलाई काँग्रेसका केन्द्रीय सदस्य एवम् अनुशासन विभागका प्रमुख रमेश रिजाल, केन्द्रीय सदस्य एवम् तराई मधेस विभाग समन्वय समितिका प्रमुख अजय चौरसिया, काँग्रेस पर्साका सभापति अजय द्विवेदीलगायतका नेताहरूले अबीर तथा फूलमाला लगाएर स्वागत गर्दा नवप्रवेशीहरु पनि काँग्रेसजस्तो प्रजातान्त्रिक दलमा आवद्ध हुन पाएको भनी मख्ख देखिन्थे।

सरकार हरेक ठाउँमा असफल भएको कारण पनि सत्तारुढ दलप्रति विकर्षण बढेको सहभागीहरुले बताएका थिए।

कुसाइतमा....

निरन्तरता र दुई देशका सेनाबीचको सम्बन्ध प्रगाढ हुने बताइएको छ। तथापि नरवणेको भ्रमणले नेपाल-भारतबीच देखापरेको सीमा विवाद समाधान गर्ला भन्ने आशा एकादेशको कथा हुने भएकाले सुरक्षा निकायको व्यापक परिचालन गरेर भ्रमणलाई सफल बनाउन खोजिएको राजनीतिक जानकारहरुले बताएका छन्।

उवासंघमा....

प्रवर्द्धन गर्न आफ्नो नेतृत्वको समूहको जीत आवश्यक रहेको स्पष्ट पारेका छन्। कार्यक्रममा महासंघका पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य चण्डीराज ढकालले चन्द्रप्रसाद ढकाल नेतृत्वको समूहले समावेशी रुपमा सबै पक्षलाई मिलाएर अघि बढेकाले जीत सुनिश्चित रहेको दाबी गरेका थिए।

कोरोना भाइरसको सन्त्रासको यो समयमा कतिपय पदमा भने सर्वसम्मत बनाएर मिलाएर जाने संभावना रहेको पनि महासंघमा चर्चा छ।

सडकमा....

छुट्याएको छ।

यता डिभिजन प्रमुखहरुमा पनि राम्रो र आकर्षक डिभिजनमा मस्ती गर्नेहरुमा मेघराज मरासिनी दुई पटक बुटबल सिक्सलेन सडक वीरगञ्जको रस चुसेर अहिले करिब २ अर्ब बजेट भएको मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वतमा गएका छन्। सालझण्डी-सन्धिखर्कबाट डिङ भएको छोटो समयमै जयलाल मरासिनीले बुटबलजस्तो आकर्षक डिभिजन हात पारेका छन्। बेलबहादुर भुजेल पनि सधैँ राम्रो ठाउँमा रमाउँदै गत वर्ष मदन भण्डारीमा सरुवा भई मस्ती गरेको जानकारहरुले बताएका छन्। त्यसैगरी, गुरु अधिकारी कालिगण्डकी करिडोरबाट भक्तपुर-सुर्खेत हुँदै घरपाइको सडक विस्तारमा रमाइरहेको चर्चा चलेको छ। अर्जुन बम, श्याम यादव र अशोक तिवारीलाई पनि सधैँ राम्रो र आकर्षक ठाउँमा बसेर मस्ती गरेको आरोप लागेको छ। हाल रेल विभागमा रहेका देवेन्द्र शाह पनि भाग्यमानी भित्रै पर्दछन्।

पिआइडीको....

बेलबासे तनावमा परेको जानकारहरुले बताएका छन्।

आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) को आयोजना प्रमुख हुँदा थापाले १२ अर्ब इष्टिमेटको ठेक्का गरेर सचिव बेलबासे र आफूलाई मोटो कमिशन हात पार्न सफल भएकोमा ठेक्काको फाइल आफ्नो विश्वासिलो मान्छे पठाएर कमिशन पचाउने प्रपञ्च रचेका थिए तर सफल हुन सकेनन्। सचिव बेलबासे आगामी २०७८ जेठमा अनिवार्य अवकाशमा पर्दैछन्। पिआइडीमा पठाउने आयोजना प्रमुखप्रति मन्त्री बिना मगरले चासो राखेपछि सचिवको निद्हराम र सपना भताभुङ्ग भएको समाचार स्रोतले बताएको छ।

कर्णाली प्रदेशमा मन्त्रिमण्डल पुनर्गठन गरेको भए खानेपानी मन्त्री बिना मगरको पद जाने निश्चित थियो। मेलम्चीको पानी अनिश्चित बनेको अवस्थामा मन्त्री मगर उठ्तीपुठ्तीमा सक्रिय रहने गरेको मन्त्रालय स्रोतले जानकारी दिएको छ।

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .